# कृषि अनुदानमा भएको नीतिगत व्यवस्थामा सुधार गर्न गरिएको अध्ययनको अन्तिम प्रतिवेदन

<u>प्रतिवेदन पेश गरिएको कार्यालय</u>

नेपाल सरकार

**राष्ट्रिय किसान आयोग**

कीर्तिपुर, काठमाडौं

<u>प्रतिवेदन पेश गर्ने कार्यालय</u>

**नेपाल मल्टिडाइमेन्शल कम्पनि प्रा. लि.**

कीर्तिपुर नगरपालिका-१, काठमाडौं, नेपाल

# कृषि अनुदानमा भएको नीतिगत व्यवस्थामा सुधार गर्न गरिएको अध्ययनको अन्तिम प्रतिवेदन

**नेपाल मल्टिडाइमेन्शनल कम्पनि प्राइभेट लिमिटेड**
**कृषि अनुदानमा भएको नीतिगत व्यवस्थामा सुधार गर्न गरिएको अध्ययन**

**नेपाल सरकार**
**राष्ट्रिय किसान आयोग**
**कीर्तिपुर, काठमांडौ**

यो प्रतिवेदनमा प्रस्तुत गरिएका विचार, व्यख्यात्मक टिप्पणी तथा विश्लेषण केवल यस अध्ययनमा सामेल व्यक्ति तथा अध्ययन टोलीको निजी धारणा हुन् र यसले नेपाल सरकार, राष्ट्रिय किसान आयोग वा अन्य कुनै निकाय, वा संस्था, वा कर्मचारीको आधिकारिक नीति वा स्थिति प्रतिबिम्बित गर्दैन । विश्लेषणमा गरिएका अनुमानहरू लेखक(हरू) बाहेक अरू कुनै पनि निकायको स्थितिलाई प्रतिबिम्बित गर्दैनन् र हामी सकारात्मक आलोचनामा विश्वाश गर्ने भएकाले, यी विचारहरू जहिले पनि परिवर्तन, परिमार्जन, र पुनर्विचारको अधीनमा रहनेछन । कृपया हामीलाई यी विचारको अनन्ततामा नबाधिदिनुहोला ।

## कृतज्ञता

राष्ट्रिय किसान आयोग, कीर्तिपुर, काठमाडौंको आर्थिक सहयोगमा यो अध्ययन सम्भव भएको हो। हामी अध्ययन टोलीका तर्फबाट राष्ट्रिय किसान आयोगलाई "कृषि अनुदानमा भएका नीतिगत व्यवस्थामा सुधार गर्ने सम्बन्धी अध्ययन" गर्न जिम्मा दिएकोमा धन्यवाद दिन चाहन्छौं। राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेमप्रसाद दङ्गाल, सदस्य श्री पुष्पा भुसाल, सदस्य श्री टेकबहादुर बोगटी, सदस्य श्री जीवन्ती पौडेल, सदस्य श्री मञ्जु धिमाल, विशेष गरी राष्ट्रिय किसान आयोगबाट प्रदान गरिएको सहयोगका लागि हामी हार्दिक आभार व्यक्त गर्दछौं। सदस्य श्री सूर्य प्रसाद खनाल, कार्यवाहक सदस्य सचिव श्री दुर्गा प्रसाद पण्डित, र सूचना अधिकारी शोभा ढकाल ज्यूहरूले अध्ययन विधि तथा मस्यौदा प्रतिवेदनमा सान्दर्भिक प्रतिक्रिया दिनु भई सहयोग गरिदिनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं। हामी समीक्षाकर्ताहरू र प्रमाणीकरण कार्यशाला गोष्ठिका सहभागीहरूलाई यस अध्ययन प्रतिवेदनलाई अझै माझ्नका लागि महत्वपूर्ण प्रतिक्रिया र सुझावहरू प्रदान गर्नु भएकोमा कृतज्ञता व्यक्त गर्दछौ।

यस अध्ययन प्रक्रियामा आफ्नो प्रतिक्रिया सहित सहभागी हुने सबै उत्तरदाताहरूप्रति हामी आभारी छौं। तथ्याङ्क सङ्कलनका क्रममा गणकहरूले गरेको उत्कृष्ट कार्यको लागि धेरै आभारी छौं। फिल्डमा आधारित भएर सबै गणकहरूले स्थलगत स्तरमा उत्तरदाताहरू समक्ष पुगेर तथ्याङ्क संकलनमा पुराएको योगदान प्रशंसनिय छ। साथै यस अध्ययन कार्यका लागि आवश्यक सुचना तथा जानकारी उपलब्ध गराई सहयोग गर्नुहुने कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरवार तथा बागमती प्रदेशका जिम्मेवार पदाधिकारी, भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालय, गण्डकी तथा कर्णाली प्रदेशका जिम्मेवार पदाधिकारी तथा प्रतिनिधि, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, तथा कृषि क्षेत्र विकास आयोजनाका जिम्मेवार पदाधिकारी र बागमती, गण्डकी र कर्णाली प्रदेशका अन्य सरोकारवाला प्रतिनिधिहरू प्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौ। यस अध्ययन कार्यको दौरानमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अध्ययन टोलीलाई सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद प्रकट गर्दछौ।

अन्त्यमा, अध्ययन विधि निर्माण कार्य, स्थलगत तथ्य संकलन कार्यलाई व्यवस्थित तथा मर्यादित बनाउने कार्य तथा तथ्याङ्कहरूलाई सरलीकरण, प्रविष्टि र विश्लेषणात्मक बनाउने कार्यमा सहयोग र साथ पुऱ्याउनु हुने अध्ययन टोली सदस्यहरू श्री नारायण शर्मा रिमाल र श्री आकाश कोइराला लाई धन्यवाद दिन चाहन्छौं।

........................

**प्रदिप न्यौपाने**
**टिम लिडर**
**जेठ, २०७९**

# बिषयसूची


तालिकाहरूको सूचि

चित्रहरूको सूचि

सारांश

१.परिचय ...... १

१.१ अध्ययनको पृष्ठभुमि ...... १

१.२ अध्ययनको लक्ष्य तथा उद्देश्य ...... ४

२.अध्ययन विधि ...... ४

२.१.तथ्याङ्क संकलनका लागि नमूना छनौट ...... ५

२.२.तथ्याङ्क तथा सुचना संकलन विधि ...... ५

२.२.१.विश्लेषणात्मक अध्ययन तथा समिक्षा ...... ५

२.२.२.सरोकारवालाहरूसँगको बैठक ...... ६

२.२.३.लक्षीत समूह छलफल ...... ६

२.२.४.जानिफकारसँगको अन्तर्वार्ता ...... ६

२.२.५.स्थलगत अवलोकन ...... ६

२.३.विश्लेषण विधि तथा प्रतिवेदन तयारी ...... ७

२.३.१.तथ्याङ्क तालिकीकरण ...... ७

२.३.२.अध्ययन मस्यौदा तयारी ...... ७

३.अध्ययनका सिमाहरू ...... ८

४.अध्ययनका नतिजाहरू ...... ९

४.१.नेपालमा कृषि सम्बन्धी नीतिहरूमा भएका अनुदान सम्बन्धी व्यवस्थाहरू ...... ९

४.१.१.संघ, प्रदेश तथा स्थानीय तहमा कृषि अनुदान सम्बन्धी नीतिगत व्यवस्था तथा कार्यान्वियन प्रक्रिया ...... ९

४.१.२.कृषि तथा पशुपंछी विकास मन्त्रालयमा हाल कार्यान्वयनमा रहेका अनुदान सम्बन्धी कार्यविधिहरू ...... ११

४.१.३.नेपालमा कृषि विकासका लागि अनुदान सम्बन्धी व्यवस्था ...... १२

४.१.३.१ रासायनिक मलमा अनुदान ...... १२

४.१.३.२.उन्नत बीउमा अनुदान ...... १३

४.१.३.३.मुल्य श्रृंखला विकास अनुदान ...... १३

४.१.३.४.कृषि यान्त्रिकरणमा अनुदान ...... १३

४.१.३.५.प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम ...... १४

४.१.३.६.उखु किसानलाई अनुदान कार्यक्रम ...... १५

४.१.३.७.बाली तथा पशुधन बिमाको प्रिमियम अनुदान कार्यक्रम ...... १५

४.१.३.८.कृषि पूर्वाधार विकास अनुदान कार्यक्रम ...... १५

४.१.३.९.व्यावसायिक कृषि तथा पशुपंछी कर्जामा प्रदान गरिने ब्याज अनुदान ...... १६

४.१.३.१०.अन्य अनुदान सम्बन्धी कार्यक्रमहरू ...... १६

४.१.४.कृषि विकासका लागि भारतमा रहेको अनुदान सम्बन्धी व्यवस्थाको समीक्षा ...... १७

४.२. कृषि अनुदान कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया र अवस्था ...... १७

४.३.कृषि अनुदान उपलब्ध गराउने विधिमा किसानहरूको पहुँच ...... २१

४.३.१.अनुदान वितरणका लागि अध्ययन मार्फत सिफारिस तरिकाहरू ...... २२

४.४.कृषि अनुदानमा भएका नीतिगत व्यवस्थाको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको (SWOT) विश्लेषण ...... २२

४.५.अनुदान कार्यक्रमहरूमा दोहोरोपना ...... २४

४.६.अनुदान कार्यक्रमहरूको समस्याको विश्लेषण ...... २५

५.निस्कर्ष र सुझावहरू ........ २७
५.१.निस्कर्षहरू ........ २७
५.२.सुझावहरू ........ २८
अनुसूचीहरू ........ ३०
अनुसूची १: कृषि तथा पशुपंछी मन्त्रालय अन्तर्गतका अनुदान सहयोगका केहि परियोजनाहरू र अनुदानको विधि ........ ३०
अनुसूची २: कृषि क्षेत्रमा सरकारीस्तरबाट उपलब्ध मुख्य मुख्य अनुदानहरूको संक्षिप्त बिश्लेषण ........ ३०
अनुसूची ३: अनुदान रकमको अनुपात र सीमा ........ ३२
अनुसूची ४: कृषि बिभाग तथा मातहतका कार्यालयहरूको आ.ब. २०७५/७६ को अनुदानको विवरण ........ ४०
अनुसूची ५: कृषि अनुदानग्राहीहरूको अनुदान पश्चातको अनुभव र सफलताका कथाहरू ........ ४२
अनुसूची ६: सरोकारवाला र जानिफकारसँगको अन्तर्वातामा सहभागीको विवरण ........ ४५
अनुसूची ७: समूह लक्षित बैठक तथा स्थलगत अवलोकनका सहभागीको विवरण ........ ४५
अनुसूची ८: यस अध्ययन परामर्शमा प्रयोग भएका अर्धसंरचित प्रश्नावली वा रुजुसूची ........ ४६
अनुसूची ९: स्थलगत अध्ययनका क्रममा देखिएका कृषि अनुदान सम्बन्धी तस्वीरहरू ........ ४८

## तालिकाहरूको सूचि

**तालिका नं १: तथ्य संकलनका लागि नमूना छनौट बिधि ........ ५**
**तालिका नं २: कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा हाल कार्यान्वियनमा रहेका अनुदान सम्बन्धी कार्यविधिहरू ........ ११**
**तालिका नं ३: रासायनिक मलको वार्षिक आयात खर्च, वितरण परिमाण र प्रति मे.ट. सरदर खर्चको विवरण ........ १२**
**तालिका नं. ४: विकसीत तथा विकासान्मुख राष्ट्रहरूले कृषि अनुदान सम्बन्धी गरेको व्यवस्थाबारे जानकारी ........ १७**
**तालिका नं ५: नेपाल सरकार र गै.स.सं मार्फत सञ्चालीत आयोजना र अनुदान लगानी विधि ........ २४**

## चित्रहरूको सूचि

चित्र १:विभिन्न देशमा कृषि क्षेत्रको कुल गाहर्स्थ उत्पादन को तुलनामा कृषि क्षेत्रमा लगानी स्थिति........ ३
चित्र नं २: तथ्याङ्क संकलन सम्बन्धी खाका ........ ७
चित्र३: कृषि ज्ञान केन्द्र कास्की बाट ५० % अनुदान बाट स्थापना गरिएको व्यवसायिक भैसी फर्म ........ ४८
चित्र ४: कृषि अनुदान पश्चात भईरहेको कार्य प्रगतीको अवलोकन (गण्डकी प्रदेश, कास्की)........ ४८
चित्र ५:कृषि क्षेत्र विकास परियोजनाको ५० % अनुदान सहयोगमा तयार भएको दुध संकलन केन्द्र ( उत्तरगंगा, सुर्खेत) ........ ४८
चित्र ६:भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (कर्णाली प्रदेश) ले अनुदान सहयोगमा तयार गरिएको तरकारी ब्लक (बिरेन्द्रनगर-९, तिलपुर) ........ ४८
चित्र ७:कृषि ज्ञान केन्द्र, मकवापुर को ७५ % अनुदानमा व्यवसायिक टमाटर खेति गर्न तयार भएको प्लास्टिक टनेल ........ ४८
चित्र ८:कृषि अनुदान कार्यक्रमबाट लाभान्वित कृषक समूहहरु संग कृषि अनुदानमा भएका व्यवस्थाप्रतिको बुझाई, अनुभव, अनुदानको पहुँचमा सहजताको अवस्थााका बारेमा छलफल........ ४८
चित्र ९:कृषि अनुदान कार्यक्रमबाट लाभान्वित कृषक संग कृषि अनुदानमा भएका व्यवस्थाप्रतिको बुझाई, अनुभव, अनुदानको पहुँचमा सहजताको अवस्थााका बारेमा छलफल........ ४९
चित्र १०:राक्सीराङ्ग गा.पा, मकवापुर को ७५ % अनुदानमा तयार भएको गोठ सुधार कार्यक्रम ........ ४९

## सारांश

नेपाल कृषि प्रधान देश हो । नेपालमा करिब ६०.४ प्रतिशत जनसंख्याको मुख्य आम्दानीको श्रोत कृषि रहेको र यस क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको २६.२ प्रतिशत हिस्सा ओगटेको छ (आर्थीक सर्वेक्षण, अर्थ मन्त्रालय, २०२०/२१) । मुलुकको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकरण, व्यवसायिकरण र विविधिकरण गरि किसानको हकहितको संरक्षण एवं प्रवर्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानुन, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानको हकहित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मानिर्भर बनाउन तथा नेपाल सरकारबाट स्वीकृत कृषि विकास रणनीति (सन् २०१५ - २०३५ ) ले परिलक्षित गरे बमोजिम नेपाल सरकारले एक राष्ट्रिय किसान आयोग गठन गर्नका लागि राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ गरिएको हो ।

देशमा विद्यमान रहेको जमिन र उत्पादक जनशक्तिको रूपमा रहेका किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सृजना गर्न सकिन्छ । यसका लागि कृषिको व्यवसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दै उत्पादन र रोजगारीका उपायहरू ग्रामिण क्षेत्रमा विस्तार गर्नुका साथै साना किसान उन्मुख सहकारी माध्यमबाट गरिबी न्यूनीकरण, ग्रामिण श्रमको आयमूलक उपयोग, खाद्य सुरक्षा र आयात प्रतिस्थापन गर्नु आजको आवश्यकता बनेको छ । विकसित देशहरूको कृषि क्षेत्रको कुल आय (AGDP) को २ देखि ७५ प्रतिशत सम्म पनि लगानी गर्ने गरेको पाईन्छ तर नेपाल जस्तो अल्पविकशित देशले न्यून बजेट मात्र कृषि क्षेत्रमा लगानी गरेको ।

प्रस्तुत अध्ययनका उद्देश्यहरूले माग गरेअनुसार मिश्रित अध्ययन विधिको अवलम्बन गरी सूचना सङ्कलन र विश्लेषण गरिएको थियो । कृषि अनुदान सम्बन्धी नीति निर्माता, नीतिगत दस्तावेज, कार्यान्वयन निकाय र कार्यान्वयन तहका सरोकारवालाहरू सूचनाका मुख्य स्रोत थिए । यो अध्ययनका लागि विशेषतः अन्वेषण विधि अवलम्बन गरिएको थियो । अन्वेषण बिधिमा मुख्यतः गुणात्मक सुचनाहरू संकलन गरि सो सुचनाहरूको विश्लेषण मार्फत उद्देश्य परिपुर्ती गर्ने गरिन्छ । गुणात्मक सुचना संकलन कार्यका लागि अध्ययनको दौरानमा सबै सुचनाहरूलाई गहनरूपमा फिल्ड नोटका रूपमा टिपोट गरिएको थियो । गुणात्मक सूचनाहरूलाई लिपिबद्ध गरी विभिन्न शीर्षक, उप-शीर्षक पहिचान गरी ती शीर्षक उपशीर्षकमा सूचनाहरूलाई व्यवस्थित गरीएको थियो । यसरी संकलन गरिएका सुचनाहरूको पुष्टियाईका लागि प्रादेशिक तथा स्थानिय तहमा समूह केन्द्रित छलफल, मूख्य जानकारीकर्ताको अन्तरवार्ता, सरोकारवालाहरूको बैठक तथा स्थलगत अवलोकन मार्फत थप सुचनाहरू संकलन गरि यो अध्ययनलाई प्रभावकारी दस्ताबेजकारूपमा प्रस्तुत गर्न खोजिएको थियो ।

कृषि विकासका क्षेत्रमा काम गर्ने कृषक तथा संघ संस्थाहरूलाई अनुदान दिने सम्बन्धी कार्यक्रम, प्रकिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन, अनुदान वितरण प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, प्रभावकारिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट अधिकतम प्रतिफल हासिल गर्न अनुदानग्राहीहरूलाई अनुदान दिने प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने सम्वन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विभिन्न कार्यविधि तथा निर्देशिका तयार गरेको छ । संघिय सरकारले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण गर्ने र सो कार्यक्रम संचालन सम्वन्धी कार्यविधि तयार गर्ने गरेको छ ।

कृषि क्षेत्र श्रममा बढी निर्भर रहनुपर्ने, कृषि पेसा कम प्रतिस्पर्धी हुने, कृषि उत्पादनलाई मौसम, रोग, किराले असर गर्ने, खाद्यान्न उत्पादनमा अत्यन्तै संबेदनशिल क्षेत्र भएकोले यसमा संग्लन कृषकहरूलाई कृषि क्षेत्रमा टिकाई राख्नको लागि, उत्पादन बढाउनको लागि, उत्पादकत्व वृद्धिको उद्देश्यको लागि, नयाँ कृषि प्रबिधिहरू उपयोगमा प्रोत्साहन गर्नको लागि, खाद्य सुरक्षा तथा गरिबी निवारणको लागि र आर्थिक वृद्धिको उद्देश्य पुरा गर्नको निमित्त कृषि क्षेत्रमा अनुदान अपरिहार्य रहेको छ । त्यसै गरी कृषिलाई व्यावसायिकरण तर्फ लैजान को लागि विभिन्न पुर्वाधार र मेशिनरी सामाग्रीहरू आवश्यक पर्ने हुन्छ र यसको निमित्त ठुला पुर्वाधारमा लगानीको आवश्यकता हुन्छ । तसर्थ, सरकारी स्तरबाट आवश्यक लगानी गरी निजि उद्यमी, कृषि व्यवसायी, कृषक समूह, कृषि सहकारीलाई समेत यस्ता पुर्वाधार विकासतर्फ आकर्षीत गर्नको लागि समेत अनुदानका कार्यक्रमहरू राज्यले संचालन गर्नुपर्ने हुन्छ । विश्व ब्यापार संगठनको सदस्य राष्ट्र भईसकेपछि अन्तराष्ट्रिय बजारमा नेपाली कृषि उद्यमीहरूको पहुँच सुदृढीकरण गर्न एवं आन्तरिक कृषि उद्योग व्यवसायको संरक्षण गर्न समेत अनुदानको आवश्यक पर्दछ । जनताको

खाद्य सुरक्षाको हकलाई सुरक्षित गर्न तथा उत्पादनमुलक क्षेत्रहरूमा प्रतिस्पर्धात्मक क्षमता वृद्धिका लागि समेत कृषि क्षेत्रमा सरकारी अनुदानको आवश्यकता पर्दछ । त्यसैगरि जोखिममा परेका वर्गहरू जस्तैः भूमिहीन, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक समुदायको खाद्य तथा पोषण सुरक्षा र कृषि औधोगिकरणको माध्यमबाट आर्थिक रुपान्तरण गरी स्वदेशि पूंजी निर्माण गर्न समेत अहिलेको अवस्थामा कृषि क्षेत्रमा अनुदानको आवश्यकता देखिन्छ ।

कृषि कर्मलाई सहजीकरण र उत्पादन लागत घटाउनका लागि बाली लगाउनेदेखि बजारीकरणका विविध कार्य सञ्चालनको लागि आवश्यक ठूला तथा साना कृषि मेसिनरी तथा उपकरणहरू कम्वाइण्ड थ्रेसर, पावर टिलर, मिनी टिलर, रोटाभेटर, लेजरल्यान्ड लेभलर, रिपर, आलु रोप्ने, मकै गोड्ने मेसिन, अर्थ अगर, विद्युतीय स्प्रेयर, कम्वाइण्ड मिल, फलफूल प्रशोधनमा प्रयोग गरिने उपकरण/मेशिन जुस एक्सट्याक्टर, फल टिप्ने भऱ्याङ, सिकेचर, डिजिटल बैंक ब्यालेन्स, मोहनी पासो, लुपर आदि ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको छ । परियोजना कार्यान्वयन एकाइ अन्तर्गत सुपरजोन, जोनहरूमा व्यावसायिकरणका लागि आवश्यक पूर्वाधारहरू पोष्ट हार्भेष्ट सेन्टर, प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिङ, प्रि-कुलिङ, तौलाई, प्याकेजिङ, लेवलिङ, ढुवानी, प्रदर्शन तथा बिक्री कक्ष/स्टल लगायतका उत्पादनोपरान्त उपज व्यवस्थापन/ह्याण्डलिङ तथा बजार व्यवस्थापन रहेका छन् । अन्य पूर्वधारहरूमा प्रशोधन उद्योग, चिप्स उद्योग, सोलार ड्रायर, आधुनिक अलैंची भट्टी, कृषिमार्ट स्थापना सहयोग, प्राङ्गारिक मल कारखाना स्थापना सहयोग र साना ढुवानी साधनको लागि (ट्र्याक्टर, सिङ्गल क्याविन जीप, पिकअप आदि) बढीमा ८५ प्रतिशत अनुदानमा परियोजना कार्यान्वयन एकाइ र सम्बन्धित सञ्चालन समन्वय समितिसँगको सम्झौता वा बैठकको निर्णयको आधारमा उपलब्ध गराइएको छ । साना सिँचाइ कुलो मर्मत, पानी सङ्कलनका लागि सिमेन्टेड तथा प्लाष्टिक पोखरी निर्माण, पक्की पोखरी निर्माण, थोपा सिँचाइ प्रणाली स्थापना, कुलो मर्मत, स्यालो ट्यूववेल, बाँध, पानी तान्ने मोटर र पम्प, पाइप, लिफ्ट सिँचाइ लगायतका साना सिँचाइ सम्बन्धी पूर्वाधार तथा मेसिनरीहरू र सौर्य उर्जामा आधारित सिँचाइ प्रणाली जडान अनुदान सहयोग बढीमा ८५ प्रतिशत अनुदान सहयोगमा उपलब्ध गराइएको छ । परियोजना कार्यान्वयन एकाइ अन्तर्गत तरकारी तथा फलफूल बालीका सुपरजोन र जोनहरूमा स्वस्थ र गुणस्तरीय बिरूवा उत्पादनका लागि सरकारी-निजी-सहकारी/समूहको साझेदारीमा जोन, सुपरजोन क्षेत्रमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गर्ने कार्यक्रम परियोजनाको ५० प्रतिशत अनुदानमा पूर्वाधार निर्माण गर्ने व्यवस्था रहेको छ । परियोजनाको मूल दस्तावेजमा यस परियोजनाको प्रमुख रणनीतिको रूपमा रहेको कृषि अनुसन्धान-शिक्षा-प्रसारको सम्बन्धको समन्वय तथा आधुनिकीकरण गर्ने व्यवस्था बमोजिम परियोजनाका जोनहरूमा कृषि प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालनका लागि चालु अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ ।

अहिले भइरहेको अनुदान कार्यक्रमको सामान्यतया उद्देश्य कृषिको व्यवसायिकरण गर्ने रहको छ, जुन कुरा आफैमा अपूर्ण रहको छ । एउटा कुनै अनुदानको कार्यक्रमबाट यस्तो बृहत उद्देश्य हासिल गर्ने भन्ने कुरा वाास्तविकतामा परिणत हुन सहज हुदैन । अहिलेको अनुदान कार्यक्रमहरू मापनयोग्य उद्देश्य प्राप्तिमा कमै मात्र परिलक्षित भएको पाईएको छ । अनुदानको मूल समस्या अनुदान कार्यक्रम संचालन गर्ने निकायको स्पष्ट दृस्टीकोण नहुनुलाई लिन सकिन्छ । तसर्थ कुनै पनि अनुदान कार्यक्रमको योजना बनाउदा उद्देश्य किटान हुन जरुरि हुन्छ । यसो हुनसकेमा उक्त उद्देश्य प्राप्तिका लागि कुन कुन योजनामा कसरी अनुदान उपलब्ध गराउन सकिन्छ भन्ने कुराको निक्र्योल गर्न सकिन्छ ।

सरकारले कृषि क्षेत्रको लगानीको कुरा गर्दा खाद्य तथा पोषण सुरक्षाको लागि आधारभूत आवश्यकताको बस्तुहरू उन्नत/बिउ, मलखाद, सिंचाई, कृषि सडक, बजार पुर्वाधार विकास जस्ता कार्यक्रमहरूमा विशेष ध्यान दिनुपर्दछ भने व्यवसायिक उत्पादन गर्न चाहने किसानहरूको लागि लगानी मैत्री बातावरण (न्युन ब्याजदरमा सुलभ कृषि ऋण, कृषि बिमा, कृषि सामाग्रीको सुलभ उपलब्धता) तयार गरिदिने तर्फ ध्यान दिनु आवश्यक छ ।

समग्रमा हेर्दा हाल कृषि विकासको लागि भएको व्यवस्था/प्रयासहरू नराम्रो भन्न सकिदैन तर यसको कार्यन्वयन पक्षमा भएको कमजोरीले गर्दा अधिकतम प्रतिफल लिन नसकिएको भने पक्कै हो । तसर्थ कर्मचारी होस् वा नीतिगत तहमा बस्ने उच्च पदाधिकारी सबैले हाम्रो भन्दा राम्रो काम गर्ने सोचका साथ काम गर्ने हो भने देशको खाद्य तथा पोषण सुरक्षा मात्रै हैन कृषिमा युवा आकर्षण र कृषिको व्यवसायिकरण, विविधिकरण  र सम्भाव्यता भयका केहि बालीहरूको निर्यात प्रबर्धन समेत हासिल गर्न सकिन्छ ।

# १.परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

नेपाल कृषि प्रधान देश हो। नेपालमा करिब ६०.४ प्रतिशत जनसंख्याको मुख्य आम्दानीको श्रोत कृषि रहेको र यस क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको २६.२ प्रतिशत हिस्सा ओगटेको छ ( आर्थीक सर्वेक्षण, अर्थ मन्त्रालय, २०२०/२१) । नेपालको कुल जनसंख्याको करिब दुई तिहाई कृषिमा आबद्ध भए तापनि विकासका कार्यक्रमहरूमा कृषि क्षेत्रले अपेक्षित रूपमा प्राथमिकता पाउन सकेको छैन ।

मुलुकको अर्थतन्त्रको  मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकरण, व्यवसायिकरण  र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानुन, नीति तथा योजना तर्जुमा साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानको हकहित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मानिर्भर बनाउन नेपाल सरकारबाट स्वीकृत कृषि विकाश रणनीति (सन् २०१५-२०३५) ले परिलक्षित गरे बमोजिम नेपाल सरकारले राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ जारी गरेको छ । आयोगको कार्याक्षेत्र अनुसार आयोगले नेपाल सरकारले जारी गरेका बिद्यमान नीति, ऐन, नियम किसानमैत्री रहेको वा यसमा नीतिगत भिन्नता (Policy Gap) को सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने कार्य गरिरहेको छ ।

नेपाल सरकारबाट कृषिलाई आकर्षित पेशाको रूपमा विकासगरी कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरणमा प्राथमिकता दिनको लागि प्रत्येक वर्ष कृषि क्षेत्रमा व्यवसाय सुरुवात तथा विस्तारका लागि अनुदान दिदै आइरहेको छ तर पनि कृषि व्यापार घाटा दिनानुदिन बढ्न गई अर्बौ रुपैया बाहिरिएको छ । कृषिको व्यवसायिकरणका लागि सिंचाई, मलखाद, उन्नत बीउ/नश्ल, सहज कर्जा प्रवाह, कृषि सडक, यान्त्रिकरण, सितभण्डार र बजार जस्ता आधारभूत पुर्वाधारहरूको विकाश र विस्तार अति आवश्यक छ । नीतिगत रूपमा उत्पादन सामग्रीमा अनुदान, सस्तो र सुलभ ऋण, सबै किसानलाई प्राविधिक सेवा, सबै बाली वस्तुको बिमा, न्युनतम वचतको ग्यारेन्टी गरी अनुदानको सदुपयोग गर्न नपाईरहेको गुनासो व्यापक रूपमा आउने गरेको छ। तसर्थ यस्तो संवेदनशील कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारीत बनाउन आवश्यक देखिन्छ ।


नेपाल विश्व व्यापार सङ्गठन (WTO) तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भएपश्चात् त्यस्तो राष्ट्रका हैसियतले कृषि तथा पशु विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै कृषि तथा पशुपंक्षी विकासका कार्यहरू गर्नुपर्ने देखिन्छ। त्यस्तै दिगो विकासको भोक अन्त्य, खाद्य र पोषण सुरक्षा जस्ता लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको ठुलो भूमिका रहन्छ । कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा सार्वजनिक, निजी साथै सहकारी क्षेत्रको लगानी समुचित रूपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना पनि प्रशस्तै छन्। यसबाट देशको आर्थिक वृद्धिमा योगदान मात्र नभई समावेशी रूपमा आर्थिक वृद्धिको प्रतिफल जनताहरूमा पुर्याउन सकिने अवसर पनि रहेको छ । सहकारी पद्धतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु सहकारीको मुख्य उद्देश्य हो । गरिबी निवारण, उत्पादक, पूर्ण रोजगारी सिर्जना, सामाजिक एकिकरण र वातावरण संरक्षणमा सहकारी उद्योग व्यवसायको योगदान महत्वपूर्ण रहेको छ। नेपालको संविधान अनुसार सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक प्रयोग गर्ने र कृषि तथा भूमि सुधार सम्बन्धी नीति अवलम्वन गरी भूमि व्यवस्थापन, भूमि प्रशासन, जग्गा नापजाँच, भूमि सुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमनको आवश्यकता रहेको छ ।

प्रथम पञ्चवर्षीय योजना (वि.स.२०१३) देखि वर्तमान पन्धौं आवधिक योजना (आ.व.२०७६/७७ देखि २०८०/८१) सम्म निरन्तर रूपमा कृषि क्षेत्रको विकास तथा प्रवर्द्धनको लागि बजेट तर्जुमा गरी विभिन्न योजना, अनुदान तथा कार्यक्रमहरू सञ्चालन गरिएको भएता पनि बजेट अनुरूप कृषि क्षेत्रले उल्लेखनीय प्रगति गर्न सकेको छैन । कृषि क्षेत्रमा विद्यमान विभिन्न समस्याहरू जस्तै; उन्नत बीउको न्यून प्रतिस्थापन दर, जमिनको तीव्र खण्डीकरण, परम्परागत खेती प्रणाली, बढ्दो शहरीकरण, सानो उत्पादन परिमाण, बाली उत्पादनोपरान्त प्रविधिको अभाव, उत्पादित कृषि उपजलाई बजारको पहुँचमा समस्या, अपर्याप्त सिँचाइ सुविधा, कृषि मजदुरको कमी, जलवायु परिवर्तन आदिले गर्दा मानिसहरू कृषि क्षेत्रबाट क्रमशः विमुख हुँदै गैहृकृषि पेशातर्फ आकर्षित हुन थालेका छन् ।

कृषि क्षेत्र श्रममा बढी निर्भर रहनुपर्ने, कृषि पेसा कम प्रतिस्पर्धी हुने, कृषि उत्पादन लाई मौसम, रोग, किराले असर गर्ने, खाद्यान्न उत्पादनमा अत्यन्तै संबेदनशिल क्षेत्र भएकोले यसमा संग्लन कृषकहरूलाई कृषि क्षेत्रमा टिकाई राख्नको लागि, उत्पादन बढाउनको लागि, उत्पादकत्व वृद्धिको उद्देश्यको लागि, नयाँ कृषि प्रबिधिहरू उपयोगमा प्रोत्साहन गर्नको लागि, खाद्य सुरक्षा तथा गरिबी निवारणको लागि र आर्थिक वृद्धिको उद्देश्य पुरा गर्नको निमित्त कृषि क्षेत्रमा अनुदान अपरिहार्य रहेको छ। त्यसै गरी कृषिलाई व्यवसायिकरण तर्फ लैजानको लागि बिभिन्न पुर्वाधार र मेशिनरी सामाग्रीहरू आवश्यक पर्ने हुन्छ र यसको निमित्त ठुला पुर्वाधारमा लगानीको आवश्यक हुन्छ । तसर्थ, सरकारी स्तरबाट आवश्यक लगानी गरी नीजि उद्यमी, कृषि व्यवसायी, कृषक समूह, कृषि सहकारीलाई समेत यस्ता पुर्वाधार विकासतर्फ आकर्षीत गर्नको लागि समेत अनुदानका कार्यक्रमहरू राज्यले संचालन गर्नुपर्ने हुन्छ । विश्व व्यापार संगठनको सदस्य राष्ट्र भईसकेपछि अन्तराष्ट्रिय बजारमा नेपाली कृषि उद्यमीहरूको पहुँच सुदृढीकरण गर्न एवं आन्तरिक कृषि उद्योग व्यवसायको संरक्षण गर्न समेत अनुदानको आवश्यक पर्दछ । जनताको खाद्य सुरक्षाको हकलाई सुरक्षित गर्न तथा उत्पादनमुलक क्षेत्रहरूमा प्रतिस्पर्धात्मक क्षमता वृद्धिका लागि समेत कृषि क्षेत्रमा सरकारी अनुदानको आवश्यक पर्दछ। त्यसै गरी जोखिममा परेका वर्गहरू जस्तैः भूमिहीन, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक समुदायको खाध तथा पोषण सुरक्षा र कृषि औधोगिकरणको माध्यमबाट आर्थिक रुपान्तरण गरि स्वदेशि पूंजी निर्माण गर्न समेत अहिलेको अवस्थामा कृषि क्षेत्रमा अनुदानको आवश्यकता देखिन्छ। यसै कुरालाई मध्यनजर गरेर सरकारले विभिन्न स्वरूपमा कृषि क्षेत्रमा अनुदानका कार्यक्रमहरू संचालनमा ल्याएको छ। कृषि पर्यटन मार्फत ग्रामीणस्तरमा रोजगारीका अवसर सृजना तथा कृषिमा व्यवसायिकरण मार्फत स्वरोजगारको अवसर सुनिश्चितता गर्दै देशलाई समष्टिगत रूपमा खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूती गराउनुको साथै देशमा उपलब्ध प्राकृतिक स्रोत र जैविक विविधताको समुचित विकास गर्न कृषि क्षेत्रमा अनुदान को आवस्यकता देखिन्छ। यसै सन्दर्भमा वास्तविक किसानले अनुदानको सदुपयोग गर्न पाउने वातावरणका लागि अनुदानका सम्पूर्ण कार्यक्रमहरूलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारित बनाउन अत्यावश्यक भएकोले यो अध्ययन कार्य मार्फत कृषि अनुदानमा भएको नीतिगत व्यवस्थामा के कस्ता समय सान्दर्भिक सुधारहरू गर्न सकिन्छ भन्ने सुझावहरू सहितको दस्तावेज प्रस्तुत गर्ने जमर्को गरिएको हो ।

**विभिन्न देशहरूमा अवलम्बन गरिएका कृषि अनुदानका अभ्यास**

नेपाल भर्खरै परम्परागत कृषिबाट व्यवसायिक उत्पादनमुखी तथा आधुनिकीकरण तर्फ लम्कँदै गरेको छ । अहिलेको स्थितिलाइ हेर्दा कृषि क्षेत्रबाट हुने आयले किसानहरूलाई जीविकोपार्जन गर्न कठिन छ । तसर्थ कृषि क्षेत्रलाइ करमुक्त क्षेत्रको रूपमा लिईएको छ । तर पनि विदेश बाट हुने कृषि उपज आयातमा लाग्ने कृषि सेवा शुल्क, मूल्य अभिबृद्धि कर तथा देशभित्रै कृषि व्यवसायबाट हुने आम्दानीमा लाग्ने आयकर जस्ता क्षेत्रबाट केहि आम्दानी हुन्छ तैपनि कृषि क्षेत्रमा लगानीको आवश्यकतालाई हेर्दा यो नगण्य नै हुन्छ।तर सडक, खानेपानी, शिक्षा, स्वास्थ्य क्षेत्रहरूमा लगानी गर्न यथेस्ट श्रोत नभएको कारण राज्यले उठाउने करहरू तिनै क्षेत्रमा बढी लगानी हुन्छ र कृषि क्षेत्र प्राथमिकतामा पर्ने गरेको छैन । नेपालको छिमेकी मुलुकहरू र अन्य विकसित देशहरूले कृषि क्षेत्रमा प्रशस्त लगानी गरेको पाइन्छ । चिन, जापान, दक्षिण कोरिया जस्ता विकसित देशहरूको कृषि क्षेत्रबाट आम्दानी हुने आधा भन्दा बढी राजस्व कृषि क्षेत्रमा नै पुनः लगानी गर्ने गरेको पाईन्छ तर नेपालमा भने धेरै कम मात्र लगानी भएको पाइन्छ ।




चित्र १:विभिन्न देशमा कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादन को तुलनामा कृषि क्षेत्रमा लगानी स्थिति

## भारत र चिनमा कृषि क्षेत्रको विकासमा भएको लगानी

भारत र चिन दुवै देशले १९५० पछि कृषि क्षेत्रमा अनुदान दिंदै आएका छन जसले गर्दा दुवै देशले खाद्य सुरक्षामा अभूतपूर्व उन्नति गरेका छन । WTO मा प्रवेश गरेसँगै दुवै देशले कृषिको क्षेत्रमा धेरै उन्नति गरेका छन तर चिन भारत भन्दा धेरै अघि रहेको छ । चिनमा सरकारले किसानहरूलाई विभिन्न किसिमका अनुदान सहयोग दिंदै आएको छ । सन् २०१५ मा चिन सरकारले यु.एस.डलर २४८ बिलियन कृषि अनुदानमा खर्चेको थियो । तर अनुदानको कारण केहि कृषि उत्पादनहरू (भटमास , मकै , उखु , कपास ) आवश्यकता भन्दा बढी उत्पादन भएको कारण सन् २०१६ बाट मकै उत्पादनमा अनुदान बन्द गरिएको छ तर धान तथा गहुँमा अनुदान यथावत नै छ । चिनिया खाद्यन्न किसानहरूले पाउने कुल मूल्यको करिब ७ देखि १५ प्रतिसत अनुदानको रकम हुने गरेको छ । सन् २०१२ चीनको कृषि क्षेत्रको लगानी ९२ बिलियन डलर थियो जुन कृषि उत्पादनको ९ प्रतिसत रहेको थियो । सन् २०११ मा चिनले ७५ बिलियन डलर कृषि अनुदानमा खर्च गरेको थियो जुन प्रति टन खाद्यान्न १२७ डलर रहेको थियो । छिमेकी देशहरूको तुलनामा नेपालको अर्थतन्त्र धेरै सानो छ र अनुदान पनि धेरै कम छ । तसर्थ नेपालको कृषि क्षेत्रमा सरकारको सहयोग नहुने हो भने नेपाली कृषकहरू दुवैतिरको चपेटामा परि धराशायी नै हुने अवस्था देखिन्छ ।

## भारत सरकारले कृषि क्षेत्रको विकास विस्तारमा अवलम्बन गरेको नीतिहरू

- न्युनतम समर्थन मूल्य
- कृषि बजार पुर्वाधार विकास
- अपरेसन ग्रीन (आलु , प्याज र गोलभेंडा)
- क्लस्टरमा खेति गर्ने
- कृषि वस्तु प्रशोधन तथा निर्यात प्रवर्द्धन
- मत्स्य तथा पशुपालन प्रवर्द्धन
- कृषि ऋणको व्यवस्था/किसान क्रेडिट कार्डको व्यवस्था
- मलमा अनुदान (३ खर्ब भारतीय रुपियाँ )
- आयातमा शुल्क वृद्धि
- भारतमा कमिसन फर एग्रिकल्चर प्राईस नामक आयोग नै गठन भएको छ ।

## चिन सरकारले कृषि क्षेत्रको विकास विस्तारमा अवलम्बन गरेको नीतिहरू

- कृषि तथा भुमि करमा छुट
- उत्पादकलाई प्रत्यक्ष भुक्तानी
- कृषि सामग्रीमा प्रत्यक्ष अनुदान
- उन्नत बीउ खरिदको लागि नगद अनुदान वा नगद ट्रान्सफर
- कृषि यान्त्रिकरणको लागि अनुदान (नेपाली १ लाख देखि ५ लाख सम्म )
- कृषि बिमामा अनुदान
- उन्नत नश्लको पशुवस्तुको लागि कृतिम गर्भाधान तथा साँढे खरिदमा अनुदान
- कृषि विकास अनुदान
- भुमि सुधार
- तरकारी उत्पादन क्षेत्रलाइ अनुदान
- आयकर छुट
- भण्डारणमा अनुदान
- मूल्य अभिबृद्धिकर छुट
- चरण संरक्षण
- साना सिंचाई पूर्वाधार विकास
- ग्रेन फर ग्रीन
- खाद्य सुरक्षा कोष

### १.२ अध्ययनको लक्ष्य तथा उद्देश्य

यस अध्ययनको मुख्य लक्ष्य कृषि क्षेत्र अन्तर्गत कृषि व्यवसाय प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह मार्फत उपलब्ध गराइने अनुदानहरूलाई व्यवस्थित, पारदर्शी र प्रतिफलमा आधारित बनाउन वर्तमान कृषि नीतिहरूमा व्यवस्था गरिएका अनुदान सम्बन्धी ऐन, नीति, नियम र कानुनहरूको अध्ययन गरी त्यसबाट सबै किसानहरूले फाइदा लिन सक्ने गरी आवश्यक परिमार्जनका लागि ठोस सुझाव दिने रहेको छ ।

**अध्ययनका उद्देश्यहरू:**

१) संघ, प्रदेश र स्थानिय तहमा कृषि अनुदान सम्बन्धी नीतिहरूमा रहेको व्यवस्थाहरूको अध्ययन गर्ने ।

२) उक्त नीतिहरूको कार्यान्वयन तरिका र त्यसबाट सबै वर्गका किसानहरूले फाइदा लिन सके नसकेको अध्ययन गर्ने ।

३) अनुदान उपलब्ध गराउने विधिमा वास्तविक किसानहरूको सहज रूपमा पहुँच पुग्न सके वा नसकेको अध्ययन गरि परिमार्जनका लागि ठोस सुझाव दिने ।

४) उक्त नीतिहरूको कार्यान्वयनमा रहेका सबल, दुर्बल, अवसर, र चुनौतीको (SWOT) विश्लेषण गरी आवश्यक परिमार्जनको लागि ठोस सुझाव दिने ।

५) कृषिका विभिन्न क्षेत्रहरूमा संघ, प्रदेश र स्थानीय तहबाट प्रदान गरिदै आएका अनुदानहरूको पुनरावलोकन गरी यो सुविधामा दोहोरो नपर्ने व्यवस्थाका लागि आवश्यक सुझाव दिने ।

## २.अध्ययन विधि

प्रस्तुत अध्ययनका उद्देश्यहरूले माग गरेअनुसार मिश्रित अध्ययन विधिको अवलम्बन गरी सूचना सङ्कलन र विश्लेषण गरिएको छ । कृषि अनुदान सम्बन्धी नीति निर्माता, नीतिगत दस्तावेज, कार्यान्वयन निकाय र कार्यान्वयन तहका सरोकारवालाहरू सूचनाका मुख्य स्रोत थिए । यो अध्ययनका लागि विशेषत: अन्वेषण विधि अवलम्बन गरिएको

थियो। अन्वेषण विधिमा मुख्यतः गुणात्मक सूचनाहरू संकलन गरी सो सूचनाहरूको विश्लेषण मार्फत कार्य गरिएको छ । गुणात्मक सुचना संकलन कार्यका लागि अध्ययनको दौरानमा सबै सुचनाहरूलाई गहनरूपमा फिल्ड नोटकारूपमा टिपोट गरिएको थियो । गुणात्मक सूचनाहरूलाई लिपिबद्ध गरी विभिन्न शीर्षक, उप-शीर्षक पहिचान गरी ती शीर्षक उप-शीर्षकमा सूचनाहरूलाई व्यवस्थित गरीएको थियो । अन्वेषण विधिका विभिन्न पद्धति मार्फत संकलित सुचनाहरूलाई थप पुष्टि गर्न परिमाणात्मक तथ्याङ्कहरूको समेत प्रयोग गरिएको थियो । आवश्यक सुचना तथा तथ्याङ्कहरू दुई चरणमा संकलन गरिएको थियो । प्रथम चरणमा कृषि अनुदानमा भएका नीतिगत व्यवस्था सम्बन्धी दस्तावेज (अध्ययन प्रतिवेदन, प्रकाशित सामाग्री) को विश्लेषणात्मक अध्ययन एंव समिक्षा गरिएको थियो भने सोहि सन्दर्भमा सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीहरूसँगको परामर्श बैठक मार्फत समेत आवश्यक सुचना संकलन गरिएको थियो । यसरी संकलन गरिएका सुचनाहरूको पुष्टियाईका लागि प्रादेशिक तथा स्थानीय तहमा समूह लक्षित छलफल, मुख्य जानिफीकारसँगको अन्तरवार्ता, सरोकारवालाहरूको बैठक तथा स्थलगत अवलोकन मार्फत थप सुचनाहरू संकलन गरी यो अध्ययनलाई प्रभावकारी दस्ताबेजका रूपमा प्रस्तुत गर्न खोजिएको थियो । गुणात्मक तथा परिमाणात्मक अध्ययन विधिको परम्परामा निर्धारित उद्देश्यहरू र सूचनाको स्वरूपमा आधारित भई तथ्याङ्क/सूचनाबाट अर्थ निर्माण गर्ने, व्याख्या विश्लेषण गर्ने र प्रस्तुतीकरण गर्ने जस्ता कामहरू गरी यो अध्ययन प्रतिवेदन तयार पारिएको हो ।

## २.१.तथ्याङ्क संकलनका लागि नमूना छनौट

कृषि अनुदानमा भएका नीतिगत व्यवस्था सम्बन्धी अध्ययन कार्यका लागि संघीय तहमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र अन्तर्गतका निकाय, प्रादेशीक तहमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (कर्णाली प्रदेश) र अन्तर्गतका निकाय तथा विशिष्ट परियोजना, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय (गण्डकी प्रदेश) र अन्तर्गतका निकाय तथा विशिष्ट परियोजना तथा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय (बागमती प्रदेश) र अन्तर्गतका निकाय तथा विशिष्ट परियोजना र स्थानीय तहमा सम्बन्धित शाखा मातहतका सरोकारवाला पदाधिकारीहरूसँग जम्मा ९ वटा बैठक तथा छलफल गरियो । साथै स्थलगत तथ्य संकलनका लागि जम्मा ३ वटा समूह लक्षित छलफल, जम्मा ९ वटा जानिफकारसँगको अन्तरवार्ता र जम्मा ५ ठाँउको स्थलगत अवलोकन गरिएको थियो । अधिकतम मात्रामा कृषि अनुदानका कार्यक्रम सञ्चालन भएका प्रदेश तथा स्थानिय तह र सम्बन्धित निकायको सुचनाका आधारमा सहकारी, कृषक समुह, अनुदान प्राप्त किसानहरूको समानुपातिक प्रतिनिधित्व हुने गरी तथ्य संकलनका लागि नमूना छनौट गरिएको थियो ।

**तालिका नं१ः तथ्य संकलनका लागि नमूना छनौट बिधि**

| तथ्य तथा सुचना संकलन विधि | छनौट गरिएका प्रदेश | | | जम्मा नमूना संख्या |
|---|---|---|---|---|
| | बागमती | गण्डकी | कर्णाली | |
| सरोकारवालाहरूसँगको बैठक | ३ | ३ | ३ | ९ |
| लक्षीत समूह छलफल | १ | १ | १ | ३ |
| जानिफकारसँगको अन्तरवार्ता | ३ | ३ | ३ | ९ |
| स्थलगत अवलोकन | २ | २ | १ | ५ |

## २.२.तथ्याङ्क तथा सुचना संकलन विधि

### २.२.१.विश्लेषणात्मक अध्ययन तथा समिक्षा

यस प्रक्रियाले संघीय, प्रादेशिक, र स्थानिय तहहरूमा कृषि अनुदान सम्बन्धी नेपाल सरकारका नीति, ऐन, नियम, तथा निर्देशिकाहरूको विश्लेषणात्मक समिक्षा समावेश गर्दछ । यसका लागि आवश्यक दस्तावेज, अध्ययन प्रतिवेदनहरू तथा प्रकाशनहरूको सान्दर्भिक मुख्य क्रियाकलापहरूको विश्लेषण र सम्बन्धित सरोकारवाला निकायहरूसँगको बैठक मार्फत पहिचान र प्राप्त गरी समिक्षा गरिएको थियो । यो समिक्षा मार्फत कृषि अनुदान सम्बन्धी विद्यमान नीति, ऐन, तथा कानुनको परिधि अर्न्तगत रहेर हालको संघीय, प्रादेशिक, र स्थानिय तहहरूले अपनाइरहेको कृषि अनुदान वितरण प्रक्रियाका बारेमा जानकारी तथा सुचना संकलन गरिएको थियो । विश्लेषणात्मक अध्ययन तथा समिक्षाका क्रममा कृषि अनुदानमा भएका नीतिगत व्यवस्था, कार्यविधि, कार्यान्वयन प्रक्रिया तथा मापदण्ड, सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीको समिक्षा गरी आवश्यक सुचनाहरू संकलन गरी आवश्यक व्याख्या, विश्लेषण र प्रस्तुतीकरण गरिएको हो ।

### २.२.२.सरोकारवालाहरूसँगको बैठक

यो अध्ययन विधि मार्फत हालको विद्यमान नीति, ऐन र कानुनका आधारमा कृषि अनुदान कार्यान्वयन प्रक्रियालाई सबै तहका किसानहरूलाई पहुँच योग्य बनाउन नीतिगत व्यवस्थामा गरिनु पर्ने सुधार वा परिमार्जनको बुदाँ गतरूपमा विश्लेषण गरि गुणात्मक तथ्याङ्कको पुरक सुचनाकारूपमा अध्ययन गरिएको छ । बागमती, कर्णाली, र गण्डकी प्रदेशमा गरी जम्मा ९ वटा बैठक सञ्चालन गरिएको थियो । यो विधि अर्न्तगत कृषि अनुदानका क्षेत्रमा काम गर्ने महत्वपूर्ण सरोकारवालाहरूसँग बैठक आयोजना गरी अध्ययनका उद्देश्य परिपुर्ती हुने अनुरुपका अर्धसंरचित अन्तरवार्ता मार्फत सूचनाहरू संकलन गरी विश्लेषण गरिएको हो । यो विधि मार्फत संधीय तहमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विभाग, प्रादेशिक तहमा भुमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्र र स्थानिय तहमा सम्बन्धित शाखाका सरोकारवाला पदाधिकारीहरूसँग बैठक तथा छलफल गरी सुचना संकलन गरिएको थियो । यो सँगसँगै सम्बन्धित शाखाका सरोकारवाला पदाधिकारीहरू मार्फत कृषि अनुदान सम्बन्धी अन्य थप जानकारी तथा प्रकाशनहरू समेत सुचनाकारूपमा संकलन गरिएको थियो ।

### २.२.३.लक्षीत समूह छलफल

लक्षित समूह छलफल अन्तर्गत संध, प्रदेश र स्थानिय तह मार्फत सञ्चालित विभिन्न कृषि अनुदानका कार्यक्रमबाट लाभान्वीत सहकारी, तथा कृषक समूहहरूको पहिचान गरी साक्षात्कार गरियो । बागमती, कर्णाली, र गण्डकी प्रदेशका ३ वटा सहकारीका सदस्यहरूको सहभागितामा समूहगत छलफल सञ्चालन गरेर कृषि अनुदानको व्यवस्था, सो को कार्यान्वयन प्रक्रिया, विद्यमान मापदण्ड, पहुँचको सहजता तथा कृषि अनुदान पश्चात किसानहरूको जीविकोपार्जन, आयआर्जन तथा कृषि उत्पादनमा आएको विशेष परिवर्तन सहितका सुचनाहरूको टिपोट गरियो । सो कार्यका लागि अध्ययनको उद्देश्य र स्थलगत वस्तुस्थितिलाई आधार मानेर कृषि अनुदानमा भएका व्यवस्थाको बारेका तथ्य समेट्ने गरी अर्धसंरचित प्रश्नावली तयार पारी समुदायस्तरीय साक्षात्कार मार्फत आवश्यक सुचना संकलन गर्ने कार्य गरिएको थियो ।


### २.२.४.जानिफकारसँगको अन्तर्वार्ता

संध, प्रदेश र स्थानीय तह मार्फत सञ्चालित विभिन्न कृषि अनुदानका कार्यक्रमबारे जानकारी राख्ने वा सो सम्बन्धमा जानकार भएका विशिष्ट जानिफकारहरूको पहिचान गरि व्यक्तिगत छलफल गरियो । बागमती, कर्णाली, र गण्डकी प्रदेशबाट ९ जनासँग छलफल सञ्चालन गरेर कृषि अनुदानको औचित्य, व्यवस्था, सो को कार्यान्वयन प्रक्रिया, विद्यमान मापदण्ड, सबै तहका किसानसम्म पहुँचको सहजता तथा कृषि अनुदान पश्चात किसानहरूको जीविकोपार्जन, आयआर्जन तथा कृषि उत्पादनमा आएको विशेष परिवर्तन र यस्ता अनुदान कार्यक्रमको नीतिगत व्यवस्थाका सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौती सहितका सूचनाहरूको टिपोट गरियो । सो कार्यकालागि अध्ययनको उद्देश्य र स्थलगत वस्तुस्थितिलाई आधार मानेर कृषि अनुदानमा भएका व्यवस्था बारेका तथ्य समेट्ने गरी अर्धसंरचित प्रश्नावली वा रुजुसूची तयार पारी व्यक्तिगत साक्षात्कार मार्फत आवश्यक सुचना संकलन गर्ने कार्य गरिएको थियो ।

### २.२.५.स्थलगत अवलोकन

प्रदेश र स्थानिय तह मार्फत सञ्चालित विभिन्न कृषि अनुदानका कार्यक्रमबाट लाभान्वित सहकारी, कृषक समूह, व्यक्तिगत कृषि फर्म तथा किसानहरूको पहिचान गरी अनुदान पश्चात भईरहेको कार्य प्रगतीको अवलोकन गरिएको थियो । सो क्रममा अनुदान प्राप्त लाभग्राहीको कृषि अनुदानमा भएका व्यवस्थाप्रतिको बुझाई, अनुभव, अनुदानको पहुँचमा सहजताको अवस्था, प्रभावकारी र प्रतिफलमा आधारित कार्यान्वयनका लागि सुधार गर्नुपर्ने व्यवस्थाका बारेमा तथ्य संकलन तथा अनुदान कार्यान्वयनको स्थलगत अवस्थिति समेत टिपोट गरी व्यख्या तथा विश्लेषण गरिएको थियो ।

चित्र नं २: तथ्याङ्क संकलन सम्बन्धी खाका




## २.३.विश्लेषण विधि तथा प्रतिवेदन तयारी

### २.३.१.तथ्याङ्क तालिकीकरण

अध्ययन टोलीले अध्ययनका क्रममा टिपोट गरि संकलन गरेका विभिन्न गुणात्मक तथा परिमाणात्मक सूचना तथा तथ्याङ्कहरूलाई आवश्यकमात्रामा वर्गिकरण गरी मस्यौदाका लागि आवश्यक सुचनाहरूलाई सहज, सान्दर्भिक र वैज्ञानिक विश्लेषण गर्न तालिकीकरण गरिएको थियो ।

### २.३.२.अध्ययन मस्यौदा तयारी

अध्ययनको विषय र उद्देश्यसँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरूलाई सहज, सान्दर्भिक र वैज्ञानिक विश्लेषण गरी अध्ययन मस्यौदा तयार पारिएको र आवश्यक पृष्ठपोषणको लागि प्रमाणीकरण गोष्ठी सञ्चालन गरी राष्ट्रिय किसान आयोगमा बुझाइएको थियो ।

### २.३.३.अन्तिम मस्यौदा तयारी

नेपाल सरकार राष्ट्रिय किसान आयोग, कृषि अनुदान कार्यान्वयन गर्ने विभिन्न निकाय, विषय विशेषज्ञ, जानिफकार व्यक्ति तथा संस्थाहरूबाट प्राप्त भएका पृष्ठपोषणलाई समावेश गरि यस अध्ययनको अन्तिम मस्यौदा तयार गरि राष्ट्रिय किसान आयोगमा बुझाइएको हो । कृषि अनुदान सम्बन्धित मन्त्रालय, बिभाग र विशेष गरी राष्ट्रिय किसान आयोगको सुझाव, निर्देशन तथा मध्यस्थतामा अध्ययनका लागि प्रभावकारी भएको कुरालाई अध्ययन प्रतिवेदनमा प्राथमिकतामा राखिएको थियो ।

## ३.अध्ययनका सिमाहरू

- अध्ययनका लागि समेटिएका विषयवस्तु प्राप्त भएका विवरणहरू, कृषकहरू, सम्बन्धित क्षेत्रका बिज्ञहरू, द्वितिय स्रोतहरूबाट प्राप्त विवरणहरूका आधारमा अध्ययन अगाडी बढाइएकोले यसमा समावेश भएका विवरणहरू पनि साभार गरिएका विवरणहरूको वैधानिकताबाट प्रभावित हुन सक्छन् ।
- अध्ययनका लागि आवश्यक वित्तिय स्रोत र समय प्र्याप्त नभएकाले सबै प्रदेशबाट प्राथमिक सूचना संकलन योजना मुताविक हुन सकेन ।
- स्थलगत कार्यको दौराहानमा भेट्न खोजिएका विशेष व्यक्ति, विषय विज्ञ र सरोकारवाला तथा कार्यालयहरूका जिम्मेवार कर्मचारिहरूलाई भेट्न समस्या रह्यो ।
- प्राप्त तथ्य तथा सुचनाहरूलाई अध्ययन टोलिको बुझाई र अन्य ठाँउमा भएका अध्ययनहरूको सन्दर्भलाई जोडेर यो अध्ययनको व्यख्या, विश्लेषण र निर्ष्कष निकालिएको छ ।

# ४.अध्ययनका नतिजाहरू

## ४.१.नेपालमा कृषि सम्बन्धी नीतिहरूमा भएका अनुदान सम्बन्धी व्यवस्थाहरू

### ४.१.१.संघ, प्रदेश तथा स्थानीय तहमा कृषि अनुदान सम्बन्धी नीतिगत व्यवस्था तथा कार्यान्वयन प्रक्रिया

कृषि विकासका क्षेत्रमा काम गर्ने कृषक तथा संघ संस्थाहरूलाई अनुदान दिने सम्बन्धी कार्यक्रम, प्रकिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन, अनुदान वितरण प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, प्रभावकारिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट अधिकतम प्रतिफल हासिल गर्न अनुदानग्राहीलाई अनुदान दिने प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने सम्वन्धमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले विभिन्न कार्यविधि तथा निर्देशिका तयार गरेको छ। संघिय सरकारले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण गर्ने र सो कार्यक्रम संचालन सम्वन्धी कार्यविधि तयार गर्ने गरेको छ। कृषि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार अनुदान उपलव्ध हुने क्षेत्रहरू:

क) कृषि सामग्री उत्पादन एवं आपूर्ति

ख) प्रविधि प्रसार

ग) कृषि उपजको उत्पादन

घ) कृषि उपजको उत्पादनोपरान्त (post harvest) क्रियाकलापहरू प्रशोधन, संकलन र बजारीकरण तथा मूल्य अभिवृद्धि सम्बन्धी क्रियाकलायपहरू

ङ) कृषि व्यवसायसँग सम्बन्धित उद्योग एवं पूर्वाधार निर्माण कार्य

च) कृषि व्यवसाय प्रवर्द्धनको लागि मेशीन, औजार तथा उपकरण खरिद गर्न

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले राष्ट्रिय आवश्यकताका आधारमा थप अनुदान उपलव्ध गराउने क्षेत्र तोक्न सक्ने तथा अख्तियारी प्राप्त निकायवाट तोकिएका क्षेत्रहरूमा प्रस्ताव आह्वान गर्ने व्यवस्था गरेको छ। प्रस्ताव तथा कार्यक्रमको औचित्यताको आधारमा मेशीनरी औजारमा बढीमा ५० प्रतिशत सम्म, पूर्वाधार निर्माणमा बढीमा ८५ प्रतिशत र प्रविधि विस्तार तथा क्षमता विकासमा बढीमा ५० प्रतिशत सम्म अनुदान दिन सकिने व्यवस्था अनुदान कार्यक्रम कार्यान्यन निर्देशिकामा रहेको छ । अनुदानको रकमको आधारमा अनुदानलाई निम्न अनुसार वर्गिकरण गरिएको छ:

क) ठुला अनुदान : कम्तिमा रु १ करोड भन्दा बढिका र न्यूनतम संचालन अवधी १० वर्षमा भएका कार्यक्रम

ख) मझौला अनुदान: कम्तिमा ५० लाख देखि १ करोड सम्मका र न्यूनतम संचालन अवधी ५ वर्ष भएका कार्यक्रम

ग) साना अनुदान: रु ५० लाख सम्मका र न्यूनतम संचालन अवधी २ वर्ष भएका कार्यक्रम

अनुदान सम्झौता भएको २० प्रतिशत रकम अनुदान सम्झौता भए पश्चात उपलव्ध गराउने र सोको प्रगितीको आधारमा स्थलगत प्रतिवेदन प्राप्त गरी ५० प्रतिशत दोस्रो किस्तामा उपलव्ध गराइने र बाँकि रकमको हकमा सार्वजनिक निकायबाट आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी सन्तोषजनक रूपमा कार्यक्रम सम्पन्न भएको पाइएमा तेस्रो किस्ताको रकम उपलव्ध गराइने व्यवस्था रहेको छ । अनुदानको उल्लेखित अवधि सम्म व्यवसाय संचालन नगरेमा वा सम्पत्तिको सदुपयोग नगरेमा सरकारी बाँकी सरह असुल गरिने र अनुदानको सम्पुर्ण रकम बैकिङ्ग प्रणाली मार्फत संस्थाको बैक खातामा भुत्तानी गर्ने पनि व्यवस्था गरेको छ ।

केन्द्रिय सरकारले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण गर्न कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि तयार गर्ने गरेको पाइन्छ । कार्यविधि माननीय मन्त्रीवाट स्वीकृत हुने व्यवस्था गरीएको छ । २०७७ को स्वीकृत कार्यविधिमा निम्न अनुसारका अनुदानको व्यवस्था भएको पाइन्छ ।

प्रदेश तथा स्थानीय तहले संघीय निकाय मार्फत प्राप्त गरेको कार्यक्रम अन्तर्गत प्रासङ्गिक बिषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि, सीमान्त कृषक सम्बन्धी कार्यक्रम तथा आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम संचालन गर्न र अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको पाइन्छ । सो कार्यक्रम अन्तर्गत उपलब्ध गराइने अनुदान रकमको सीमा प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय र स्थानीय तहले यस कार्यविधिले तोके बमोजिम हुने व्यवस्था गरीएको छ । सार्वजनिक निकायबाट निर्माण हुने कृषि पूर्वाधारहरू (सार्वजानिक कृषि पूर्वाधार) को हकमा अधिकतम १०० प्रतिशत, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण हुने कृषि पूर्वाधारहरूको हकमा

अधिकतम् ८५ प्रतिशत र निजी एवं व्यावसायिक कृषि पूर्वाधारहरूको हकमा अधिकतम् ५० प्रतिशत नबढ्ने गरी अनुदान उपलव्ध गराउन सक्ने व्यवस्था रहेको छ । २०७८/७९ मा स्वीकृत भएका कार्यक्रमहरू प्राङ्गारिक मल उत्पादन प्रवर्द्धन, फलफूल विकास सम्बन्धी कार्यक्रम अर्न्तगत बहुउद्देश्यीय फलफूल नर्सरी स्थापना, पुराना फलफूल नर्सरी सुदृढीकरण, विभिन्न मिशन कार्यक्रम (व्यावसायिक फलफूल खेती प्रवर्द्धन), चिया विकास तथा विस्तार, आलु तरकारी तथा मसला विकास सम्बन्धी कार्यक्रम (प्याज र आलु मिशन कार्यक्रम) जस्तै वीउ आलु उत्पादन, खायन आलु उत्पादन, प्याजको गानो उत्पादन आदि, कृषि पर्यटन प्रवर्द्धन, बाली विकास तथा रैथाने वाली प्रवर्द्धन, साना सिंचाई र अन्य पूर्वाधार निर्माण तथा यान्त्रीकरण सहयोग, उन्नत बीउ उत्पादन, प्रशोधन, बजारीकरण र भण्डारण ।

प्रदेशहरूले विभन्नि प्रकारका अनुदान वितरण गर्न कार्यविधिहरू तर्जुमा गरेको देखिन्छ । विभिन्न कृषि सम्बन्धी कार्यबिधिहरू मन्त्रालयको सिफारीसमा मन्त्रिपरिषदबाट स्वीकृत हुने व्यवस्था रहेको छ । कार्यक्रमको आधार र प्रकृति अनुसार अनुदानको प्रतिशत पनि भिन्न रहेको पाईन्छ । जस्तै कृषि यान्त्रीकरण तथा ग्रीनहाउस निर्माणमा ७० प्रतिशत, साना तथा आधुनीक सिँचाइमा ८५ प्रतिशत, प्रविधि हस्तान्तरणसँग सम्बन्धित क्रियाकलपहरूमा शत प्रतिशत अनुदान, बीउ बिजन, प्राङ्गारिक बिषादी, मल, आदिमा ८५ प्रतिशत अनुदान, पुँजीगत उत्पादन सामग्री एवंम पूर्वाधारहरूको निर्माण जस्तै कुलो, सोलार सिँचाइ, प्राङ्गारिक मल उद्योग, फर्म मेसिनरी, सङ्कलन केन्द्र आदिमा ८५ प्रतिशत अनुदान दिने तर रु ५ लाख भन्दा माथिको भौतिक संरचना निर्माणमा समूदायको सहभागिता १० प्रतिशत र स्थानिय सरकारको २० प्रतिशत योगदान जुटाउनु पर्ने व्यवस्था विभिन्न प्रदेश सरकारले गरेको पाइन्छ । प्रधानमन्त्री कृषि आधुनीकीकरण परीयोजनाद्धारा अनुदानमा सञ्चालित कार्यक्रमहरू परियोजना कार्यान्वयन एकाइ अन्तर्गत सुपरजोन, जोन र प्रदेश अन्तर्गतका कृषि हेर्ने मन्त्रालय अन्तर्गतका जिल्ला स्थित कृषि/पशु सेवा कार्यालय/केन्द्र र स्थानिय तहमार्फत सञ्चालित क्रमशः ब्लक र पकेट विकास कार्यक्रमहरू समावेश गरिएका छन् । अनुदान कार्यक्रमका मुख्य मुख्य क्रियाकलाप र गतिविधिहरूलाई तल प्रस्तुत गरिएको छ ।

परियोजना कार्यान्वयन एकाइ, जोन, सुपरजोनहरूबाट सञ्चालित क्षमता अभिवृद्धि तथा संस्थागत विकास कार्यक्रम अन्तर्गत प्रविधि विकास, प्राविधिक सेवा, स्थलगत तालिम, सञ्चालन समन्वय समितिको क्षमता अभिवृद्धि कार्यक्रम, कृषि मेशिनरी मर्मत सम्भार सम्बन्धी प्रशिक्षण, सरोकारवालाहरूको भ्रमण, गोष्ठी, बाली/वस्तु विशेष सम्बन्धी प्राविधिक प्रकाशनहरू, माटो परीक्षण सेवा, आकस्मिक बाली संरक्षण सेवा, कृषि सहकारी सञ्चालनमा सहयोग, सुन्तलाजात फलफूलमा लाग्ने औंसा नियन्त्रण, जनचेतनामूलक शैक्षिक कार्यक्रम आदि सञ्चालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत यान्त्रिकरण प्रवर्द्धन गर्ने उद्देश्यले बाली अनुसारको आवश्यक मेसिनरीहरूको सेटसहितको कष्टम हायरिङ सेन्टर स्थापना, साना मेसिनरी उपकरण वितरण सम्बन्धी कार्यक्रमहरू पर्दछन् । कृषि कर्मलाई सहजीकरण र उत्पादन लागत घटाउनका लागि बाली लगाउनेदेखि बजारीकरणका विविध कार्य सञ्चालनको लागि आवश्यक ठूला तथा साना कृषि मेसिनरी तथा उपकरणहरू कम्वाइण्ड थ्रेसर, पावर टिलर, मिनी टिलर, रोटाभेटर, लेजरल्यान्ड लेभलर, रिपर, आलु रोप्ने, मकै गोड्ने मेसिन, अर्थ अगर, विद्युतीय स्प्रेयर, कम्वाइण्ड मिल, फलफूल प्रशोधनमा प्रयोग गरिने उपकरण/मेशिन जुस एक्स्ट्रयाक्टर, फल टिप्ने भऱ्याङ, सिकेचर, डिजिटल बैंक ब्यालेन्स, मोहनी पासो, लुपर आदि ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको छ । परियोजना कार्यान्वयन एकाइ अन्तर्गत सुपरजोन, जोनहरूमा व्यावसायिकीकरणका लागि आवश्यक पूर्वाधारहरू, पोष्ट हार्भेष्ट सेन्टर, प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिङ, प्रि-कुलिङ, तौलाई, प्याकेजिङ, लेवलिङ, ढुवानी, प्रदर्शन तथा बिक्री कक्ष/स्टल लगायतका उत्पादनोपरान्त उपज व्यवस्थापन/ह्याण्डलिङ तथा बजार व्यवस्थापन रहेका छन् । अन्य पूर्वधारहरूमा प्रशोधन उद्योग, चिप्स उद्योग, सोलार ड्रायर, आधुनिक अलैंची भट्टी, कृषिमार्ट स्थापना सहयोग, प्राङ्गारिक मल कारखाना स्थापना सहयोग र साना ढुवानी साधनको लागि (ट्र्याक्टर, सिङ्गल क्याविन जीप, पिकअप आदि) बढीमा ८५ प्रतिशत अनुदानमा परियोजना कार्यान्वयन एकाइ र सम्बन्धित सञ्चालन समन्वय समितिसँगको सम्झौता वा बैठकको निर्णयको आधारमा उपलब्ध गराइएको छ । साना सिँचाइ कुलो मर्मत, पानी सङ्कलनका लागि सिमेन्टेड तथा प्लाष्टिक पोखरी निर्माण, पक्की पोखरी निर्माण, थोपा सिँचाइ प्रणाली स्थापना, कुलो मर्मत, स्यालो ट्यूववेल, बाँध, पानी तान्ने मोटर र पम्प, पाइप, लिफ्ट सिँचाइ लगायतका साना सिँचाइ सम्बन्धी पूर्वाधार तथा मेसिनरीहरू र सौर्य उर्जामा आधारित सिँचाइ प्रणाली जडान बढीमा ८५ प्रतिशत अनुदान सहयोगमा उपलब्ध गराइएको छ ।

परियोजना कार्यान्वयन एकाइ अन्तर्गत तरकारी तथा फलफूल बालीका सुपरजोन र जोनहरूमा स्वस्थ्य र गुणस्तरीय बिरूवा उत्पादनका लागि सरकारी-निजी-सहकारी/समूहको साझेदारीमा जोन, सुपरजोन क्षेत्रमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गर्ने कार्यक्रम परियोजनाको ५० प्रतिशत अनुदानमा पूर्वाधार निर्माण गर्ने व्यवस्था रहेको छ । परियोजनाको मूल दस्तावेजमा यस परियोजनाको प्रमुख रणनीतिको रूपमा रहेको कृषि अनुसन्धान-शिक्षा-प्रसारको सम्बन्धको समन्वय तथा आधुनिकीकरण गर्ने व्यवस्था बमोजिम परियोजनाका जोनहरूमा कृषि प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालनका लागि चालु अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। फलफूल तथा ताजा तरकारीको बेर्ना र फलफूलको स्वच्छ कलमी बिरूवा उत्पादन गर्ने उद्देश्यले जोन र सुपरजोन क्षेत्रमा रहेका नर्सरी धनीहरूलाई आधुनिक पोलिहाउस सहितको सिँचाइ सुविधा, नर्सरी स्थापनाका लागि बायोइन्जिनियरिङ्ग कार्य, रूटस्टकको लागि तीनपातेको बीउ, आइरन स्टैण्ड, नर्सरी ट्रे, पोलीब्याग, कोकोपिट र कलमी प्रयोजनका लागि आवश्यक उपकरण र रसायनहरू आदि उपलब्ध गराउने व्यवस्था रहेको छ। परियोजना क्षेत्रका कृषकहरूलाई सामूहिक खेतीतर्फ आकर्षित गर्न जोन र सुपरजोनमा सूचिकृत कृषक समूह, सहकारी र व्यावसायी कृषकहरूलाई बाली विशेषको सम्भाव्यताको आधारमा स्वइच्छाले खेतीयोग्य जमिनको चक्लाबन्दी गरी खेती गर्न चाहनेहरूलाई यसको लागि आवश्यक मेसिनरी औजार, मल, बीउबिजन सहितको सहजीकरणमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ । यस कार्यक्रममा प्रदेश सरकारको कृषि हेर्ने मन्त्रालय अन्तर्गतका जिल्लास्थित कृषि/पशु सेवा कार्यालय/केन्द्रबाट समूह, सहकारी, निजी उद्यमी, उपभोक्ता समितिहरूलाई तोकिएको बाली/वस्तुमा ब्लक विकास कार्यक्रम सञ्चालन गरिएको छ। त्यसैगरी स्थानीय तहमा पकेट विकास कार्यक्रम सञ्चालनको लागि ससर्त अनुदानको बजेट उपलब्ध गराइएको छ।

### ४.१.२.कृषि तथा पशुपंछी विकास मन्त्रालयमा हाल कार्यान्वयनमा रहेका अनुदान सम्बन्धी कार्यविधिहरू

**तालिका नं २: कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा हाल कार्यान्वयनमा रहेका अनुदान सम्बन्धी कार्यविधिहरू**

| क्र.स. | कार्यान्वयनमा रहेका अनुदान सम्बन्धी कार्यविधिहरू |
|---|---|
| १ | जिल्ला स्तरीय बिउबिजन आत्मनिर्भर कार्यक्रम, २०५५ |
| २ | साना सिंचाई बिशेष कार्यक्रम, २०६१ |
| ३ | अभियानमुखी सुन्तलाजात बगैचा व्यवस्थापन कार्यक्रम, २०६४ |
| ४ | अभियानमुखी मत्स्य उत्पादन कार्यक्रम, २०६४ |
| ५ | प्रांगारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८ |
| ६ | एक गाउँ एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० |
| ७ | एक जिल्ला एक उत्पादन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० |
| ८ | पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७० |
| ९ | व्यावसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यन्वयन निर्देशिका, २०७० |
| १० | कृषि तथा पशु सेवा बिभाग अन्तर्गत संचालित युवा लक्षित कार्यक्रम कार्यान्यन कार्यबिधि, २०७० |
| ११ | मौरी, च्याउ र रेशम कार्यक्रम कार्यन्वयन कार्यबिधि, २०७० |
| १२ | भटमास उत्पादन प्रवर्द्धन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७१ |
| १३ | राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७१ |
| १४ | रासायनिक मल तथा बिषादी प्रयोग नगरी जैविक खेति गर्ने गाउँ विकास समितिलाई कृषि क्षेत्रमा खर्च गर्न नियमित अनुदानमा २५ प्रतिशत थप गर्ने कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७१ |
| १५ | एकिकृत शत्रुजीव व्यवस्थापन अनुशरण कार्यक्रम संचालन कार्यविधि, २०७१ |
| १६ | शित भण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७१ |
| १७ | कृषि बिभाग अन्तर्गत संचालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ |
| १८ | कृषक समूह/सहकारी मार्फत प्रांगारिक मल उत्पदनका लागि सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ |
| १९ | प्रांगारिक मल अनुदान कार्यविधि, २०७२ |
| २० | हाइटेक ग्रिन हाउस निर्माणमा अनुदान कार्यविधि, २०७२ |
| २१ | प्रतिफल मा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७३ |
| २२ | साना व्यावसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ |
| २३ | कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ |
| २४ | खाद्य मेला संचालन कार्यविधि, २०७४ |

### ४.१.३.नेपालमा कृषि विकासका लागि अनुदान सम्बन्धी व्यवस्था

नेपाल सरकारबाट सञ्चालन हुने कृषि तथा पशुपंक्षी विकासका कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदानका मापदण्डमा एकरुपता कायम गरी समतामुलक, पारदर्शी, अनुमानयोग्य र प्रतिफलमा आधारित अनुदान वितरण प्रणालीको विकासमा टेवा पुर्याउन वाञ्छनीय भएकोले, सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको अनुदान सम्बन्धी निर्देशिका, २०७७ बनाएको छ । निर्देशिका बमोजिम नेपाल सरकारले विनियोजित वार्षिक वजेट तथा स्वीकृत कार्यक्रम बमोजिम विभिन्न शिर्षकमा अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ । कृषि तथा पशुपंछी मन्त्रालय अन्तर्गतका अनुदान सहयोगका केहि परियोजनाहरू र अनुदानको विधि अनुसूची-१ मा र कृषि क्षेत्रमा सरकारीस्तरबाट उपलब्ध मुख्य मुख्य अनुदानहरूको संक्षिप्त बिश्लेषण अनुसूची-२ मा प्रस्तुत गरिएको छ ।

### ४.१.३.१ रासायनिक मलमा अनुदान

नेपाल सरकारले प्रत्येक आ.ब.मा रासायनिक मलमा मलको प्रकार अनुसार अनुदान प्रदान गर्दै आईरहेको हुन्छ । हालको आ.ब. २०७८/७९ मा सरकारले रासायनिक मलमा प्रदान गरिने अनुदानलाई वृद्धि गरि १२ अर्ब पुराउने लक्ष्य लिएको छ । साथै जैविक विषादी कारखाना स्थापना गर्न निजी क्षेत्रलाई ५० प्रतिशत सम्म पुजीगत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छ । यसरी हेर्दा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको कुल बजेटको ठुलो हिस्सा रासायनिक मलको अनुदानमा खर्च हुने गरेको देखिन्छ । बिगत ५ वर्षको रासायनिक मलको आयात खर्चको विश्लेषण गर्दा सरदर रु. ४७२३१ प्रति मे.ट. मा खर्च जाने गरेको छ । सरदरमा हिसाब गर्ने नै हो भने पनि रासायनिक मलको अनुदानमा कम्तिमा रु.२४००० प्रति मे.ट. खर्च हुने देखिन आउँछ ।

**तालिका नं ३: रासायनिक मलको वार्षिक आयात खर्च, वितरण परिमाण र प्रति मे.ट. सरदर खर्चको विवरण**

| आर्थिक वर्ष | आयात खर्च (रु दश लाखमा) | वितरण परिमाण (मे.ट.) | प्रति मे टन सरदर खर्च |
|---|---|---|---|
| २०७३/७४ | १३१२८ | ३२८२१७ | ३९९९९ |
| २०७४/७५ | १५२०९ | ३४८७३४ | ४३६११ |
| २०७५/७६ | १६१५२ | ३४४००४ | ४६९५३ |
| २०७६/७७ | १८९०३ | ३९४५९५ | ४७९०५ |
| २०७७/७८ | २२८२१ | ३९५५९५ | ५७६८७ |

*स्रोत: ने.रा.बैंकको economic bulletin and indicators (आ.ब.२०७३/७४ देखि २०७७/७८) र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको कृषि तथ्याङ्क संग्रह (२०७६/७७)*

रासायनिक मलमा अनुदान प्रदान गर्नुको मुख्य लक्ष्य भनेको कृषि उपजको उत्पादन बढाउने र उत्पादकत्व वृद्विमा टेवा पुर्याउने हो । तर रासायनिक मल जस्तो आधारभूत उत्पादन सामग्रीमा अनुदान प्रदानका कारणले किसानले निश्चित कोटा मात्र खरिद गर्ने गर्दा सिफारिस मात्रामा रासायनिक मलको प्रयोगमानै रोकावट पैदा भएकोले उत्पादनमा नकारात्मक असर पर्ने देखिएको छ । यस किसिमका आधारभूत उत्पादन सामग्रीहरू गुणस्तरीय स्तरमा समयमा नै उपलब्ध नहुँदासम्म प्रदान गरिएको अनुदान प्रभावकारी भएको भन्न नमिल्ने हुन्छ । त्यसैले रासायनिक मलमा रहेको अनुदानलाई प्रभावकारी रूपमा संचालन गर्न निम्नानुसार विकल्प पेश गरिएको छ:

क) अनुदान रकम वा प्रतिशत वृद्वी गरेर भएपनी सिफारिस मात्रमा रासायनिक मल समयमै उपलब्ध गराउने व्यवस्था गर्ने ।

ख) वर्षेनि रासायनिक मलको अनुदानमा धेरै रकम बाहिर जाने हुँदा नेपालमा नै रासायनिक मलको उत्पादनको वैकल्पीक व्यवस्थाको लागि सम्भाव्यता अध्ययन गर्ने र कारखाना खोल्ने वातावरणको सृजना गर्ने ।

ग) आवश्यक परिमाणमानै रासायनिक मल खरिद गर्ने र विनियोजित बजेटले उक्त परिमाणका लागि उपलब्ध हुन सक्ने अनुदान लेखाजोखा गरेर सोही अनुसार रासायनिक मलको कृषक मुल्य हेरफेर गर्दै बिक्रि गर्ने व्यवस्थाको शुरुवात गर्ने ।

घ) हाल युरिया मलमा अनुदान बढी रहेको र खपतको हिसाबले पनि युरिया बढी खपत भएको तर पोटास, फस्फोरसको र अर्गानिक मलको उपयोग निकै कम रहेकोले माटोमा अम्लियपन समेत बढ्दै गएकोले युरिया मलमा उपलब्ध प्रति एकाइ अनुदान रकम घटाउने र अन्य रासायनिक तथा प्रांगारिक मलमा अनुदानको रकम वृद्वि गर्ने र सो बाट बचत हुने रकमले थप परिमाणमा मल खरिद गर्न सकिने छ ।

### ४.१.३.२.उन्नत बीउमा अनुदान

विश्वमा हरित क्रान्तिको उदयसगै नेपालमा पनि खाद्यन्न बालीको (धान, मकै, गहुँ) जातीय विकास कार्यक्रमको थालनी भएको थियो । जातीय विकास कार्यक्रम पछि नेपालमा पनि बढी भन्दा बढी उत्पादन दिने विभिन्न जातहरू विकसित हुने क्रम बढ्दै गयो । उन्नत जातहरूको प्रयोगले उत्पादन र उत्पादकत्व बढाउन सक्ने देखिएकोले कृषि प्रसारको विभिन्न तरिका अपनाएर कृषकमाझ यी जातहरूको प्रचार प्रसार गर्ने काम भयो । जिल्लास्तर बीउ बिजन आत्मानिर्भर कार्यक्रम अन्तर्गत मूल बीउमा अनुदान, बीउ पुंजीकोष उपलब्ध गराउने, मेटल बिन तथा भण्डार घर स्थापना गर्ने काममा कृषक समूह र कृषि सहकारी मार्फत अनुदान उपलब्ध गराउने कामहरू हुदै आएको छ । यसले उन्नत बीउको उपलब्धता बढाउने र किसान देखि किसानसम्म उन्नत बीउ प्रसारणमा राम्रो प्रभाव परेको छ । यस अनुदान कार्यक्रम अन्तर्गत कृषकलाई उन्नत बीउको बिक्रि मुल्यको बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइएको छ । यस अनुदान कार्यक्रमको मूल लक्षित समूह धान, मकै र गहुँ खेति गर्ने आम कृषक समुदाय रहेको छ । यसको अलावा उन्नत बीउ उत्पादन तथा बिक्रि वितरण कार्यमा संग्लन कृषक/कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/निजि उद्यमी/कम्पनी आदि पनि यस अनुदान कार्यक्रमबाट लाभान्वित भएका छन् । अहिले नेपाल सरकारले उपलब्ध गराउने उन्नत बीउ ठुला कम्पनी मार्फत सहयोग गरिएको पाईएको छ । हालसम्म खाद्यान्न बालीको बीउको प्रतिस्थापन दर १० देखि १२ प्रतिशत सम्म रहेको छ ।

### ४.१.३.३.मुल्य श्रृंखला विकास अनुदान

नेपाल सरकारले मुल्य श्रृंखला विकासका लागि विभिन्न तरिकाबाट अनुदान उपलब्ध गराउदै आएको छ । यस्ता अनुदानहरू साना तथा मझौला उद्यम विकासका लागि प्रदान गरिदै आएको छ । यस अनुदानमा मुल्य श्रृंखलाका हरेक तहहरूमा प्रदान गर्न सकिन्छ । मूल्य श्रृंखला विकासका लागि पुरक अनुदान मार्फत व्यावसायि बढाउन यस्ता आयोजनाहरू सफल भएका छन तर यस्तो लगानीबाट के कति प्रतिफल प्राप्त भयो र त्यस्तो प्रतिफलको दिगोपना के छ भन्ने कुराको अध्ययन नभएको र सो को लिखित दस्ताबेजहरूको अभावका कारण यसको प्रभावकारिताका बारेमा ठोस भन्न सकिने स्थिति भने छैन । यस्तो आयोजनाहरू नमुनाको रूपमा संचालन हुने हुँदा माग अनुसारको सबै आयोजनाहरूले सहयोग पाउन सक्ने अवस्था हुँदैन जसले गर्दा अनुदानग्राहीहरूमा अस्वस्थ प्रतिस्पर्धा पनि हुने हुँदा सेवा प्रदायक संस्थाबाट सहयोगमा अपचलन हुने गरेको गुनासो छन भने अर्को तिर स्वलगानीमा पेशा व्यवसाय गर्न तयार संस्था/उद्यमीहरू पनि अनुदानको आशामा व्यवसाय संचालन नगरी पर्खने गरेको कारण कृषि क्षेत्रमा लगानी प्रत्युत्पादक भएको गुनासो पनि बेला बेलामा सञ्चार माध्यमा आउने गरेको छ । तसर्थ देशको समग्र आवश्यकतालाई आकलन गरि स्पष्ट लक्ष्यको साथ लगानी गर्ने व्यवस्था मिलाउन नसक्ने हो भने यस्तो आयोजनाहरूले कृषिको विकासलाई गति दिने हैन कि प्रत्युत्पादक बनाउने हुन सक्छन । अर्को तिर कसैले अनुदान पाउने र कसैले स्वोलगानीमा नै व्यवसाय गर्नुपर्ने भएको कारण बजारमा पनि प्रभाव पार्न सक्छ र सेवाग्राहीहरूको बिच हुने अस्वस्थ प्रतिस्पर्धाको कारण आर्थिक अनियमितता र अपचलनको सम्भावना पनि बढ्न जान्छ ।

### ४.१.३.४.कृषि यान्त्रिकरणमा अनुदान

कृषि व्यवसायले राष्ट्रिय कूल ग्रार्हस्थ्य उत्पादनमा एक तिहाई हिस्सा ओगटे पनि कृषि क्षेत्रको समयानुकूल व्यावसायिकरण हुन नसकेको र उत्पादकत्व तथा उत्पादनमा आशातित तवरले वृद्धि हुन नसकेबाट कृषि क्षेत्रमा औद्योगिकीकरण हुन सकेको छैन । कृषि व्यवसायमा युवावर्गको घट्दो आकर्षण र वैदेशिक रोजगारीको अवसरका कारण कृषि क्षेत्रमा भैरहेको श्रम शक्तिको अभाव लगायतका समस्या हटाउन र महिलाको अत्याधिक र कष्टप्रद श्रमभार रहेको यस क्षेत्रमा महिलाको श्रमभार घटाई अन्य उत्पादनशील कार्यमा लगाउन कृषि यन्त्रहरूको प्रयोग र अनुदानलाई प्रोत्साहन गर्नु अत्यावश्यक छ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिकीकरणको माध्यमबाट प्रतिस्पर्धात्मक प्रणालीमा रुपान्तरण गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न र खाद्य सुरक्षा सुनिश्चित गर्न समेत कृषि यान्त्रिकरणमा अनुदान आवश्यकता पर्दछ । कृषि यान्त्रिकरणद्वारा कृषिजन्य वस्तुको उत्पादकत्व बढ्ने, लागत न्यूनीकरण हुने, उत्पादित वस्तुको गुणस्तर कायम राख्न सघाउ पुग्ने र औद्योगिकीकरणको गतिमा तीव्रता थपिनेछ । यसका साथै कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्र र युवा वर्गको आकर्षण बढाउन समेत यसले सघाउ पुऱ्याउनेछ ।

वि.स.२०४८ साल देखि नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत रहेको कृषि इन्जिनियरिङ्ग महाशाखाले विभिन्न किसिमका कृषि यन्त्र तथा उपकरणहरूको परीक्षण र विकास गर्दै आएको छ। साथै, वि.सं.२०६१ सालमा कृषि विभाग अन्तर्गत स्थापित कृषि इन्जिनियरिङ्ग निर्देशनालयले कृषि यन्त्रहरूको प्रवर्द्धनात्मक प्रचार, प्रसार तथा तालिम कार्यक्रम र अन्यसेवा पुऱ्याउँदै आएको पाईएको छ । समयको माग, सरकारी निकायको प्रयास र निजी क्षेत्रको लगानीको कारणले नेपालको तराई एवं केही पहाडी उपत्यकाहरूमा कृषि यान्त्रिकरणले गति लिन थालेको छ। यी क्षेत्रहरूमा फलामे हलो, ट्रेयाक्टर, पावरटिलर, पम्पसेट, स्प्रेयर, धान/गहुँ चुट्ने थ्रेसर, धान कुट्ने/पिस्नेमिल, तेल पेल्ने मिल, ढुवानीको लागि ट्रेलर आदिको बढ्दो प्रयोग भएको पाईएको छ। पशुपालनतर्फ, विशेष गरी व्यावसायिक गाईभैंसी फार्महरू, कुखुरापालन, चल्ला उत्पादन, दाना उत्पादन, दुग्ध प्रशोधन तथा दुग्धजन्य पदार्थको विविधिकरणमा यन्त्रको प्रयोग बढ्दो छ। कृत्रिम गर्भाधान कार्यको लागि आवश्यक पर्ने तरल नाइट्रोजनको उत्पादन तथा वितरण, वीर्य सङ्कलन तथा प्रशोधन गर्ने कार्यका लागि स्वचालित तथा कम्प्युटरजडित उपकरणहरूको प्रयोग पोखरास्थित राष्ट्रिय पशु प्रजनन् केन्द्रमा भैरहेको छ। त्यसै गरी मत्स्यपालनका क्षेत्रमा पनि पानीको गुणस्तर परीक्षण गर्न, माछा समात्न, रोग परीक्षण गर्न, दाना प्रयोग गर्न र माछा ढुवानी तथा भण्डारण गर्न विभिन्न किसिमका उपकरणहरूको प्रयोग हुदै आएको छ।

कृषि यान्त्रिकरणमा प्रदान गरिने अनुदान तथा सहुलियत वार्षिक बजेट वक्तव्यमार्फत व्यवस्थित भएको पाइन्छ। त्यसैगरी अन्य संघ/संस्थाहरू, गैरसरकारी तथा निजी क्षेत्र समेतको स्रोत साधन परिचालन हुने गरी अनुदान व्यवस्था भएको पाइन्छ। आर्थिक बर्ष २०७३/७४ बाट सबै प्रकारका औजार उपकरण तथा सबै भौगोलिक क्षेत्रमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिएको छ। हाल अनुदान संचालनको प्रकिया तथा सेवाग्राहीको धारणा बुझ्दा कृषि यान्त्रिकरण प्रवर्द्धनको क्षेत्रमा तपसिल अनुसारका समस्या रहेको पाइन्छः।

क) नेपालमा कुन कुन किसिमका यन्त्र उपकरण के कति मात्रामा आवश्यक पर्ने हो र कति वर्ष सम्ममा सो लक्ष्य हासिल गर्ने हो र सो को लागि नेपाल सरकारले के कस्तो सहयोग गर्ने हो यकिन नभएको। यसका लागि सम्बन्धित निकायले कृषि यन्त्र तथा उपकरणको क्षेत्रगत आवश्यक लगत संकलन तथा नक्सांकन गरी सोहि बमोजिम विकास तथा उत्पादनको लागि बजेट विनियोजन गर्नु आवश्यक देखिन्छ।

ख) अनुदान प्राप्त भएको मूल्य र वास्तविक खरिद मुल्यमा खासै अन्तर नदेखिएको । यस्तो हुदाँ किसानहरू अनुदान मार्फत प्राप्त यन्त्र/उपकरणको गुण तथा टिकाउ समयावधि प्रति विश्वसनिय हुन नसक्ने र अनुदानको खासै औचित्य पुष्टि नहुने देखिन्छ। तसर्थ नियमनकारी निकायले यस्तो किसिमको खरिदको प्रभावकारी नियमन, अनुगमन गरी खरिद प्रक्रियालाई पारदर्शी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नु आवश्यक हुन्छ।

ग) ५ बर्षको अन्तरालमा ३, ३ पटक कार्यविधि संशोधन भएको र कृषकले पाउने अनुदानमा पनि छिटो छिटो परिमार्जन गरिएको छ तर यसको औचित्य पुष्टि कतै भएको पाइदैन। पटक पटक कार्यविधि संशोधन गर्नु भन्दा, भौगोलिक अवस्था, क्षेत्रगत विशेषता र किसानको उत्पादन क्षमताको आधारमा अनुदानको दायरा तोक्न सकेको खण्डमा अनुदानको औचित्य पुष्टि गर्न सहज हुनसक्छ।

घ) यन्त्र उपकरणहरू स्थानीय स्तरमा परिक्षण नै नभई फिल्डमा पठाउदा कतिपय यन्त्र/उपकरण उपयोगी नभएको पाईएको छ। यस्तो किसिमको प्राविधिक त्रुटि समाधानका लागि यन्त्र उपकरण विकास गर्ने र कृषि प्रसारमा संलग्न निकाय बिच समन्वयकारी सम्बन्ध कायम राखि कृषक समक्ष विकास भएका यन्त्र उपकरणहरूको यथेस्ट जानकारी फैलाउन जरुरी हुन्छ।

### ४.१.३.५.प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम

बाली विकास निर्देशनालयले केहि बालीहरूमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम थालनी गरेको थियो । खास गरी चैते धान, तोरी जस्ता बालीहरूमा यस कार्यक्रमको थालनी गरिएको थियो । हाल पुरानो अनुभवलाई आत्मसाथ गर्दै प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत ३ वटा सम्भागहरू, ब्लक, जोन र सुपर जोनमा कृषि उपज उत्पादनमा संग्लन कृषकहरूलाई थप उत्पादन वृद्धिमा प्रोत्साहित गर्न परियोजनको दस्ताबेजमा उल्लेख भए बमोजिम नेपाल सरकारले आर्थिक बर्ष २०७३/७४ देखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्येक्रम संचालनमा ल्याएको छ। यस कार्यक्रम अन्तर्गत निश्चित क्षेत्रफल वा सो भन्दा बढी क्षेत्रफलमा उत्पादन गर्न वा तोकिएको परिमाण वा सो भन्दा बढी उत्पादन गर्न वा बजारीकरण गर्न कृषि उद्यमी, कृषक

समूह/सहकारीहरूलाई उत्पादन वृद्धिमा प्रोत्साहित गर्न प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालनमा ल्याएको हो ।

यस कार्यक्रम अन्तर्गत जोन र सुपर-जोनमा तोकिएको बाली/बस्तुको गत आ.ब. भन्दा कम्तिमा १० प्रतिशत उत्पादकत्व वृद्धिको लक्ष्य निर्धारण गरेको छ। यसरी निर्धारण गरिएको लक्ष्य सो बालीको सम्बन्धित जातका लागि उक्त क्षेत्रको औषत उत्पादकत्व भन्दा बढी हुने गरी निर्धारण गरेको छ। तोकिए बमोजिम उत्पादकत्व वृद्धिको लक्ष्य हासिल गर्ने कृषकलाई प्रति हेक्टर १० हजार नबढने गरी अनुदान उपलब्ध गराएको छ। यस कार्यक्रम अन्तर्गत सम्भावना भएका मौसमी बालीहरू जस्तै चैते धान, हिउदे मकै, बसन्ते मकै र मसिनो धान, आलु, फलफुल, मसलाबाली आदिमा क्षेत्रफल बिस्तारको आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराएको छ। यस प्रोत्साहन अनुदानमा संस्थागत रूपमा बिक्रि गरिएको परिमाणको आधारमा उत्पादक कृषकहरूलाई पनि प्रोत्साहन अनुदान उपलब्ध गराएको छ। पशुजन्य उत्पादनहरू मध्ये दुधमा प्रति लिटर रु.२, खसी/बोकाको हकमा प्रति के.जी. (जीवित तौल) रु.५० र बंगुरको हकमा प्रति के.जी. (जीवित तौल) रु.२० र महको हकमा प्रति के.जी. रु.६० को दरले संस्थागत रूपमा बजारीकरण गरिएको परिमाणको आधारमा उत्पादक कृषकहरूलाई प्रोत्साहन अनुदान उपलब्ध गराएको छ ।

### ४.१.३.६.उखु किसानलाई अनुदान कार्यक्रम

नेपाल सरकारले प्रत्येक वर्ष उखु किसान लाई लक्षित गरेर उखुमा अनुदान उपलब्ध गराएको छ। उखु अनुदान रकमको निर्धारण उखुको न्युनतम समर्थन मूल्य, उखुको आन्तरिक उत्पादन, उत्पादनको लागत तथा अन्तराष्ट्रिय बजार समेतको आधारमा गरिएको छ। २०७५ जेष्ठ १५ गते देखि लागु हुने गरी उखुको अनुदान रमक प्रति किवन्टल ६५ रुपियाँ २८ पैसा तोकिएको छ। यस्तो अनुदान प्राप्त गर्न नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाले सिफारिस गरेको उखुका जात उत्पादन गर्नु पर्दछ। यस्तो अनुदान प्राप्त गर्न किसानले बैशाख महिना भित्र सम्बन्धित स्थानीय तहमा दर्ता गराईसक्नुपर्ने हुन्छ। उखु किसानको अनुदानको रकम सम्बन्धित कृषक को बैंक खातामा भुक्तानी गर्ने गरिएको छ।

### ४.१.३.७.बाली तथा पशुधन बिमाको प्रिमियम अनुदान कार्यक्रम

कृषि तथा पशुपालन व्यवसायमा भएको जोखिमहरू कम गरी ति व्यवसायतर्फ कृषकहरूलाई आकर्षण गर्न र कृषि क्षेत्रमा निजि तथा सहकारी क्षेत्रको लगानी बढाउन र लगानी सुरक्षित गर्न बिमाको प्रिमियममा नेपाल सरकार बाट किसानलाई अनुदान प्रदान गरिएको छ । नेपाल सरकारले पहिलो पटक शासकीय तथा आर्थिक सुधारको तत्कालिन कार्ययोजना, २०६९ को कृषि क्षेत्र विकास सम्बन्धी बुँदा नं. ११ मा माछा, पशुपंछी र कृषि उपजको व्यावसायिक उत्पादनमा जोखिम बिमा गरिदिने र सो बिमाको ५० प्रतिशत अनुदान सरकाले दिने भनि उल्लेख गरेको थियो। पछि २०६९ माघ १ गते देखि लागु भएको माछा ,पशुपंक्षी र बाली बिमा कार्यक्रममा सहभागी कृषकहरूले तिरेको बिमा प्रिमियमबापत को ७५ प्रतिशत रकम नेपाल सरकार ले तिर्ने गरी बजेट बिनियोजन भएको थियो । २०७७ मसिंर १५ गते देखि बाली तथा पशुपंक्षी निर्देशन २०६९ लाई संशोधन गरी कृषि तथा पशुपंक्षी बीमा निर्देशिका, २०७७ लागू गरिएको छ। २०७७ मसिंर १५ गते देखि जडिबुटी तथा अन्न भण्डारण समेतलाई यस बीमामा समावेश गरिएको छ। शुरुको अवस्थामा बाली बीमा उत्पादन लागतको (खेती खर्च) आधारमा भएता पनि विगतका बर्षहरूमा बीमा समितिद्वारा विभिन्न बालीहरूको बीमालेख उत्पादनका आधारमा जारी गरिएको र सो को निरन्तरता रहिआएको छ। यस अनुदान मार्फत कृषि क्षेत्रमा रहिआएको उच्च जोखिमलाई न्यूनीकरण गरि कृषकहरूलाई व्यावसायिक कृषि प्रणालीमा आकर्षित गर्न सहयोग गर्ने अवधारणा राखिएको छ।

### ४.१.३.८.कृषि पूर्वाधार विकास अनुदान कार्यक्रम

यस अनुदान अन्तर्गत सिँचाई पूर्वाधार, शित भण्डार, गोदामघर निर्माण, बजार पूर्वाधार विस्तार जस्ता कार्यक्रम पर्दछन। यस्ता आयोजनाहरू धेरै मात्रामा सामूहिक प्रयोगको लागि निर्माण गरिन्छन्। यस्ता पूर्वाधार विस्तार गर्न धेरै बजेट लाग्ने र छोटो समयमानै लगानी उठ्न नसक्ने पूर्वाधारहरू जस्तै मझौला तथा ठुला शितघरहरू, धेरै मूल्य पर्ने औजार/उपकरणहरू व्यक्तिगत रूपमा खरिद गर्न र संचालन गर्न कठिनाई हुने भएको हुँदा यस्ता पूर्वाधार

विकासको कार्यक्रम सरकारी लगानीमा हुनु आवश्यक छ । तर बिगतको अनुभव हेर्दा यस्ता पुर्वाधार विकासका कार्यक्रम संचालनमा खर्च हुने बिद्युत महशुलमा छुट दिने व्यवस्था थियो । तर यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको र अनुगमनको कमीमा शितघरको लागि उपलब्ध गराईएको बिद्युत अन्य प्रयोजनमा आउन सक्ने भन्दै यस कार्यक्रममा अनुदान बजेटको व्यवस्था गरियो । यस लगतै कृषि इन्जिनियरिंग निर्देशनालयबाट अनुदान प्राप्त गर्ने शितघरहरूको लागि शत प्रतिशत बिद्युत मिनाह गर्ने कार्यविधि जारी गरियो । पुन २०७४ सालमा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत १२ ओटा कोल्ड स्टोर स्थापना गर्न जिल्ला समेत किटान गरि कार्यविधि तयार गरियो र यस कार्यविधि अनुसार औजार उपकरण र भवनमा समेत ७० प्रतिशत सम्म अनुदान पाउन सक्ने गरी कार्यविधि तयार गरियो । तर यो कार्यविधि आ.ब. २०७४/७५ को कार्यक्रममा संचालन गर्ने गरी कार्यविधि तयार गरियो । यसरि यो कार्यविधि बिना सम्भाब्यता अध्ययन तोकिएको ८ जिल्लाको लागि मात्र प्रस्ताब माग गरियो, पर्न आएको प्रस्ताब मध्ये २ ओटा मात्र प्रस्ताब स्विकृत भए भने कार्यक्रमको लागि आएको बजेट खर्च हुन सकेन । यो कार्यक्रम पुनः आ.ब. २०७५/७६ को लागि प्रस्ताब गरिएको थियो र उक्त कार्यविधि एक बर्ष पनि नपुग्दै पुन संशोधन भएको अवस्था रह्यो । सम्भाब्यता अध्ययनको अभावमा एकातिर बिगतमा तयार भएका शितघरहरू समेत आंशिक रूपमा चलेका छन् भने नयाँ शितघरहरू पनि सम्भाब्यता अध्ययन बिना नै स्थापना हुँदा बिगतको नतिजा नहोला भन्न सकिन्न । यसरी एउटै कार्यक्रमको लागि हरेक बर्ष कार्यविधि तयार/परिमार्जन गर्नु नीतिगत अस्पष्टता र दुरदृष्टिको अभाब रहेको स्पष्ट हुन्छ जसले कार्यक्रमको प्रभावकारीता कम हुने मात्रै नभई सुशासनको समेत कमि रहेको जनाउ दिन्छ । समग्रमा हेर्दा यस्ता पूर्वाधार विकासको कार्यक्रम सम्भाब्यता अध्ययन बिना सेवाग्राहिको मागको आधारमा मात्र संचालन गर्न पुरक अनुदान उपलब्ध गराउने हो भने सरकारी अनुदान प्रभावकारी नहुने मात्र हैन सेवाग्राही संस्था/व्यक्तिको लगानी समेत बालुवामा पानी हाले जस्तो हुने कुरा निश्चित छ ।

### ४.१.३.९.व्यावसायिक कृषि तथा पशुपंछी कर्जामा प्रदान गरिने ब्याज अनुदान

नेपालको बढ्दो बेरोजगारी र मुलुकबाट युवाहरू पलायन हुने समस्यालाई सम्बोधन गर्न तथा युवाहरूलाई कृषिमा आकर्षित गर्न ग्रामिण क्षेत्रमा गरिने व्यावसायिक तरकारी, पशुपंछीपालन, जडिबुटी, तरकारी तथा फलफुल खेति, दुग्ध व्यवसाय, मत्स्यपालन, च्याउ खेती, कृषि भण्डारण, पशु बधशाला तथा मासुजन्य व्यवसायका लागि वित्तिय स्रोतको परिचालन गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकरण, विविधिकरण र व्यावसायिकरण गरी राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुर्याउन व्यावसायिक कृषि तथा पशुपंक्षी कर्जाको ब्याजमा अनुदान दिने व्यवस्था गरेको छ । यस अनुदान अन्तर्गत कृषि तथा पशुपंछी व्यवसायीहरूलाई कृषि उत्पादनमा आकर्षित गर्न बैंक तथा वित्तिय संस्थाबाट कृषि तथा पशुपंछी व्यवसायका लागि प्रवाहित कर्जामा नेपाल सरकारले ५ प्रतिशत ब्याज अनुदान उपलब्ध गराएको छ । यस कार्यक्रममा मार्फत प्रदान गरिने कर्जाको भुक्तानी अवधि बढीमा ५ बर्ष सम्म रहने छ । यस अनुदानमा प्रदान गरिने कर्जा प्रबाह गर्दा कृषि तथा पशुपंछी उत्पादनमा प्रयोग गरिने जमिन धितोका रूपमा लिई वा रु. १० लाख सम्म सामूहिक जमानीका आधारमा कर्जा प्रवाह गरेको हुनु पर्दछ । नेपाल सरकारले ब्याजमा अनुदान तोकेको भएतापनि बैंक तथा वित्तिय संस्थाहरू कृषि तथा पशुपंछी व्यवसायका लागि कर्जा प्रवाह गर्न अनिच्छुक रहेको देखिदै आएको छ । यसका लागि सरकारले नीति निर्माण गर्ने मात्र भन्दा पनि सो नीतिको कार्यान्वयनका लागि उचित मार्गनिर्देशन तयार गरी बैंक तथा वित्तिय संस्थाहरूलाई प्रोत्साहीत गर्नु आवश्यक देखिन्छ ।

### ४.१.३.१०.अन्य अनुदान सम्बन्धी कार्यक्रमहरू

अन्य अनुदान कार्यक्रमहरू अन्तर्गत कृषि तथा पशुपंक्षी विकास मन्त्रालय मातहतका निकायहरूबाट विभिन्न प्राविधिक बिषयवस्तु र बाली विशेषमा अनुदान कार्यक्रमहरू निर्धारण गरेकाछन् । युवा लक्षित कार्यक्रम, बीउ पुँजी कोषमा अनुदान कार्यक्रम, प्रांगारिक कृषि उत्पादन निर्यातका लागि प्रमाणीकरण शुल्क अनुदान कार्यक्रम, फलफुल बिरुवा उत्पादन पूर्वाधार विकास कार्यक्रम, बृहत सुन्तला अनुसन्धान विकास र विस्तार कार्यक्रम, मौरीपालन, च्याउ खेती र रेशम खेती कार्यक्रम जस्ता अनुदानका कार्यक्रमहरू संध, प्रदेश तथा स्थानीय तह मार्फत सञ्चालन हुदै आईरहेका छन् । विभिन्न अनुदानका कार्यक्रमहरू सञ्चालनमा आएता पनि आशातित नतिजा भने आएको देखिदैन । यसको मूख्य कारण भनेको अनुदानका नाममा बिनियोजीत बजेटलाई छर्ने र जसरी भएपनि अनुदानको रकम हडप्ने नियति रहेको छ । यो समस्याको हल गर्नका लागि मूख्यतः सानो सानो एकाईमा अनुदान वितरण गर्नुभन्दा

भौगोलिक क्षेत्र, उत्पादन क्षेत्र र उत्पादनको अवस्था, बजार र बजारीकरणको अवस्था, उत्पादन पूर्वाधारको अवस्था तथा उत्पादन पकेट क्षेत्रको निर्धारण गरि विनियोजीत बजेटलाई समग्रतामा अनुदानको स्वरूपमा प्रवाहित गर्न सकिएमा कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, विविधिकरण र औद्योगिकीकरण मार्फत कृषिमा आधारित समूदायलाई सेवा र उद्योग क्षेत्रबाट बढी आयआर्जन गर्न सक्ने गरी कृषि क्षेत्रको रुपान्तरण हुने अवस्था सम्भव देखिन्छ ।

### ४.१.४.कृषि विकासका लागि भारतमा रहेको अनुदान सम्बन्धी व्यवस्थाको समीक्षा

कृषि क्षेत्रको विकासमा भारत सरकारको अहम भूमिका रहेको छ । यो भूमिकाले विभिन्न स्वरुपहरू लिएको देखिन्छः आयात-निर्यात सम्बन्धी नीतिगत व्यवस्था तथा घरेलु नीतिहरूको व्यवस्थाः जस्तै-समर्थन मूल्य कार्यक्रम, सिधै भुक्तानी, र कृषि लागत तथा उपलब्धतामा असर गर्ने निबेश (ऋण, रासायनीक मल, बिउ, सिंचाई) मा अनुदानको व्यवस्था । कृषक तथा कृषि उद्यमहरूको आम्दानी परिशिष्ट गर्न, कृषि वस्तुहरूको आपूर्ती व्यवस्थित गर्न र यस्ता वस्तुहरूको मूल्य तथा आपूर्ती प्रभावीत पार्न प्रदान गरिने सरकारी वित्तिय सहयोगका रूपमा कृषि अनुदानलाई लिएको बुझीन्छ । भारतमा कृषि क्षेत्रका लागि गरिएको घरेलु सहयोगको व्यवस्था मध्ये कृषि निबेश (inputs) मा अनुदान तथा उत्पादन मूल्यमा सहयोग कार्यक्रमहरू प्रचलित छन् । रासायनीक मल, सिंचाई पानी तथा बिद्युत महशुलमा रहेको अनुदानले भारतीय कृषि अनुदान कार्यक्रममा ठुलो हिस्सा ओगटेको पाइन्छ । रासायनीक मलमा रहेको अनुदानको व्यवस्थाका बारेमा हालैका केहि बर्षहरूमा नीति निर्माता र अनुसन्धानकर्ताहरूको ध्यान केन्द्रित भएको पाइन्छ । भारतमा कृषि तथा कृषकको वृद्धिका लागि कृषि अनुदान महत्वपूर्ण मानिन्छ । अनुसन्धानकर्ताहरूले कृषि अनुदानको खर्चको भारका बारेमा निकै नै चासो दिने गरेका छन् । भरतमा शुरुवाती अवस्थामा रासायनीक मल, सिंचाई पानी तथा ग्रामीण बिद्युतमा अनुदानको व्यवस्था गरेको पाइन्छ जसले हरित क्रान्तिलाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेको विभिन्न अध्ययन प्रतिवेदनहरूमा उल्लेख छन् । कृषि निबेश (inputs) मा अनुदानको व्यवस्थाले हरित क्रान्तिको शुरुवाती चरणमा खाद्यान्न बालीको उत्पादन विस्तारमा योगदान गरेको अध्ययनहरूले पुष्टि गरेका छन् । यसो हुदाँहुदै पनि भारतमा पूर्व-उदारवादको अवधि (१९९०-९१) को तुलनामा उदारवाद पश्चातको अवधि (२००६-०७) मा अनुदानमा ८.३२ गुणा वृद्धि भएको तर उत्पादकत्वमा भने जम्मा १.१ गुणा मात्रै वृद्धि भएको देखिन्छ । तसर्थ कृषि अनुदानले अझै पनि प्रतिक्षित नतीजा हासील गर्न नसकेको प्रष्ट बुझीन्छ । तलको तालिकाले भारत सहित अन्य विकसीत तथा विकासान्मुख राष्ट्रहरूले कृषि अनुदान सम्बन्धी गरेको व्यवस्थाबारे जानकारी प्रदान गरेको छ । तालिकामा उल्लेख भए अनुसार कृषि अनुदान विश्वव्यापी प्रचलन हो भन्ने बुझ्न सकिन्छ र यसको अनुपात प्रतिशत विकासान्मुख भन्दा विकसीत राष्ट्रहरूमा बढि रहेको देखिन्छ । युरोपेली मुलुकहरूमा कृषि अनुदानको प्रतिशत भारतमा भन्दा धेरै रहेको छ जबकी कृषिमा आश्रीत जनसंख्या भने भारतमा बढि रहेको छ । यसबाट समेत कृषि क्षेत्रलाई व्यावसायिकरण, आधुनीकीकरण र बजारमूखि बनाउनका लागि कृषि अनुादनको प्रभावकारी कार्यान्वयन हुनु जरुरी रहेको प्रष्ट हुन्छ ।

**तालिका नं. ४: विकसीत तथा विकासान्मुख राष्ट्रहरूले कृषि अनुदान सम्बन्धी गरेको व्यवस्थाबारे जानकारी**

| राष्ट्र | प्रति हेक्टर अनुदान रकम ($) | अनुदान (प्रतिशतमा) | कृषिमा आश्रीत जनसंख्याको प्रतिशत |
|---|---|---|---|
| युरोपीयन मुलुक | ८२ | ३७ | ८ |
| अमेरीका | ३२ | २६ | ५ |
| जापान | ३५ | ७२ | ४ |
| चीन | ३० | ३४ | २४ |
| दक्षिण अफ्रीका | २४ | ६० | १८ |
| **भारत** | **१४** | **२** | **६०** |

*स्रोतः हर्शल ए.सलुन्खे र डा. बि.बि. देशमुख (२०१२) को अध्ययन प्रतिवेदनबाट साभार गरिएको ।*

### ४.२. कृषि अनुदान कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया र अवस्था

"अनुदान" भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपंछीजन्य उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यावसायिकरणका लागि

कृषकलाई प्रदान गरिने नगद वा मूल्य वा सामाग्री वा सेवा (प्रयोगशाला सेवा र प्रसार सेवा समेत) मा सहुलियत भन्ने बुझिन्छ । सरकारका तिनै तहले विनियोजित वार्षिक वजेट तथा स्वीकृत कार्यक्रम बमोजिम कृषिमा अनुदान उपलब्ध गराउने गरेकाछन । खाद्य तथा पोषण सुरक्षा, व्यावसायिकरण, प्रतिस्पर्धात्मक क्षमता विकास, रोजगारी सृजना साना किसान संरक्षण एवं उत्थान तथा निर्यात प्रवर्द्धनका विषयहरू अनुदान प्रवाहका आधारहरू हुने गरेकाछन् । नेपाल सरकारबाट उपलब्ध गराइने अनुदानको सीमा र अनुपात विभिन्न कार्यक्षेत्रका लागि अनुसूची-३ मा उल्लेख भए बमोजिम रहेकाछन । नेपाल सरकारबाट कृषि तथा पशुपंछी विकासका कार्यक्रमका लागि अनुदानग्राहीलाई उत्पादनका सामाग्री, पशुपंछीको खोप र पशु आहार प्रवर्द्धनका लागी दिईने अनुदानको हकमा सोझै अनुदान वा सहकारी मार्फत प्रदान गर्ने प्रावधान छ भने पुरक अनुदानका रूपमा प्रदान गरिने नगद अनुदान बैंक मार्फत भुक्तानी गर्ने गरिन्छ । तोकिएका विशेष बर्ग र लक्षित समूहका लागि सरकारी निकाय आफैले वा गैह्र सरकारी निकायसँग साझेदारीमा सञ्चालन हुने विशेष कार्यक्रमहरू, र बाली बिरुवाको कुनै मिचाहा रोग, किरा वा झारले बालीनाली नोक्सानी गर्दा वा पशुपंछीका महामारीजन्य रोगहरूबाट नोक्सानी हुँदा वा प्राकृतिक विपदको बेला किसानलाई क्षतिपुर्ति वापत दिईने राहतका कार्यक्रमहरूमा भने कृषि तथा पशुपंछी विकास कार्यक्रमको अनुदान सम्बन्धी निर्देशिका, २०७७ ले कुनै रोकटोक नहुने उल्लेख छ । मन्त्रालयबाट सःशर्त वित्तीय हस्तान्तरण मार्फत अनुदान प्राप्त गरी प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमहरू भने यसै निर्देशिकाको प्रक्रिया बमोजिम सञ्चालन गर्ने प्रावधान छ भने प्रदेश र स्थानीय तहले मन्त्रालयबाट सःशर्त वित्तीय हस्तान्तरण मार्फत सञ्चालन हुने कार्यक्रमहरू बाहेक अन्य श्रोतबाट सञ्चालन हुने अनुदानका कार्यक्रमहरू कार्यान्वयन गर्दा यसै निर्देशिकालाई आधारको रूपमा प्रयोग गर्ने प्रचलन रहेको छ । अन्य कार्यक्रमहरूको कार्यान्वयन गर्ने प्रक्रियाहरू निम्नानुसार रहेका छनः

**१.साना तथा मझौला कृषक, कृषि उद्यमीहरूको लागिः**

चरण १

- निबेदन आब्हान गर्ने (वार्षिक)
- लगानीद्वारमा निबेदन दर्ता तथा योग्यता परिक्षण

चरण २

- पूर्ण प्रस्तावको प्राविधिक तथा वित्तीय मूल्यांकन गर्ने र स्थलगत प्रमाणीकरण गर्ने

चरण ३

- स्थलगत प्रमाणीकरण
- सम्झौता तथा वार्ता
- आयोजना कार्यान्वयन
- प्राविधिक तथा प्रशासनिक सहयोग
- आयोजना सम्पन तथा समापन

**२. ठुला कृषि उधमीहरूको लागि**

चरण १

- निवेदन आव्हान गर्ने (वार्षिक )
- लगानीद्वारमा निवेदनदर्ता तथा योग्यता परिक्षण

चरण २

- आर्थिक तथा प्राविधिक मुल्यांकन
- स्थलगत प्रमाणीकरण
- पूर्ण प्रस्ताव पेश गर्न आमन्त्रित गर्ने

चरण ३

- पूर्ण प्रस्तावको प्राविधिक तथा वित्तीय मुल्यांकन गर्ने
- छनोट भएकाहरूको पूर्ण प्रस्तावको श्रेणीक्रम Ranking गर्ने

चरण ४

- प्रस्ताव स्वीकृत तथा प्रकाशन

- वार्ता तथा सम्झौता
- आयोजना कार्यन्वयन
- प्राविधिक तथा वित्तीय सहयोग
- आयोजना सम्पन्न तथा समापन

**सरकारी निकायबाट अनुदान दुरुपयोग गर्नबाट रोक्न वा कार्यक्रमको दिगोपना कायम गर्ने को लागि राखिएको उपायहरू**

अध्ययन अनुसार कार्यक्रमबाट पुरक अनुदान प्रवाह गर्दा अनुदानको सदुपयोग प्रवर्दन गर्न र दुरुपयोग रोक्नको लागि सम्झौताको प्रक्रियामा हर सम्भव शर्तहरू राखी अनुदानग्राहीलाई प्रतिबद्ध गराएको देखिन्छ । यसका साथै उप , आयोजनाहरूको अनिवार्य क्रियाकलापमा सार्वजनिक सुनुवाई , पारदर्शिताको लागि अन्य व्यवस्था भएको पाइन्छ । कार्यक्रमबाट हरसम्भव प्रयास भएता पनि अनुदानग्राहिले कार्यक्रमको समाप्ति पश्चात अनुदानको दुरुपयोग भएको खण्डमा सो नियन्त्रण गर्ने प्रयाप्त कानुनी आधार (सबै कार्यक्रमको लागि समेत) भने तयार भएको देखिदैन । यसका लागि जुन जुन स्थानीय तहमा कार्यक्रम संचालनमा छ तत् स्थानीय तहमा अनुदान प्रवाह र अनुदानको शर्तको बारेमा समयमै जानकारी गराउन सके कार्यक्रमको दिगोपना कायम हुने र दुरुपयोग रोक्न केहि हदसम्म सघाउ पुग्ने देखिन्छ ।

**कृषि अनुदानको कार्यान्वयनको अवस्था तथा अनुदानग्राहीले पाएको सकारात्मक सहयोग**

कृषि प्रधान देश नेपालमा वार्षिक २ खर्ब रुपैयाँ भन्दा धेरैको कृषिजन्य सामग्री विदेशबाट आयात भईरहेको छ । सागदेखि काउलीसम्म, अनि कोदोदेखि काजु बदामसम्मका कृषिजन्य वस्तुहरू विदेशबाट किनेर नेपालीले खपत गरिरहेका छन् । कृषिजन्य सामग्रीहरूको आयात रोक्ने मात्रै नभई निर्यातको समेत लक्ष्य राखेर सरकारले हरेक वर्ष अर्बौं रुपैयाँ कृषि योजना-परियोजना मार्फत ८५ प्रतिशतसम्म अनुदान दिँदै आएको छ । कृषि क्षेत्रमा जति अनुदान अरु कुनै पनि क्षेत्रमा छैन । तर पनि कृषिको अनुदान कहाँ गयो, कति सदुपयोग भयो भन्ने बारेमा अहिलेसम्म गतिलो अध्ययन र समीक्षा भएकै छैन । तर महालेखा परीक्षकको कार्यालयले भने कृषिमा दिइएको अनुदान पटक्कै प्रभावकारी नभएको जनाएको छ । कृषि पेशातर्फ किसानलाई आकर्षित गर्न र युवा पलायन रोक्न भन्दै सरकारले कृषिमा अनुदान दिँदै आएको छ । कृषि क्षेत्रमा आर्थिक वर्ष २०७६/७७ मा मात्रै सरकारले १३ अर्ब ६१ करोड रुपैयाँ अनुदान दिएको थियो । विदेशी दातृ निकायले दिने सहयोगको धेरैजसो भाग पनि अनुदानमै खर्च भएको छ । गत वर्षको बजेट वक्तव्यमा साना व्यावसायिक कृषक तथा कृषि उत्पादन पकेट क्षेत्रहरूमा उन्नत र गुणस्तरीय बीउ, बेर्ना, विरुवा र माछाका भुरा सहज रूपमा उपलब्ध गराउने उल्लेख थियो । यस्तै रासायनिक र प्राङ्गारिक मलमा अनुदान दिने, सिँचाइका लागि कुलो र नहरहरू निर्माण गर्ने, आधुनिक कृषि ज्ञान तथा प्राविधिक सेवा उपलब्ध गराउने, सुपर जोनमा पकेट, ब्लक र जोनमा उपलब्ध गराइने सुविधाका अतिरिक्त बीउ, बेर्ना, विरुवा, माछा, भुराको मूल स्रोत केन्द्र, प्राङ्गारिक मल कारखाना र जैविक विषादी उत्पादन केन्द्र स्थापना गर्न ८५ प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराउने बजेटले व्यवस्था गरेको थियो । तर यसको प्रभावकारिता मूल्याँकन गर्न खासै केहि पनि नभएको पाइएको छ ।

सरकारले हरेक वर्ष कृषिमा अनुदान बढाउँदै लगेको छ । तर उत्पादन झनै घटेको छ । सरकारले यसलाई प्राकृतिक प्रकोपको कारण भनेको छ । तर कृषि तथा पशुपंक्षी मन्त्रालयका विभिन्न निकायले तयार पारेका प्रतिवेदनले नै अनुदान प्रभावकारी नभएको र मल बीउ समेत बेलैमा नपाएको उल्लेख गरेका छन् । विशेष कृषि उत्पादन कार्यक्रमले कृषि सामाग्री कम्पनी लिमिटेड मार्फत जम्मा रु ७ अर्ब १२ करोड २६ लाख तथा साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेड मार्फत रु ३ अर्ब ४० करोड ६९ लाखको अनुदानित रासायानिक मल तथा उन्नत बीउ वितरण गरेको थियो । कार्यक्रम लागु भएका जिल्लामा धान, गहुँ, मकै लगायतका उन्नत बीउ वितरण गरे पनि समयमा कृषकले मल नपाउने, सबै कृषककोमा उन्नत बीउ नपुगेको गुनासो आएको महालेखाले जनाएको छ । गत वर्षको तुलनामा यो वर्ष कृषि क्षेत्रको अनुदानमा १०.७४ प्रतिशत वृद्धि भए पनि खाद्यान्नमा जम्मा ०.४० प्रतिशत वृद्धि तथा तरकारी

उत्पादनमा ४.२६ र फलफुलमा ६.९६ प्रतिशतले घटेको महालेखाको प्रतिवेदनमा देखिन्छ। विगत ५ वर्षमा अनुदान बढेको अनुपातमा उत्पादन वृद्धि नभई तरकारी र फलफूल उत्पादन घटेको देखिन्छ । अनुदानको उपयोगबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने लक्ष्य लिनुपर्ने तथा उपलब्धिको विवरण अद्यावधिक गनुपर्ने महालेखाको सुझाव रहेको छ । संघ, प्रदेश र स्थानीय तहका बहुनिकाय मार्फत अनुदान वितरण सम्बन्धमा स्पष्ट कार्यक्षेत्र निर्धारण नगरेको कारण अनुदान वितरण पारदर्शी नभएको देखिन्छ । कार्यक्रम कार्यान्वयन, कार्यविधि र निर्देशिकामा पटक पटक संशोधन हुनु, एकै प्रकृतिका क्रियाकलापमा फरक फरक कार्यविधि तयार पारिनु, वास्तविक कृषकको पहिचान नगरी कार्यक्रम स्वीकृत गरिनु जस्ता कारणवाट अनुदानको उपयोग प्रभावकारी नभएको पाइन्छ। कृषि तथा पशुपंछी विकास मन्त्रालयले अर्थ मन्त्रालयको सहमति नलिई अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यन्वयन कार्यविधि र कृषि तथा पशुपंक्षी बीमा निर्देशिका, २०७७ लगायतका कार्यविधि तथा निर्देशिकाहरू स्वीकृत गरी लागू गरेको भएपनि आर्थिक नियमावली, २०६४ को नियम ११४ अनुसार नभएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । अनुदान वितरण गर्दा सबै क्षेत्र र वर्ग नसमेटिएको तथा अनुदानमा कमजोर र विपन्न कृषकको पहुँच नपुगेको जस्ता व्यहोरा देखिएको छ ।

महालेखाको प्रतिवेदन अनुसार अनुदान वितरणमा निम्न कुराहरूको कमि रहेको छ: वैधानिक एंव एकिकृत कार्यविधिमा नीतिगत स्पष्टता र एकरुपता नभएको, नगद तथा वस्तुगत अनुदान उपलव्ध गराउने मापदण्ड तयार नभएको र सो बाट प्राप्त हुने उपलब्धिको व्याख्या भए पनि अध्ययन नभएको, पुँजी निर्माण हुने, सार्वजानिक सम्पति सिर्जना हुने, लक्षित वर्ग र क्षेत्रका जनताको आर्थिक तथा सामाजिक उत्थान हुने, उद्यशीलता र पूर्वाधार विकास, क्षमता विकास, व्यवसायिकरण तथा आधुनिकीकरण र मूल्यश्रृङ्खला प्रवर्द्धनमा टेवा पुग्नेतर्फ विशेष ध्यान नदिएको, अनुदान उपभोगको सम्वन्धमा अनुगमन तथा मूल्याङ्कन नभएको, अनुदानको लाभग्राही छनौटको स्पष्ट आधार निर्धारण नभएकाले पारदर्शी तवरले छनौट नभएको, एउटै लाभग्राहीलाई पटक पटक विभिन्न निकायले एकै प्रयोजनको लागि अनुदान दिने र लाभग्राहिको लागत सहभागिता नहुने, निजी व्यवसायीलाई प्रदान गरिने अनुदानबाट सर्वसाधारणले लाभ लिन नसक्ने हुदा अनुदानको उपलब्धी कम रहेको छ। नेपालमा धेरै जसो किसानहरूको शैक्षिक अवस्था कमजोर भएको र अनुदान सम्बन्धी जानकारीको पहुँच नभएको पाइन्छ । जानकारी पाए पनि अनुदान कार्यविधिले माग गरेको कगजात जुटाउन समस्या भएको पाइन्छ । माथि उल्लेखित बुदाँहरूका कारण अनुदान पाउनुपर्ने किसानहरू अझै अनुदानवाट बञ्चित भएको पाईन्छ ।

कृषि अनुदान कार्यक्रममा सुधार गर्नुपर्ने अनेकन प्रक्रिया, प्रसंग रहेता पनि यस किसिमका कार्यक्रम मार्फत कृषिलाई आफ्नो कर्म र धर्मका रूपमा स्वीकार गर्ने सेवाग्राहीहरूका लागि भने वरदान नै साबित भएको स्थलगत भम्रण तथा अवलोकन र अनुदानग्राहीहरूसँग गरिएको साक्षत्कारबाट प्रष्ट भएको छ । कतिपय अनुदान कार्यक्रम प्राप्त गर्ने व्यक्ति, समूह वा संस्थाको कृषि प्रतिको लगाव वा झुकाव हेरेर विश्लेषण गर्ने हो भने सबै अनुदान असफल भए वा सबै अनुदान प्रतिफलमा आधारित हुन सकेनन् भन्ने प्रसंग मिथ्या हुन आउछ । प्रभावकारी र प्रतिफलमूखि अनुदानका कार्यक्रमले के कस्ता सकारात्मक परिवर्तन ल्याउन सक्छन भन्ने सन्दर्भमा निम्न कुराहरूको टिप्पणी गर्नु सार्थक हुन आउछ:

क) **उत्पादन लागतमा कमि:** नेपालको कृषि क्षेत्रमा उच्च उत्पादन लागत भएकाले हाम्रा किसानहरूले अन्तराष्ट्रिय वा क्षेत्रिय बजारमा प्रतिस्पर्धा गर्न निकै कठिन हुने गरेको छ जसले गर्दा कृषितर्फको आकर्षण घटदै जाने अवस्था आउनसक्ने देखिन्छ । तर उत्पादन, उत्पादकत्व वृद्धि र बजारीकरणको आधार तयार तथा सुदृढिकरण गर्ने तथा निजी व्यवसायीलाई समेत कृषिमा आकर्षित गर्न कृषिका विभिन्न क्षेत्रमा अनुदान कार्यक्रम तयार पारि कार्यान्वयन भईरहेको छ। २० देखि ८० प्रतिशत सम्मको अनुदानका कार्यक्रम मार्फत किसानहरूको उत्पादन लागत कम गर्ने र सोहि अनुसार उच्च मुनाफा आर्जन गर्न सक्षम बनाउने प्रयास भईरहेको छ। यसरी अनुदान पश्चात खुद नाफामा वृद्धि भई आयआर्जनमा सुधार आउने देखिएको छ।

ख) **उत्पादन तथा उत्पादकत्वमा सुधार:** अनुदान कार्यक्रम अन्तर्गत विभिन्न सुधारीएका प्रविधि, यन्त्र तथा उपकरणहरूको विकास, विस्तार र अवलम्बन हुनेभएकाले अनुदान पश्चात कृषि क्षत्रेको उत्पादन तथा उत्पादकत्वमा क्रमिक रूपमा सुधार आईरहेको छ। अनुदान पश्चात अनुदानग्राहीहरूले तरकारी खेति, उन्नत जातका बाखापालन, कुखुरापालन, लगायत केहि कृषि यन्त्र तथा उपकरणहरूको प्रयोग मार्फत कृषि तथा पशुपंक्षी क्षेत्रको उत्पादन तथा

उत्पादकत्वमा वृद्धि गर्ने क्रम चलिरहेको छ। तरपनि अपेक्षीत  रूपमा भने अझैपनि अनुदानको प्रभाव प्रत्यक्षरूपमा देखिएको छैन।

ग) **खाद्य तथा पोषण सुरक्षाः** अनुदान कार्यक्रमको सफल कार्यान्वयन हुदाँ कृषि उत्पादनमा वृद्धि हुने जसले गर्दा प्रत्येक अनुदानग्राही घरधुरीहरूमा कृषि उपज वा वस्तुहरूको उपलब्धतामा सहजता आउने वा कृषि कार्यबाट खुद मुनाफामा समेत सुधार हुने भएकाले विविध खाद्य तथा कृषि वस्तुहरूको खरिदका लागि समेत पहुँच हुन्छ र सो वस्तुहरूको उपभोगमा वृद्धि हुन आउछ। यसबाट किसान घरपरिवारहरूको खाद्य तथा पोषण सुरक्षामा समेत सुधार आउछ।

घ) **आयआर्जनमा सुधारः** अनुदान पश्चात कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा आएको सुधारले अनुदानग्राहीहरूलाई उपभोग गरेर बचेका कृषि उपज तथा वस्तुहरूको बजारीकरण मार्फत क्रमिकरूपमा आयआर्जन गर्न सक्ने देखिन्छ। कतिपय अनुदानग्राहीहरूले अनुदान मार्फत पाएको सहयोगलाई दिगो आयआर्जनको श्रोतका रूपमा समेत स्थापित गरेको स्थलगत अवलोकनका क्रममा देखिन्छ।

ङ) **जीविकोपार्जनमा सुधारः** अनुदानलाई सकरात्मक सहयोगका रूपमा व्यख्या गर्ने अनुदानग्राहीहरूले सो सहयोग मार्फत कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि मात्र नगरि उनीहरूले सम्पत्ति (assets) समेत जुटाईरहेका हुन्छन। उदाहरणका लागिः भौतिक सम्पत्तिको विकास-नयाँ कृषि पुर्वाधारहरूको निर्माण तथा प्रयोग, यन्त्र तथा उपकरणहरूको उपलब्धता आदि; सामाजिक सम्पत्ति-समूह वा सहकारी वा व्यवस्थित कृषि फर्मको दर्ता, बैठक तथा सामाजिक सभा, समारोहमा सहभागितामा वृद्धि, आदि; वित्तिय सम्पत्ति-नियमित आय श्रोत, समूह वा सहकारीमा बचत गर्ने बानीको विकास, श्रृजना भएको पुँजीको परिचालन; मानव सम्पत्ति-तालिममा सहभागिता, कृषि क्षेत्रका विभिन्न प्राविधिक ज्ञान, सिपको सिकाई तथा क्षमता विकास आदि; प्राकृतिक सम्पत्ति-पानी वा सिँचाइका श्रोतहरूको बैज्ञानिक प्रयोग तथा पुनर्स्थापना, खेर गएका वा परित्याग गरिएका जमिनको पुनःउपयोग, जैविक विविधताको संरक्षण आदि। यी सबै सम्पत्तिहरू जीविकोपार्जनका महत्वपूर्ण आयाम भएकाले समेत अनुदान पश्चात समग्रमा प्रत्येक अनुदानग्राहीको जीविकोपार्जनमा सुधार आउने प्रष्ट हुन्छ। साथै यी सम्पत्तिहरूको सुनिश्चितता र क्रमिकरूपमा हुने आम्दानी, बचत तथा ऋण परिचालनको बानीले भविष्यमा हुनसक्ने प्राकृतिक तथा अप्राकृतिक जोखिम वा विपदको सामना गर्न समेत अनुदानका उपलब्धिहरू उपयोगि भएको विभिन्न अध्ययन तथा स्थलगत भम्रण तथा अवलोकनबाट प्रष्ट भएको छ।

कृषि विभाग र मातहतका कार्यालयहरूबाट आ.व. २०७५/७६ मा सञ्चालित विभिन्न कार्यक्रमहरू मार्फत कृषक, कृषक समूह र सहकारी, कृषि उद्योग तथा कृषि सम्बन्धी संस्थाहरूलाई उपलब्ध गराइएको अनुदान तथा प्रगतीको विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ।

यसरी अनुदान प्राप्त विभिन्न लाभग्राहीहरूको भोगाई तथा अनुदान पश्चात उनीहरूले गरेको संघर्ष र सफलताका यथार्थहरू अनुसूचीका (अनुसूची-५) रूपमा प्रस्तुत गरिएको छ।

### ४.३.कृषि अनुदान उपलब्ध गराउने विधिमा किसानहरूको पहुँच

सरकारी कोषबाट हुने कुनैपानी प्रकारको अनुदान मितव्ययी, पारदर्शी तरिकाले खर्च हुनुपर्दछ। तर्सथ सरकरी अनुदान लक्षित समुदायको हातमानै पुगोस भनि यथेस्ट ध्यान दिनु आवश्यक छ। नेपाल सरकारले वार्षिक विकास कार्यक्रम अन्तर्गत विनियोजित बजेटको सिमा भित्र रही लक्षित वर्ग र क्षेत्रको उत्थान, विकास निर्माण तथा प्रवर्द्धनका लागि विशेष अनुदान प्रदान गर्दै आइरहेको छ।  नेपाल सरकारले किसानलाई कृषि अनुदानमा पहुँच गराउन कृषि अनुदान सम्बन्धी विधिमा निम्न व्यवस्थाहरू गरेको छ।

- अनुदान दिइने कार्यक्रम अन्य कार्यालयसँग सम्बन्धित भए त्यस्तो कार्यालयसँग आवश्यक समन्यव गर्नु पर्नेछ।
- एउटै कामका लागि एक भन्दा बढी कार्यालयबाट दोहोरो पर्ने गरी अनुदान लिन नदिने छ ।
- अनुदान उपलब्ध गराउंदा सम्बन्धित कार्यालयले प्रदेश मन्त्रालय , स्थानीय सरकारको पूर्व स्वीकृति लिन पर्नेछ।

अधिकांश संचालन भएका आयोजना तथा कार्यक्रमहरूको अनुदान रकम तथा समय तालिका वार्षिकवार्षिक स्वीकृत कार्यक्रम अनुसार रहेको छ। वार्षिक कार्यक्रम स्वीकृत भई अख्तियारी प्राप्त भइसके पछि अनुदानको लागि आबेदन माग गर्ने र आर्थिक कार्यविधि, नियमावली बमोजिम प्रक्रियामा जाँदा अधिकांश कार्यक्रमहरूबाट बर्षको अन्त्यमा मात्र अनुदान उपलब्ध गराउन सकिने व्यवहारिक कठिनाई पनि परेको छ। दातृ निकायहरूको सहयोगमा

संचालित आयोजनाहरूको कतिपय कार्यक्रमहरू पहिले नै तयार भएका र आयोजना अवधि भरमा सम्पन्न गर्नुपर्ने भएकाले वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरू संचालन गरिन्छन ।

अनुदान प्रक्रियामा तोकेको योग्यता पुगेका अनुदान प्राप्त गर्न चाहेने किसान, फर्म, समूह, संस्था, समिति, कम्पनीहरूले देहाय बमोजिमका कागजातहरू संलग्न गरेपछि अनुदान पाइरहेका छन् ।

- दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिप ।
- गत आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन ।
- नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि ।
- अघिल्ला दुई आर्थिक बर्षमा अनुदानको लागि प्रस्ताब आव्हान गरिएकोमा कुनै कार्यलयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।
- कार्यालयले तोकेका अन्य आवश्यक कागजात ।
- सम्बन्धित कार्यालयले निवेदकलाई आयोजना तथा कार्यक्रमको प्रस्ताब, वित्तीय विवरण र प्रतिबेदनको ढाँचा तयार गरि उपलब्ध गराउने ।

### ४.३.१.अनुदान वितरणका लागि अध्ययन मार्फत सिफारिस तरिकाहरू

**१.कृषक दर्ता र भौचरको माध्यमबाट अनुदान**: हालको अनुदान प्रणालीमा पहुँच भएका व्यक्ति, समूह र कृषि सहकारीहरू मात्र धेरै लाभान्वित भएको पाइएको छ । हाम्रो देशमा धेरै कृषकहरू साना र सिमान्तकृत भएकोले सोचे जस्तो परिमाण नआएको हाम्रो अनुदान कार्यान्वयन प्रणालीले सिद्द गरिसकेको छ । त्यसैले साना किसानहरूलाई समान रूपमा लाभान्वित हुने हिसाबले अनुदान प्रणालीलाई व्यवस्थित गर्नु पर्दछ । यसका लागि स्थानिय निकायमा रहेका कृषि प्राबिधिकहरूले आफ्नो क्षेत्रभित्रका कृषकहरू लाई मौसम अनुसारको बालि योजना तयार गर्न र सोहि बमोजिम कार्य गर्न प्राविधिक सेवा प्रवाह गर्ने व्यवस्था गर्नु पर्दछ । तत्पश्चात कृषकहरू लाई प्रमुख उत्पादन सामग्रीहरू (मल, बिउ, बिषादीहरू, साना औजार आदि) खरिदका लागि भौचर मार्फत अनुदान रकम उपलब्ध गराउने गर्नु पर्दछ ।

**२.प्राथमिकता प्राप्त क्षेत्रको पहिचान र अनुदान:** राज्यको उच्च प्राथमिकतामा रहेको कृषि बालि, कृषि बस्तुहरू, र पशुपालन क्षेत्रमा राज्यले निर्धारण गरेको लक्ष्य र उद्देश्यहरू हासिल गर्नका लागि सघाउ पुर्याउन त्यस्ता बालिहरू तोकिएको न्युनतम क्षेत्रफल भन्दा बढी क्षेत्रमा तोकिएको मापदण्ड अनुसारको उत्पादन गर्ने उद्यमी र कृषक समूह र सहकारीहरूलाई हाल अबलम्बन गरिरहेको पद्दतिमा सुधार गर्दा हुने थप लगानी बराबरको रकम अनुदान दिने व्यवस्था मिलाउने ।

**३.पूर्वाधार विकासमा अनुदान:** ठुला पुर्वाधारहरू (कृषि बजार, सिंचाई, आदि) बनाउन राज्यले नै लगानी गर्नु पर्दछ । यस्ता संरचनाहरू निर्माण पछी व्यस्थापनमा कृषि उद्यमी, कृषक समूह, सहकारी, र कम्पनीहरूलाई संग्लन गराई संचालन गर्ने मोडालिटी अवलम्बन गर्नु पर्दछ ।

**४.जोखीम व्यवस्थापन:** बालि बिमा र न्युनतम समर्थन मूल्य लगायतका जोखीम न्यूनीकरण तथा सुरक्षाका बिषयहरूको सूचना तथा सुविधा सम्बन्धित कृषकहरूले पाउने गरी हाल कायम रहेको व्यवस्थालाई अझै व्यवस्थित र प्रभावकारी बनाउदै लानु पर्दछ ।

**५.लागत सहभागीता:** उत्पादन सामाग्रीहरू, रासायनिक मल, प्रांगारिक मल, बीउ बिजन, औजार तथा बिमा प्रिमियम लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था मिलाउनु पर्दछ ।

### ४.४.कृषि अनुदानमा भएका नीतिगत व्यवस्थाको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको (SWOT) विश्लेषण

नेपाल सरकारले कृषि तथा पशुपंक्षी वकास कार्यक्रमको अनुदान सम्बन्धी निर्देशिका, २०७७ अन्तर्गत विभिन्न कृषि अनुदानका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याईरहेको सन्दर्भमा कृषि अनुदानमा भएका नीतिगत व्यवस्थाका सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

| सबल पक्ष | दुर्बल पक्ष |
| --- | --- |
| • गरीब ग्रामीण घरपरिवारका लागि खाद्य सुरक्षा, गरिबी निवारण तथा जीविकोपार्जनका अवसरहरू सुधार गर्ने । | • कृषि अनुदान कार्यक्रमहरूको नीतिगत तथा कार्यक्रमगत अस्थिरता (प्रत्येक वर्ष नयाँ कार्यक्रम प्रस्ताब गर्ने र |

| | |
|---|---|
| • कृषि पेशामा आबद्ध साना तथा ठुला किसानहरूको संरक्षण तथा सामाजिक न्यायको प्रत्याभूति गर्ने ।<br>• समाजका बिपन्न तथा स्रोतमा पहुँचको अभाव भएका किसानहरूलाई संरक्षण गर्ने ।<br>• कृषि क्षेत्रको विकासको लागि अत्यावश्यक पुर्वाधार विकास गर्न सहयोग पुग्ने (जस्तै कृषि सडक, कोल्ड स्टोर स्थापना तथा संचालन, कृषि यान्त्रिकरण, सिंचाई पुर्वाधार निर्माण आदि) ।<br>• आधुनिक कृषि प्रविधि र पूर्वाधारको प्रयोगलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।<br>• वैदेशिक रोजगारी खोज्ने सम्भावना बढी हुने ग्रामीण युवाहरूलाई कृषितर्फ आकर्षित गर्न् ।<br>• ग्रामीण समुदायलाई स्वउत्पादन मार्फत आत्मनिर्भर बनाउनको लागि आधार तयार पार्ने ।<br>• किसानहरूको प्राविधिक ज्ञान तथा सिपको विकास हुने तथा सशक्तिकरण स्तरमा वृद्धि गर्ने ।<br>• किसानहरूको जोखिम बहन गर्ने क्षमता बढाएको र श्रोत साधनलाई लक्षित समुदायमा पुर्याउन सहयोग गरेको छ । | अघिल्लो बर्षको कार्यक्रमहरूको फलोअपको निरन्तरतामा कम ध्यान जाँदा प्रतिफल कम हुने गरेको ।<br>• एकै प्रकृतिका कार्यक्रममा पनि भिन्न भिन्न कार्यविधि र निर्देशिका तयार भएको हुँदा र पटक पटक संशोधन हुँदा विभिन्न व्यक्तिगत स्वार्थहरू हाबी हुँन गई अनुदान अपचलन हुने सम्भावना बढेको ।<br>• सरकारी निकायका साथै अन्य विभिन्न संध संस्थाले समेत अनुदान वितरण गरेको हुनाले एकै प्रकृतिको अनुदानमा दोहोरोपनाको संभवाना धेरै भएको ।<br>• अनुदानको लक्ष्य (कसका लागि, के प्रयोजनको लागि, कति जनाको लागि, कति समयको लागि) स्पष्ट नभएको र ठोस उद्देश्य बिनै अनुदान वितरण हुने गरेको ।<br>• अति दुर्गम तथा ग्रामीण क्षेत्रका किसानहरू जो सँग संचार तथा सुचनाको माध्यमको अभाव वा निकै कम पहुँच छ, उनीहरूका लागि कृषि अनुदान आकाशको फल आँखातरि मर भने जस्तो भएको ।<br>• सामान्य किसानले (अनुदानग्राही) कतिपय अवस्थामा आफैले अनुदान तथा अनुदान कार्यक्रमका सबै प्रकिया पुरा गर्न नसक्ने गरेको (जस्तै प्रस्तावना आलेख पत्र (PCN) लेखन, अन्तिम प्रतिबेदन आदि) जसले गर्दा टाठाबाठाले मात्रै लाभ लिने अवस्था सृजना भएको ।<br>• प्रक्रियागत कठिनाई, झन्झटिलो कागजात व्यवस्थापनका कारण ग्रामिण भेगका अशिक्षित किसानहरू अनुदान लिन हिचकिचाउँछन् ।<br>• कतिपय अवस्थामा कृषि ज्ञान केन्द्रहरू (AKCs) ले आफ्नो मुख्य उद्देश्यको (प्राविधिक सहयोग) मार्गदर्शनबाट विचलन भएको । |
| **अवसर** | **चुनौती** |
| • पछिल्लो समयमा युवाहरूको व्यावसायिक कृषिमा आकर्षण वृद्धि भएको ।<br>• आधुनिक कृषि प्रविधि, यन्त्र र उपकरणको द्रुत विकास भई तिनको प्रसार र विस्तारका कार्यक्रम सञ्चालन भएको ।<br>• वर्तमान ३ तहका सरकारहरूको काम, कर्तव्य भिन्न र पृथक भएका कारण तहगत हिसाबमा अनुदान कार्यक्रममा सहयोगको लागि अवसर प्रदान गरेको (स्थानीय तह-प्रविधि विस्तार, प्रादेशिक तह-यान्त्रिकरणको लागि विकास तथा उत्पादन, संधिय तह-बृहत् स्तरको बजारीकरण तथा नियमन)<br>• उत्पादन पकेट क्षेत्रहरू निर्धारण भईरहेको अवस्थामा निश्चित बाली तथा पशुपंक्षीहरूमा उत्पादन वृद्धिको अवसर रहेको ।<br>• व्यवसायीकरण र औद्योगिकरणका लागि आवश्यक ठुला कृषि पूर्वाधारहरूको (सिंचाइ, शित भण्डार, गोदाम घर निर्माण, बजार पूर्वाधार विस्तार) निर्माण तथा विकासमा सहयोग पुग्ने अवस्था रहेको । | • नेपालको छिमेकी मुलुकहरू र अन्य विकसित देशहरूले कृषि क्षेत्रमा धेरै अनुदान दिएको हुनाले उत्पादन लागत कम हुने गरेको तर नेपालमा कृषि अनुदानका कार्यक्रम भएतापनि कृषि उत्पादन लागत धेरै भएकोले नेपालको कृषि उत्पादन बजारमा प्रतिस्पर्धात्मक रूपमा आउन नसकेको ।<br>• अनुदान मार्फत स्थानीय जातको सट्टा उन्नत जातको प्रवर्द्धन गरिएकाले कृषि जैविक विविधता र मौलिक खेति प्रणालि गुम्ने खतरा रहेको ।<br>• बिकसित देशहरूको कृषि क्षेत्रको कुल आय (AGDP) को २ देखि ७५ प्रतिशत सम्म पनी लगानी गर्ने गरेको पाईन्छ तर नेपाल जस्तो अल्पविकसित देशले न्यून बजेट मात्र कृषि क्षेत्रमा लगानी गरेको ।<br>• सरकार परिवर्तन भएसगै कृषि अनुदानको कार्यक्रम तथा अनुदानगत नीतिहरू परिवर्तन हुने र नयाँ कार्यक्रमको |

| | |
|---|---|
| | निर्माण गर्ने र अघिल्ला वर्षका कार्यक्रमहरूले निरन्तरता नपाउने वा नियमनमा ध्यान नजाने हुदाँ अनुदानको प्रतिफल कम हुने गरेको । |

*स्रोतः स्थलगत सुचना संकलन मार्फत तयार पारिएको*

### ४.५.अनुदान कार्यक्रमहरूमा दोहोरोपना

राज्यबाट उपलब्ध गराइने अनुदानमा हुने दोहोरोपना कुनै पनि कार्यक्रमको प्रभावकारीता मापनको आधारमा पनि अनुचित मानिन्छ । अनुदानहरू साधारणतया उत्पादनको आधारमा र प्रतिस्पर्धाको आधारमा दिइने गरिएको पाईएको छ । उत्पादनको आधारमा वितरण गरिने अनुदानहरू दोहोरिदा खासै असर पर्दैन तर प्रतिस्पर्धाको आधारमा सिमित कृषकहरूको उत्पादकत्व तथा क्षमता वृद्धि गर्न उपलब्ध गराइने अनुदानले बजारमा समेत प्रभाव पार्ने हुन्छ । त्यसैले एकै प्रकृतिको अनुदान, एकै क्षेत्रका लागि, एकै व्यक्ति वा कृषकलाई उपलब्ध गराइनु अनुचित मात्र नभएर दण्डनीय हुनु पर्दछ । हाम्रो देशमा सञ्चालन भईरहेका अनुदानको प्रकृति हेर्दा धेरै जसो अनुदानका कार्यक्रममा कृषक र क्षेत्रहरू दोहोरिने प्रकृतिका देखिन्छन । विगतमा नेपाल सरकार र गै.स.स. ले संचालन गरेका आयोजनाहरूको क्षेत्र विश्लेषण गर्दा ७० देखि ८० प्रतिशत परियोजनाहरू कर्णाली र सुदूरपश्चिममा लागु भएको देखिन्छ । तर पनि ती क्षेत्रमा अझै आशातित प्रगति हुनसकिरहेको देखिदैन । यस्को मुख्य कारण भनेको मुल कृषकहरूमा शिक्षाको कमिले गर्दा अनुदानका कार्यक्रम बारे जानकारी नहुनु, जानकार भएपनि सहजै पहुँच नपाउनु, र आयोजना तथा कार्यक्रमहरूले समेत साना तथा सिमान्तकृत कृषकहरूलाई महत्व नदिनु नै रहेका छन् ।

**तालिका नं ५: नेपाल सरकार र गै.स.सं मार्फत सञ्चालीत आयोजना र अनुदान लगानी विधि**

| आयोजनाको नाम | आयोजना लागु भएको क्षेत्र | मुख्य लगानी बिधि |
|---|---|---|
| बाली विविधिकरण आयोजना | सुदूरपश्चिम र कर्णाली | पुरक अनुदान |
| साना तथा मझौला कृषक आयस्तर बृद्धी आयोजना | सुदूरपश्चिम र कर्णाली | पुरक अनुदान |
| उच्च मूल्य कृषि वस्तु आयोजन | सुदूरपश्चिम र कर्णाली | पुरक अनुदान |
| किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम | कर्णाली र लुम्बिनी | पुरक अनुदान |
| कृषि तथा खाद्य सुरक्षा आयोजना | कर्णाली र सुदूरपश्चिम | साधारण सहयोग |
| कृषि क्षेत्र विकास कार्यक्रम | कर्णाली र सुदुरपश्चिम | पुरक अनुदान |
| रानी जमरा कुलारिया सिंचाई आयोजना | सुदूरपश्चिम | पुरक अनुदान |

*स्रोतः स्थलगत सुचना संकलन मार्फत तयार पारिएको*

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा तथा पोषण सुधारको प्रत्याभुति गराउन, र रोजगारी सृजना गरी गरिबी निवारण गर्ने उद्देश्यले सञ्चालन हुनुपर्ने अनुदानका कार्यक्रमहरू कृषि पेशा गर्ने भनि **"झोलामा खेत"** बोकेर अनुदान प्रदान गर्ने निकाय, संघ/संस्था तथा आयोजनाहरूको ढोकामा पहरेदार गर्ने पहुँचवालाहरूको पोल्टामा जानु र निरन्तर उनीहरूले मात्रै अनुदानको भोग गर्ने वातावरण श्रृजना हुनुले पनि अनुदानका कार्यक्रमको औचित्य माथि नै प्रश्न उठ्ने गरेको पाइन्छ। **एकै प्रकृतिका अनुदानमा भईरहेको दोहोरोपनाको मूख्य मूख्य कारणहरू निम्नानुसार प्रस्तुत गरिएको छः**

क) राज्य संचालनको नयाँ संरचना अन्तर्गत रहेका तिनै तहका सरकार र सम्बन्धित निकाय, सोरोकारवाला, तथा अनुदान कार्यक्रम सञ्चालन गर्ने आयोजना, संघ/संस्थाहरू बिचको उचित समन्वय र सहकार्य नहुनु साथै लाभग्राही कृषक, कृषि उद्यमी, व्यवसायी आदिको एथेष्ट जानकारी सहितको सामूहिक कृषक सुचना प्रणालीको व्यवस्थापन नहुनुले पनि अनुदानमा दोहोरोपनाले निरन्तरता पाईरहेको छ ।

ख) नयाँ कृषक वा अनुदानको कार्यक्रममा सहभागी हुन इच्छुक सेवाग्राहीलाई कृषि अनुदानको बारेमा सिमित जानकारी तथा ज्ञान हुनु, प्रस्तावना लेखन सहितका प्रक्रियागत झन्झटले गर्दा पनि स्रोतमा निकै नै कम पहुँच भएका कृषक, समुह/सहकारीहरू, उद्यमी, व्यवसाय गर्न अग्रसर साना व्यवसायीहरू अनुदनाका कार्यक्रममा उत्साही भएर सहभागी हुन रुची नदेखाएको बुझिन्छ । तसर्थ अनुदान कार्यक्रम बारे भुक्तभोगी भएकाहरू नै अनुदानमा सामेल हुने र सम्बन्धित निकाय समेतले यस्तो प्रवृत्तिलाई प्रोत्साहित गर्ने गरेको हुदाँ दोहोरोपनाले प्रसय पाईरहेको अवस्था छ ।

ग) अनुदान कार्यक्रमहरू वार्षिक बजेट खर्च गरि वित्तिय प्रगतिलाई सफल भएको देखाउन सञ्चालन गरेको जस्तो देखिने अवस्था आएको कतिपय अनुदानग्राहीहरूको स्थलगत भ्रमण तथा अवलोकनबाट प्रष्ट हुन आएको छ। यसको मूख्य कारण भनेको सम्बन्धित निकायबाट उचित नियमन, अनुगमन तथा अनुदानको गुणस्तर व्यवस्थापन सम्बन्धी कार्य नभएको वा न्यून भएको नै हो। यसबाट समेत के बुझ्न सकिन्छ भने, एक त अनुदानको उचित अनुगमन तथा व्यवस्थापन नहुदाँ कार्यक्रमले राखेको लक्ष्य प्राप्तिमा प्रतिकुल असर पर्छ र अर्कोतर्फ एकै प्रकृतिका कार्ययोजना र लाभग्रीहिरूमा निरन्तर रूपमा अनुदान वितरण भईरहने प्रचलनको विकास हुन सक्ने हुन्छ।

घ) कतिपय अवस्थामा अनुदान कार्यक्रम सञ्चालन हुने क्षेत्रको राननीतिक प्रभाव, र अनुदान वितरक तथा सेवग्राही बिच लेनदेनको सम्बन्धका कारण समेत अनुदानमा दोहोरोपनाको स्थिति भएको देखिन आएको छ।

**अनुदानमा भईरहेको दोहोरोपनाको मूख्य समस्याहरूलाई कम गर्न वा समाधान गर्न निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छः**

क) राज्य संचालनको नयाँ संरचना अन्तर्गत प्रत्यक्ष जनतासँग सम्बन्ध राख्ने निकायको रूपमा स्थानीय तह रहेकाले अनुदानका कार्यक्रम सञ्चालन गर्दा एकद्वार प्रणालीको व्यवस्था गरी सोहि अनुरुप संघले प्रदेश र प्रदेशले स्थानीय तहलाई अख्तियारी प्रदान गर्दै अनुदान वितरण समन्वय समितिको गठन गरी कार्यान्वयन गर्नु उपयुक्त हुनसक्छ।

ख) मासिक वा द्वमासिक रूपमा वितरण गरिएका अनुदानका कार्यक्रमहरूको प्रगति समिक्षा, तथा अनुदानग्राहीहरूको सम्पूर्ण सुचनाको सुनवाई तथा जानकारीको दस्ताबेजीकरण गर्नसकेको खण्डमा दोहोरोपनाको न्यूनिकरण हुनसक्ने देखिन्छ।

ग) राज्यका निकाय तथा अनुदानका कार्यक्रम सञ्चालन गर्ने संघ/संस्थाहरू बिच उचित सहकार्य तथा समन्वयमा अनुदान वितरणको व्यवस्था गरी त्यसको प्रभावकारी नियमन, अनुगमन तथा मूल्याङ्कन र गुणस्तरको व्यवस्थापनको लागि सहभागीतात्मक स्थलगत अवलोकन गर्न सकेमा अनुदानको अपेक्षित प्रतिफल प्राप्त गर्न र दोहोरोपनको न्यूनिकरण गर्न सहज वातावारणको श्रृजना हुन सक्दछ।

घ) सम्पूर्ण अनुदानग्राहीहरूको लगत संकलन गरी एकिकृत रूपमा कृषक सुचना व्यवस्थापन प्रणालीको विकास गरी सो को निरन्तर रूपमा अद्यावधिक गर्ने व्यवस्था मिलाएर, सबै सुचनाको पहुँच तिनै तहमा वितरण गर्ने पद्दतिको विकास हुन सकेमा अनुदान कार्यक्रम सञ्चालन गर्ने निकायले चाहेको बखतमा सेवाग्राहीको जानकारी प्राप्त गर्न सक्ने र सोहि अनुरुप हालमा देखिएको अनुदानमा दोहोरोपनाको समेत अन्त्य हुने देखिन्छ।

ङ) भौगोलिक जटिलता कायम रहेको सन्दर्भमा, विकटमा रहेका कृषककहरू समक्ष अनुदानको बारेमा एथेष्ट सुचना सम्प्रेषण गर्न र सो कार्यमा सहजिकरण गर्नका निमित्त स्थानीय तह अन्तर्गत रहेका कृषि तथा पशुपंक्षी सेवा तर्फका प्राविधिकहरूलाई परिचालन गर्ने व्यवस्था गर्नु उचित देखिन्छ। यसले गर्दा कृषि तथा पशुपंक्षी क्षेत्रको सेवा सुवीधाबाट बञ्चित दुरदराजका कृषकहरूले समेत समान अवसर प्राप्त गर्नसक्ने अवस्थाको शुरुवात हुने तथा पटक पटक एकै प्रकृतिको कार्यक्रममा एकै अनुदानग्राहीले लाभ उठाउने जोखिम समेत कम हुने देखिन्छ।

### ४.६.अनुदान कार्यक्रमहरूको समस्याको विश्लेषण

अनुदानका कार्यक्रमहरूमा देखिएको महत्वपूर्ण कमजोर पक्ष भनेको अनुदानका क्षेत्र र परिमाणमा एकरुपता नहुनु हो। अनुदान के उद्देश्यको लागि, कसको लागि, कति मात्रामा र किन भन्ने स्पष्ट आधार बिनानै आयोजना पिच्छे फरक फरक हिसाबले अनुदानका कार्यक्रम राख्दा तिनको औचित्य र प्रभावकारितामा प्रश्न उठेका छन्। उदाहरणका लागि मझौला कृषकको आयस्तर सुधार आयोजनाले मेशिनरी औजार र भवन निर्माणको लागि लागतमा बढीमा ३० प्रतिशत सम्म अनुदान प्रदान गरेको छ भने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा, अनुदानको हिस्सा ७० प्रतिशतसम्म जान सक्ने व्यवस्था राखिएको छ। यसरि फरक फरक मापदण्ड राख्दा अनुदानको रकम विनियोजन र परिचालनमा अनावश्यक दबाबको सामना गर्नु पर्ने अवस्था सिर्जना हुने तथा परियोजना संचालनमा पारदर्शिता र सुशासन कायम गर्न अप्ठ्यारो पर्ने देखिन्छ।

अनुदानको कार्यक्रमहरूमा लामो र झन्झटिलो आवेदन तथा छनौट प्रकियाका कारण अनुदानग्राहीहरू बीच सकारात्मक छाप छाड्न असफल भएकाछन्। सर्बसाधारण कृषकका लागि प्रस्तावना लेखन कार्य एकदमै गाह्रो र झन्झटिलो, अनुदानका लागि छनोट भएपछि पनि सम्झौता प्रक्रिया लामो र झन्झटिलो हुने गरेको सरोकारवालाहरूको गुनासो रहेको पाइयो। अनुसन्धानको क्रममा विभिन्न सरोकारवाला समुदायसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार हाल अनुदान कार्यक्रमहरूसँग सम्बन्धित मुलभूत समस्याहरू देहाय बमोजिम रहेको पाईयो।

१.**अनुदानको उद्देश्यमा अस्पष्टताः** अहिले भइरहेको अनुदान कार्यक्रमको सामान्यतया उद्देश्य कृषिको व्यवसायीकरण गर्ने रहको छ, जुन कुरा आफैमा अपूर्ण रहको छ । एउटा कुनै अनुदानको कार्यक्रमबाट यस्तो बृहत उद्देश्य हासिल गर्ने भन्ने कुरा वास्तविकतामा परिणत हुन सहज हुदैन । अहिलेको अनुदान कार्यक्रमहरू मापनयोग्य उद्देश्य प्राप्तिमा कमै मात्र परिलक्षित भएको पाईएको छ । अनुदानको मूल समस्या अनुदान कार्यक्रम संचालन गर्ने निकायको स्पष्ट दृस्टीकोण नहुनुलाई लिन सकिन्छ । तसर्थ कुनै पनि अनुदान कार्यक्रमको योजना बनाउदा उद्देश्य किटान हुन जरुरि हुन्छ । यसो हुनसकेमा उक्त उद्देश्य प्राप्तिका लागि कुन कुन योजनामा कसरी अनुदान उपलब्ध गराउन सकिन्छ भन्ने कुराको निर्क्योल गर्न सकिन्छ । हालको अनुदान पद्धति किन, कसलाई र कसरी भन्ने प्रश्नलाई केन्द्रमा राखी अनुदानमा बजेट विनियोजन गर्न अनुदानका निम्न चार क्षेत्रमा स्पष्टताको आवश्यक देखिन्छः

क) किसान तथा कृषि व्यवसायीको उत्पादन लागत घटाउने र यसलाई मूल्य प्रतिस्पर्धि बनाउने

ख) निजी क्षेत्रको लगानी आकर्षित गर्ने

ग) कुनै खास समस्या समाधान गर्न वा चाहेजस्तो अवस्था प्राप्त गर्न रणनैतिक क्षेत्रमा अनुदान प्रदान गर्ने

घ) साना तथा सीमान्त कृषककलाई लोककल्याणकारी राज्यको प्रत्याभूति दिने

कृषि तथा पशु सेवा क्षेत्रमा अनुदान प्रदान गर्दा माथिका चार मध्ये कम्तीमा कुनै एक उद्देश्य प्राप्तिको लागि मात्र अनुदान दिने र अनुदान प्रदान गरे पश्चात त्यसको नतिजा यी चार आधारमा खोज्ने परिपाटिको स्थापना गर्नु उपयुक्त देखिन्छ । साथै संध, प्रदेश, स्थानिय तहहरूले कुन कुन उद्देश्यको लागि अनुदान दिने भन्ने विषय निश्चित गर्ने व्यवस्था कायम गर्नु पर्नेछ ।

**२. अनुदान प्रदान गरिने क्षेत्रको अस्पष्टताः** अनुदान कार्यक्रमलाई बढी भन्दा बढी प्रभावकारी बनाउनको लागि अनुदान प्रदान गरिने क्षेत्रको स्पष्टता एकदम महत्वपूर्ण पक्ष हो । हाल कार्यान्वयनमा रहेका अनुदान कार्यक्रमहरूले पुँजीगत र चालु खर्चसंग सम्बन्धित सबै पक्ष तथा सबै प्रकारका उत्पादनहरूमा अनुदान प्रदान गर्दै आएको देखिएको छ । यसबाट पनि अनुदानका कार्यक्रमको उद्देश्यमा अस्पष्टता झल्कन्छ । उदाहरणको लागि तरकारीको उत्पादन वृद्धि गर्ने उद्देश्य हासिल गर्न मल, बीउ, नयाँ प्रबिधि तथा बजार व्यवस्थापन सम्म कृषकहरूलाई अनुदान दिनुपर्ने हुनसक्छ । त्यसैगरि बजारको लागि पुर्वाधार निर्माण र विस्तार तथा ढुवानीमा समेत सहयोग जरुरत पर्नसक्छ । यसबाहेक अनुदानमा संचालित कार्यक्रम र क्रियाकलापहरूको गुणस्तरमा समस्या, जस्तै कमसल बीउ/नश्ल वितरण, समयमा आपूर्ति हुन नसक्ने, पहुँचवाला व्यक्तिहरू मात्र वारम्वार लाभान्वित हुने गरेका, अनुदान प्रदान गर्ने कार्यबिधि बढी नियन्त्रणमुखी रहेका छन् ।

**३. लक्षित समुदायको पहिचानमा समस्या र चुहावटः** अनुदानको उद्देश्य लक्षित समुदायको पहिचान र सुशासनसँग अभिन्न रुपले जोडिएको हुन्छ । उदाहरणको लागि यदि अनुदानको कार्यक्रम बजार विस्तार र विकासको लागि संचालन गरिएको हो भने कृषि उद्यमी र ब्यापारी समुदायलाई लक्षित गर्नुपर्ने हुन्छ । यदि उत्पादन वृद्धिको लागि अनुदान कार्यक्रम हो भने कृषक समुदायलाई प्राथमिक लक्षित बर्गमा राख्नुपर्दछ । हाल संचालनमा रहेको अनुदानका कार्यक्रमहरूमा प्राथमिकता र उद्देश्यमा स्पष्टता नहुँदा अनुदानका कार्यक्रमहरूको प्रभावकारीता देखिएको छैन । कतिपय कार्यक्रम संचालन कार्यविधिहरू तयार गर्दा कुनै स्पष्ट नीति बिना नै लहडमा अमुक संस्था वा व्यक्तिलाई मात्र फाइदा हुनेगरि निर्देशिका जारि भएको पाइएको छ । उदाहरणको लागि ठुला अनुदान को लागि ५ वर्षको अवधि मा ३-४ पटक सम्म पनि कार्यबिधि तयार तथा संशोधन भएको पाइएको छ । यसले नीतिगत अस्पष्टता त छदैछ अमुक समुदायको फाईदाको लागि यस्तो भएको हो कि भन्ने शंका गर्ने ठाउँ समेत दिएको छ । सामान्यतया सुचनाको पहुँच नहुनु, राजनैतिक हस्तछेप र दबाब तथा प्रकृयागत झन्झट, बिचौलियाहरूको चलखेल जस्ता कारणहरूले कतिपय लक्षित समुदाय अनुदानका कार्यक्रमहरू बाट लाभान्वित हुन सकेका छैनन् ।

**४. नीतिगत अस्पष्टताः** कृषि क्षेत्रको दिर्घकालिन रणनीतिले सन् १९९५ देखि सन् २०१५ सम्मको बिस वर्षे सोच तयार गरि कृषि क्षेत्रको विकास बिना अन्य क्षेत्रको विकास हुन सक्दैन र यस क्षेत्रको लागि अन्य क्षेत्रले हातेमालो गर्नु आवश्यक छ भन्दै सोहि अनुसार नीति तयार भयो । तर व्यवहारत कृषि सडक कार्यक्रमका लागि कृषि मन्त्रालय नभई स्थानीय विकास मन्त्रालय मातहतको कृषि सडक विभाग मार्फत भयो । यस्तै गरी सिंचाई क्षेत्र बिस्तारको कार्यक्रममा पनि सिंचाई विभाग कृषिको उत्पादकत्व र उत्पादन वृद्धि गर्ने प्रयोजनको लागि भयपनी कृषि मन्त्रालय मातहत आउन सकेन जसले गर्दा समन्वयको अभाव खड्किएको अवस्था छ । कुनै स्पष्ट नीति र कार्ययोजना बिना कार्यक्रम र बजेट विनियोजन गरि काम गर्दा एकातिर कार्यक्रमको प्रभावकारिता देखिदैन भने अर्कोतिर केहि सिमित व्यक्ति/संस्थाहरूले मात्र सुबिधा प्राप्त गर्ने हुँदा सामाजिक न्याय हुदैन । साथै माग र आपूर्तिको कुनै आंकलन नगरी काम गर्दा सेवाग्राहीहरू बीच पनि सुबिधामा पहुँचको लागि प्रतिस्पर्धा हुने हुँदा सेवा प्रदायक निकायमा कार्यरत

कर्मचारीहरूबाट अपचलन हुने सम्भावना पनी उत्तिकै रहन सक्दछ । उदाहरणको लागि शित भण्डारण स्थापना र संचालन सम्बन्धी विभिन्न निकायहरूबाट विभिन्न मोडालिटीमा काम भएको देखिन्छ भने सेवाग्राहीले शित भण्डार स्थापनामा पाउने अनुदान सुबिधा पनि २५ देखि ८५ प्रतिशत सम्म भएको पाइन्छ । कुनै निकायले ब्याजमा मात्र अनुदान दिएको देखिन्छ, कसैलाई बिधुत महशुलमा डिमाण्ड शुल्क शत प्रतिशत छुट पाउने व्यवस्था दिएको छ भने कसैले यी कुनै पनि सुबिधा नपाउने आवस्था रहेको देखिन्छ । यस्तै गरी २०५८ सालमा जारि राष्ट्रिय मल नीति, २०५८ अनुसार मलको कारोबारलाई खुला प्रतिस्पर्धामा लैजाने, र सरकारले साना तथा बिपन्न कृषक र पिछडिएको क्षेत्रमा मात्र केहि सहुलियत प्रदान गर्न सक्ने भन्ने व्यवस्था रहेकोमा आर्थिक बर्ष २०६५/६६ बाट डी.ए.पी., युरिया र म्युरेट अफ पोटास जस्ता अनुदानित रासायनिक मलको कारोबार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनलाई मात्र जिम्मा दिएको छ । तसर्थ यस्तो नीतिगत अस्पष्टताको कारण लक्ष्य हासिल गर्न कठिनाई मात्र नभई कृषि क्षेत्रको दिगो विकास नै जोखिममा परेको देखिन्छ ।

## ५.निस्कर्ष र सुझाबहरू

### ५.१.निस्कर्षहरू

नेपाल सरकारबाट कृषिलाई आकर्षित पेशाको रूपमा विकास गरी कृषिको आधुनिकिकरण र व्यवसायिकरणलाई प्राथमिकता दिनको लागि प्रत्येक वर्ष कृषि व्यवसाय सुरुवात तथा विस्तारका लागि अनुदान दिदै आइरहेको छ तर पनि कृषि व्यापार घाटा दिनानुदिन बढ्न गई अरबौ रुपैया बाहिरिएको छ । कृषिको व्यवसायिकरणका लागि सिंचाई, मलखाद, उन्नत बीउ/नश्ल, सहज कर्जा प्रबाह, कृषि सडक, यान्त्रिकरण, सितभण्डार र बजार जस्ता आधारभूत पुर्वाधारहरूको बिकाश र विस्तार अति आवश्यक छ । नीतिगत रूपमा उत्पादन सामग्रीमा अनुदान, सस्तो र शुलभ कृषि ऋण, सबै तहका किसानलाई प्राबिधिक सेवा, सबै बाली बस्तुको बिमा, न्युनतम बचतको ग्यारेन्टी गरी अनुदानको नीतिगत कार्यान्वयनबाट किसानको जीवनस्तरमा सुधार आउने अपेक्षा गरेतापनि वास्तविक किसानले अनुदानको सदुपयोग गर्न नपाईरहेको गुनासो व्यापक रूपमा आएको पाईएको छ ।

नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भएपश्चात् त्यस्तो राष्ट्रका हैसियतले कृषि तथा पशु विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै कृषि तथा पशुपंक्षी विकासका कार्यहरू गर्नुपर्ने देखिन्छ । त्यस्तै दिगो विकासको भोक अन्त्य, खाद्य र पोषण सुरक्षा जस्ता लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको ठुलो भूमिका रहन्छ । कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा सार्वजनिक, निजी साथै सहकारी क्षेत्रको लगानी समुचित रूपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना छ । यसबाट देशको आर्थिक वृद्धिमा योगदान मात्र नभई समावेशी रूपमा आर्थिक वृद्धिको प्रतिफल जनताहरूमा पुर्याउन सकिने अवसर पनि रहेको छ । सहकारी पद्धतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु सहकारीको मुख्य उद्देश्य हो । गरिबी निवारण, उत्पादन वृद्धि, पूर्ण रोजगारी सिर्जना, सामाजिक एकिकरण र वातावरण संरक्षणमा सहकारी उद्योग व्यवसायको योगदान महत्वपूर्ण रहेको छ । नेपालको संविधान अनुसार सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक प्रयोग गर्ने र कृषि तथा भूमि सुधार सम्बन्धी नीति अवलम्वन गरी भूमि व्यवस्थापन, भूमि प्रशासन, जग्गा नापजाँच, भूमि सुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन गर्नुपर्ने आवश्यकता रहेको छ । नेपालको कृषि क्षेत्रको समग्र विकास र संरक्षण लागि अध्ययनको आधारमा देहाय अनुसारको निस्कर्षमा पुग्न सकिन्छ ।

- राष्ट्रिय खाद्य सुरक्षा, उत्पादन लागत न्युनीकरण र अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नका लागि समेत कृषि क्षेत्रमा अनुदानको जरुरत रहन्छ ।
- कृषकहरूका लागि प्रवाह हुने अनुदान लक्षित कृषक सम्म पुग्न नसकेको वर्तमान परिपेक्षमा, किसान को हुन् र को होइनन् भन्नेमै प्रथमतः स्पष्ट हुनु आवश्यक हुन्छ । कृषकको स्पष्ट पहिचान पछि मल, बीउ, उन्नत नश्ल जस्ता आधारभूत उत्पादन सामग्रीलाई कृषकका आधारभूत आवश्यकता मान्दै सम्पूर्ण कृषकहरूमा कम्तिमा यिनको पहुँच सुनिश्चता हुने गरी नियमित कार्यक्रमहरू मार्फत नै भौचर प्रणाली अवलम्बन गरी अनुदान उपलब्ध गराउने व्यवस्था हुन जरुरी छ ।

- देशको कृषि क्षेत्रको संरक्षण गर्न नसक्ने हो भने अर्थतन्त्र नै पराधीन बन्न सक्ने सम्भावना रहन्छ, त्यसैले कृषि अनुदानमा राज्य बढी संबेदनशील हुन आवश्यक छ । कृषि अनुदान कृषकहरूको उत्पादन लागत कम गर्दै समग्र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना मार्फत गरीबी न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने हेतुले प्रदान गरिने भएकाले यस्को प्रभावकारीताको उचित नियमन, अनुगमन तथा मूल्याङ्कन हुनु आवश्यक देखिन्छ । यसो नहुदा समग्र कृषि क्षेत्र नै आयातमा आश्रीत भई हाम्रो मौलिक कृषि प्रणाली समेत लोप हुने खतरा आउन सक्दछ । तसर्थ कृषि अनुदान वितरणमूखी नभएर प्रतिफलमा आधारित हुनु आवश्यक देखिन्छ ।
- कृषि क्षेत्रको प्रतिफल अन्य क्षेत्रभन्दा कम हुने हुँदा राज्यले कृषि क्षेत्रमा संग्लन किसानहरूको संरक्षण तथा खाद्य सुरक्षाको लागि राज्यको लगानी अनिवार्य दायित्व हुन आउछ । लक्षितवर्ग तथा क्षेत्रमा जीविकोपार्जनमा सुधार, गरिबी न्यूनीकरण र पोषण सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ ।
- नेपालको अनुदानको बिगतको इतिहास हेर्दा शुरुमा कृषि क्षेत्रमा संचालित आयोजनाहरू एकिकृत ग्रामिण विकास आयोजनको मोडालिटीमा भएको पाइन्छ । हाल का दिनहरूमा कृषिको व्यवसायीकरण र औधोगिककरणमा मात्रै धेरै ध्यान दिएको तर अनुदानका क्रियाकलापहरूको नियमन र गुणस्तर व्यवस्थापन सम्बन्धी कार्यमा भने कमि भएको पाइन्छ ।

### ५.२.सुझावहरू

- अनुदानको बर्गीकरणः सीमान्तकृत किसानहरूलाई खाद्य सुरक्षाको लागि र खाद्य अधिकारको लागि दिइने अनुदान बिना प्रतिस्पर्धा सहज रूपमा उत्पादन सामाग्रीमा (मल, बीउ, सिंचाई र कृषि औजार आदि) प्राप्त हुने गरी उपलब्ध गराउने व्यवस्था भएमा मात्रै अनुदानको यतार्थता प्रष्ट हुने देखिन्छ अन्यथा स्रोतमा सहज पहुँच भएका हुनेखाने किसानसँग सीमान्तकृत किसानहरूले कहिल्यै पनि प्रतिस्पर्धा गर्न नसक्ने र सदैव कृषि अनुदानका कार्यक्रमको लाभबाट बञ्चित हुने अवस्था आउन सक्दछ ।
- प्रतिस्पर्धात्मक पुरक अनुदानमा पहुँचवालाको दबाब धेरै देखिएको गुनासो आएको हुनाले ठुला तथा मझौला किसानहरूको लागि सहुलियतपूर्ण ऋण वा निर्ब्याजी ऋणको व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंक र मातहतका वित्तिय संस्थाहरूसँग समन्वय गरी सोहि अनुरुप उपलब्ध गराउने वा सरकारले साझेदारीमा लगानी गर्ने र व्यवस्थापन नीजि क्षेत्रलाई जिम्मा दिने र क्रमशः सरकारी लगानी फिर्ता गर्दै निश्चित समय (Pay Back Period) पश्चात नीजि क्षेत्रले स्वामित्व ग्रहण गर्ने व्यवस्था मिलाउने ।
- कुनै खास समस्या समाधान गर्न वा चाहेजस्तो अवस्था प्राप्त गर्न रणनैतिक क्षेत्रमा अनुदान प्रदान गर्ने व्यवस्थाको शुरुवात गर्ने । जस्तैः नेपालमा आयात हुने पाउडर दुधको नेपाल भित्रै निश्चित ठुलो परिणाम उत्पादन गर्ने वा गुणस्तर कायम गर्ने लगायतका विषयमा शर्त तोकेर अनुदान दिनुपर्ने हुनसक्छ, ता कि यसबाट उक्त बाली बस्तुहरूमा बिद्यमान समस्या समाधान वा सरकारले चाहे जस्तो सुधारिएको अवस्था सिर्जना हुनसकोस ।
- हाल प्रचलनमा रहेको प्रस्तावमा आधारित प्रतिस्पर्धी अनुदानले साह्रै सानो संख्याका उत्पादक तथा व्यवसायीहरू मात्र लाभान्वित हुने भएकोले त्यसले समग्र कृषि क्षेत्रमा गणना गर्न लायक नतिजा देखाउन सकेको छैन । विदेशी वा छिमेकी मुलुकबाट देशभित्र उत्पादित मूल्य भन्दा सस्तो रूपमा आयात हुन सक्ने भएकोले समेत घरायसी उत्पादनको लागतलाई घटाउन मुलतः उत्पादन (output) र अवस्था हेरी निवेश (input) मा अनुदान दिनुपर्ने हुनसक्छ । यसको लागि ठुलो बजेट आवश्यक पर्ने भएकोले मन्त्रालयको नियमित बजेटबाट खास खास उत्पादनमा र मुलतः राष्ट्रले नै प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रणनैतिक अनुदान बजेट व्यवस्था गर्नुपर्ने हुन्छ ।
- अध्यन अनुसार हालको अनुदान प्रणालीमा पहुँच भएका व्यक्ति, समूह र कृषि सहकारीहरू मात्र धेरै लाभान्वित भएको पाइएको छ । हाम्रो देशमा धेरै कृषकहरू साना र सिमान्तकृत भएकोले सोचे जस्तो परिणाम नआएको हालको अनुदान प्रणालीले सिद्द गरिसकेको छ । त्यसैले साना किसानहरू पनि समान रूपमा लाभान्वित हुने हिसाबले अनुदान प्रणालीलाई व्यवस्थित गर्नु पर्दछ । यसका लागि स्थानिय निकायमा रहेका कृषि प्राबिधिकहरूले आफ्नो क्षेत्रभित्रका कृषकहरूलाई मौसम अनुसारको वालि योजना सहित व्यवसाय दर्ता गर्न प्राविधिक सहयोग प्रदान गरि प्रमुख उत्पादन सामग्रीहरू (मल, बीउ, बिषादीहरू, साना औजार आदि) खरिदका लागि कृषक भौचर

मार्फत अनुदान रकम उपलब्ध गराउने व्यवस्था गर्दा अनुदानको पहुँचमा वृद्धि तथा विस्तार हुनुका साथै अनुदानको ठोस उद्देश्य प्राप्तिमा समेत सफलता मिल्ने देखिन्छ ।

- मुख्य बालीहरूको न्युनतम समर्थन मूल्य सरकारले तोक्ने र कदमकदाचित न्युनतम समर्थन मूल्य भन्दा बजार मूल्य कम भएमा घाँटा रकम सिधै किसानको बैंक खातामा सरकारले उपलब्ध गराउने ।
- जोखीम व्यवस्थापनका लागि कृषि तथा पशुपंक्षी बिमाको प्रिमियम रकममा अनुदानको दायरा पुनः निर्धारण गर्ने व्यवस्था मिलाउने । किसानहरूलाई वर्गीकरण सहितको कृषक परिचयपत्रको व्यवस्था तथा वितरण गर्ने र सोहि परिचयपत्रको आधारमा सरकारबाट उपलब्ध गराउने सेवा सुबिधाहरू उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- कृषि अनुदान तथा अन्य सेवा सुवीधा प्रदान गर्दा कृषक परिचयपत्रको आधारमा गर्ने व्यवस्था गर्ने र तिनै तहमा कृषक सुचना व्यवस्थापन प्रणालीको (Farmers Information Management System) विकास गरी प्रत्येक लाभान्वित कृषकको सम्पूर्ण जानकारी व्यवस्थित गर्ने । यो प्रक्रियाबाट कृषि अनुदान वा अन्य कुनै सुवीधामा हुनसक्ने दोहोरोपनाको समेत समाधान हुनसक्ने देखिन्छ ।
- एकिकृत खालको कृषि अनुदान ऐन ल्याई अनुदान प्रक्रियालाई व्यवस्थीत गर्ने । कृषि अनुदान सम्बन्धी कार्यविधिहरू सरल र सहज बनाउनुपर्ने, कार्यक्रम संचालन गर्दा स्थान विशेषको लागि स्थानीय दररेट अनुसार लागत अनुमान तयार गरि कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउनु उपयुक्त देखिन्छ ।
- ठुला आयोजनाहरू नेपाल सरकार आफैले निर्माण गर्ने र संचालन तथा व्यवस्थापन Contract Out गर्ने व्यवस्था मिलाउने ।
- वैदेशिक सहयोगमा संचालित आयोजना वा नेपाल सरकारको श्रोतमा संचालित आयोजनामा आयोजना बिज्ञ/परामर्शदाता नियुक्त गर्दा निजको बिज्ञता र क्षमताको आधारमा गर्ने ।
- प्रत्येक आयोजनाको अन्तयमा अनिवार्य सार्वजनिक सुनवाई गर्नुपर्ने व्यवस्था संचालन गर्ने । त्यसो नगर्ने अनुदानग्राहीको अन्तिम किस्ता बापतको रकम फुक्का नहुने प्रभावकारी नियमको व्यवस्था गरी कार्यान्वयन गर्ने ।
- कृषि अनुदान कार्यक्रम सञ्चालनमा सार्वजनिक खरिद ऐनका विद्यमान नियमहरूले पार्नसक्ने अप्ठ्याराहरू र तिनको उपयुक्त समाधानका विषय अझैपनि अध्ययनकै पाटोको रूपमा देखिएको छ। तसर्थ साना तथा सिमान्तकृत कृषकहरूलाई अनुदानमा पहुँच बढाउन र सहजताका लागि त्यस्ता नियमहरूको उचित संशोधनका लागि पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- संघले ठुला किसान, कृषि उद्यमी, राष्ट्रिय स्तरका कृषि व्यवसायीका लागि बृहत कृषि अनुदानका आयोजना मात्र संचालन गर्ने, प्रदेशले मझौला वर्गका किसान, कृषि उद्यमी, प्रादेशिक वा क्षेत्रिय स्तरका कृषि व्यवसायीका लागि मझौला किसिमका अनुदान वाा आयोजना संचालन गर्ने र स्थानीय सरकारले साना तथा सीमान्तकृत किसानहरूका लागि अनुदान कार्यक्रमहरू संचालन गर्ने गरी व्यवस्था मिलाउने । यसो गर्दा सबै तह र वर्गका किसानहरूको कृषि अनुदानमा सहज पहुँच पुग्न सक्ने अवस्थाको सिर्जना भई सबैले लाभ लिनसक्ने छन् ।
- छिमेकी देशहरूको तुलनामा नेपालको अर्थतन्त्र धेरै सानो छ र अनुदान पनि धेरै कम छ त्यसैले नेपालमा उत्पादन भयका बस्तुहरू छिमेकी उत्पादनसँग प्रतिस्पर्धा (competation) गर्न नसक्ने हुनाले किसानको हकहित संरक्षण/पवर्दनका लागि किसानको उत्पादन लाई संरक्षण गर्न विदेशी उत्पादनलाई Antidumping नीति लगाउने ।
- कृषि अनुदानलाई सदुपयोग तथा पारदर्शी, तरिकाले व्यवस्थित गर्न स्थानीय तहमा भएको अनुदान कार्यक्रमहरू लाई प्रदेश मन्त्रालय, प्रदेश मन्त्रालयमा भएको अनुदान कार्यक्रमहरू लाई संघ ले तथा संघमा भएको अनुदान कार्यक्रमहरूलाई छुटै अनुगमन तथा मुल्यांकन शाखा ले अनुगमन गर्ने व्यवस्था मिलाउने ।

## अनुसूचीहरू

### अनुसूची १: कृषि तथा पशुपंछी मन्त्रालय अन्तर्गतका अनुदान सहयोगका केहि परियोजनाहरू र अनुदानको विधि

| क्र.स | कार्यक्रम | दात् निकाय | कार्यक्रम लागु भएको जिल्ला | कार्यक्रम को कार्यान्वयन पद्दति | कुल बजेट (US $) |
|---|---|---|---|---|---|
| १ | व्यवसायीक कृषि तथा व्यापार आयोजना | विश्व बैंक | ७५ जिल्ला | प्रतिस्पर्धी पुरक अनुदान | ८१. ८५ मिलियन |
| २ | रानी जमरा, कुलरिया सिंचाई आयोजना | विश्व बैंक | कैलाली | प्रतिस्पर्धी पुरक अनुदान | ६ मिलियन |
| ३ | उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन आयोजना | एसियाली विकास बैंक | १० जिल्ला हरू: जुम्ला, मुगु, हुम्ला, डोल्पा, मुस्तांग, मनाङ्ग सोलुखुम्बु, संखुवाशभा, रसुवा, दोलखा | प्रतिस्पर्धी पुरक अनुदान | ३० मिलियन |
| ४ | कृषि क्षेत्र विकास कार्यक्रम | आइ.एफ.ए.डी. | १० जिल्ला हरू: सुर्खेत, रुकुम, सल्यान, जुम्ला, कालिकोट, दैलेख, मुगु, डोल्पा, हुम्ला, जाजरकोट | प्रतिस्पर्धी पुरक अनुदान | ६७ मिलियन |
| ५ | कृषि तथा खाद्य सुरक्षा आयोजना | जी.ए.एफ.एस.पी. | मध्यपश्चिम तथा सुदूरपश्चिमका तराई का ५ जिल्ला बाहेक अन्य १९ ओटा जिल्लाहरू | लक्षित समुदाय केन्द्रित अनुदान | ५८ मिलियन |
| ६ | उच्च मूल्य कृषि बस्तु विकास आयोजना | आइ.एफ.ए.डी. | १० जिल्लाहरू: सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, कालिकोट, जुम्ला, मुगु, हुम्ला, डोल्पा, अछाम | प्रतिस्पर्धी पुरक अनुदान | १८.९ मिलियन |

### अनुसूची २: कृषि क्षेत्रमा सरकारीस्तरबाट उपलब्ध मुख्य मुख्य अनुदानहरूको संक्षिप्त बिश्लेषण

| अनुदानका क्षेत्रहरू | अनुदान को अवस्था | कार्यविधि वा निर्देशिका | सकारात्मक पक्ष | सम्भाव्य समस्याहरू |
|---|---|---|---|---|
| सिंचाई अनुदान | साना सिंचाई निर्माण मर्मत संभारमा ३ लाख प्रति उपआयोजना सम्म अनुदान | सहकारी खेतिमा आधारित सिंचाई कार्यक्रम २०६१, साना सिंचाई बिशेष कार्यक्रम २०६१ | निकै कम अनुदानमा पानी राम्रो काम, आयोजना सम्पन भएको | काम नै नगरिकन कार्य सम्पन्न प्रतिबेदन पेश गर्ने |
| पुर्वाधार निर्माण/ मर्मतमा सहयोग अनुदान | पुर्वाधार निर्माणको लागि ५० देखि ८५ प्रतिशत सम्म अनुदान रहेको | सामुदायिक पोस्ट हार्भेष्ट सेवा केन्द्र स्थापना सम्बन्धी बितीय संस्थाको | कृषि संरचनाहरू निर्माणमा सहयोग पुगेको | वास्तविक माग र आवश्यकता भन्दा पनि अन्य विभिन्न नियतबाट |

| | | | | |
|---|---|---|---|---|
| | | साझेदारीमा ब्याज अनुदान परिचालन कार्यविधि, २०७० | | अभिप्रेरित भई कार्यक्रम तर्जुमा हुने गरेकोले निर्माण र उपयोगमा समस्या |
| ब्याज अनुदान | ऋणको ब्याजमा अनुदान | व्यावसायिक कृषि कार्यका लागि लिइने ऋणको ब्याजदर तथा जग्गाको भाडामा अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७१ | कृषि संरचनाहरू निर्माणमा सहयोग पुगेको | वास्तविक माग र आवश्यकता भन्दा पनि अन्य विभिन्न नियतबाट अभिप्रेरित भई कार्यक्रम तर्जुमा हुने गरेकोले निर्माण र उपयोगमा समस्या |
| बिमामा अनुदान | कृषि र पशुधनको बिमाको प्रिमियममा ७५ प्रतिशत अनुदान | बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० | पशुधन तर्फ प्रभावकारी रहेको र कृषकको चेतनामा वृद्धि | उत्पादन लागतमा उपलब्ध हुने बिमाले कृषकलाई आकर्षित गर्न नसकेको |
| रासायनिक मलमा अनुदान | बजार मुल्यमा अनुदान ढुवानीमा अनुदान | राष्ट्रिय मल नीति २०५८ र अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ | रासायनिक मल उपयोग गर्न किसानले अनुदानित मल प्राप्त गरेको तर बाली लगाउने उचित समयमा उपलब्धतामा समस्या देखिएको | परिमाणात्मक प्रतिबन्ध, विनियोजित बजेटले जति खरिद गर्न सकिन्छ त्यति मात्र खरिद गर्ने गरिएको |
| युवाहरूलाई कृषिमा आकर्षित गर्नका लागि बिशेष अनुदान सहयोग | तरकारी, च्याउ, मत्स्य पालनका लागि युवाहरूलाई नगद अनुदान । तरकारी खेतिका लागि तराईका हकमा ४० हजार र पहाडको हकमा ६० हजार सम्म नगद अनुदानको व्यवस्था | कृषि बिभाग अन्तर्गत संचालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ | युवाहरूलाई आकर्षित गर्न सफल | उपयुक्त युवा छनोटमा समस्या, धेरै जिल्लाहरूमा आवश्यकतामा आधारित भन्दा पनि वितरणमुखी भएको |
| कृषि यन्त्र औजार उपकरणहरूमा अनुदान | ५० प्रतिशत अनुदान | कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७० | कृषि यान्त्रीकरणमा सहयोग | स्पष्ट मापदण्ड अभाव, प्रत्येक वर्ष कार्यबिधिमा हेरफेर |

## अनुसूची ३: अनुदान रकमको अनुपात र सीमा

| क.स. | अनुदानको कार्यक्षेत्र/क्रियाकलाप | प्रस्तावित अधिकतम अनुदान | | वितरण विधि | लक्षित वर्ग | अनुदानको प्रकृति | कार्य प्रक्रिया | अनुदान प्रवाहका आधार | औचित्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिशत | रकम रु. | | | | | | |
| क) | **उत्पादन सामग्रीमा अनुदान** | | | | | | | | |
| १. | रासायनिक मल (लागत सहभागीताको आधारमा) | निर्देशिका अनुसार | निर्देशिका अनुसार | सोझै | कृषक | उत्पादन सामाग्री | अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम | खाद्य तथा पोषण सुरक्षा | पहुँचको सुनिस्चितता, किसान हकहितको संरक्षण |
| २ | जैविक तथा बानस्पतिक विषादी उत्पादन, बिक्री, वितरण तथा प्रयोग | ८० प्रतिशत | निर्देशिका अनुसार | बैंक मार्फत | कृषक/कृषक समूह/सहकारी/निजी फर्म | उत्पादन सामाग्री र पुर्वाधार विकास | मन्त्रालयले तयार गरेको कार्यविधि र मापदण्ड बमोजिम | खाद्य तथा पोषण सुरक्षा र वातावरण संरक्षण | वातावरण मैत्री बाली संरक्षण प्रविधि प्रवर्द्धन |
| ३ | उत्पादन सामाग्री (श्रोत बिउ-माछा, सिमेन, फलफुल, अन्नबाली (प्रजनन्, मूल, श्रोत), पशुपंक्षीमा अनुदान- श्रोत विउ प्रयोगको परिमाणको आधारमा) | ५० प्रतिशत | | बैंक मार्फत/सोझै भुक्तानी | कृषक/कृषक समूह/सहकारी/निजी फर्म | उत्पादन सामाग्री | ढुवानीको लागि १०० प्रतिशत | खाद्य तथा पोषण सुरक्षा | उत्पादकत्व बृद्धि, १० देखि २५ प्रतिशत उन्नत विउको प्रयोगबाट योगदान हुने तथ्य अनुरुप, प्राथमिकता दिनु पर्ने । |
| ४ | उत्पादन सामाग्री (अन्य अनुदान-कृषि व्यवसायको लागि आवश्यक अन्य उत्पादन सामाग्री-लागत मुल्यमा) | २५ प्रतिशत | २ लाख | बैंक मार्फत/सोझै भुक्तानी | कृषक/कृषक समूह/सहकारी/निजी फर्म | पुँजीगत | ढुवानीको लागि १०० प्रतिशत । उत्पादन सामाग्रीको परिभाषा, प्राविधिक मापदण्ड सम्बन्धित मन्त्रालयले निर्धारण गर्ने । | खाद्य तथा पोषण सुरक्षा | प्रोत्साहन |
| ५ | प्राथमिकता प्राप्त बालीहरूको उन्नत विउ/ प्रमाणित विउ/ लेवल बीउ/स्थानिय बीउ/यथार्थ संकेतपत्र विउको उत्पादन गुणस्तर नियन्त्रणमा विउ | २० प्रतिशत | | बैंक मार्फत | कृषक/कृषक समूह/सहकारी/निजी फर्म | प्रतिफलमा आधारित उत्पादित बीउ खरिद गर्ने व्यवसायीको सिफारिसको | लागत अनुमानको भौगोलिकताका आधारमा वैज्ञानिक र यथार्थपरक मापदण्डका अनुसार राष्ट्रिय बीउ बिजन समितिबाट | खाद्य सुरक्षा/व्यावसायिकीकरण | गुणस्तरीय बीउको उपलब्धता हुने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादक कृषकहरूलाइ उत्पादन लागतको आधारमा सहयोग अनुदान | | | | | आधारमा प्राथमिकता प्राप्त बालीहरू र प्राविधिक मापदण्ड सम्वन्धित मन्त्रालयले तोक्ने । | सिफारिस एवं पंजीकृत गरिएका जातमा मात्र | | |
| ६ | सरकारी/निजी संस्थाहरूलाई हाइब्रिड जातको विउ विकास गर्न प्राविधिक सहयोग अनुदान (Consultant Breeder को Input मा लागत प्रतिशत सहयोग) | ५० प्रतिशत | ३ लाख | बैंक मार्फत | सरकारी/निजी संस्थाहरू | उत्पादन सामाग्री, निरन्तर | यस अन्तर्गत प्राविधिक सहयोगको आवश्यकताको निर्धारण, प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । Consultant Breeder परिभाषित गर्दा देशमा सम्बधित बालीको जातीय विकासमा कम्तिमा ५ वर्षको अनुभव भएको बैज्ञानिक हुनु पर्ने | व्यावसायिकीकरण | पर्याप्त गुणस्तरीय बिउको उपलब्धता उल्लेखनीय रूपमा वृद्धि हुने |
| ७ | भ्याक्सिन वितरकहरूलाई कमिसन स्वरुप अनुदान | २० प्रतिशत | | बैंक मार्फत | निजी फर्म/कम्पनी/सहकारी | उत्पादन सामाग्री, निरन्तर | वितरकहरू सम्बन्धित मन्त्रालयले तोक्ने | खाद्य तथा पोषण सुरक्षा | पशुपंक्षीजन्य उत्पादनमा वृद्धि |
| ८ | पशुपंक्षीको विभिन्न अत्यावश्यक औषधी र खोपहरूमा अनुदान | १०० प्रतिशत | | सिधै प्रदान | निजी फर्म | उत्पादन सामाग्री, निरन्तर | | खाद्य तथा पोषण सुरक्षा | पशुपंक्षीजन्य उत्पादनमा वृद्धि |
| ९ | पशुपंक्षी, माछा ब्रीडर कृषक समूह/सहकारी तथा श्रोत केन्द्रहरूलाई अनुदान | ५० प्रतिशत | २० लाख | बैंक मार्फत | कृषक/कृषक समूह/सहकारी/निजी फर्म | उत्पादन सामाग्री, पूर्वाधार | मन्त्रालयले तोकेको ब्रीडर वा श्रोत केन्द्रको मापदण्ड बमोजिम हुने गरी अनुदान प्रदान गर्न बिधि तयार गरिने | | |
| **ख.** | **पूर्वाधार विकास** | | | | | | | | |
| १ | सार्वजानिक पूर्वाधार विकास (कृषि सडक, ठुला | १०० प्रतिशत | एक पटकमात्र | बैंक मार्फत | उपभोक्ता | पूँजिगत/पूर्वाधार | यस अन्तर्गत पर्ने पूर्वाधारहरूको | व्यावसायिकीकरण | उपयुक्त पूर्वाधार र बजार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि उपज वजार-थोक तथा खुद्रा, कृषि उपज तथा पशुपंक्षीजन्य हाट वजार आदी) | | | | | | परिभाषा/विस्तृतिकरण, प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । कृषि सडक, साना झोलुगें पुल, ठुला बजारस्थलहरू सार्वजनिक खरिद नियमावली अनुरुप सम्बन्धित निकायले नै निर्माण गर्ने व्यवस्था | | व्यवस्थापनले कृषि व्यवसायीकरणमा टेवा, उत्पादन बृद्धि |
| २ | सामुहिक पूर्वाधार विकास ( साना सिंचाइ, कृषि तथा पशुपंक्षीजन्य उपजको मुल्य शृङ्खला विकासमा आवश्यक हुने समुह/सहकारी/उपभोक्ता समिति मार्फत सञ्चालन हुने विविध पूर्वाधारहरू) | ८० प्रतिशत | ३ करोड | बैंक मार्फत | कृषक/कृषक समूह/सहकारी /उपभोक्ता समिति | पूँजिगत/पूर्वाधार, एक पटक मात्र | यस अन्तर्गत पर्ने पूर्वाधारहरूको परिभाषा/विस्तृतिकरण, प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । समुह/सहकारीको हकमा प्रति सेयर सदस्य ३ लाख मात्र । | व्यवसायिकीकरण / प्रतिस्पर्धात्मक क्षमता विकास | पूर्वाधारमा नीजि क्षेत्रको लगानी र विस्तार, उत्पादनशील क्षेत्रमा पूजीको लगानी तथा परिचालन |
| ३ | निजी पूर्वाधार विकास ( निजि सिंचाइ लगायतका कृषि तथा पशुपंक्षीजन्य उपजको मुल्य शृङ्खला विकासको लागी निजि क्षेत्रबाट संचालन गरिने उद्यमहरूका लागी आवश्यक पूर्वाधार सम्बन्धी परियोजना लागतमा) | ३० प्रतिशत | १ करोड (एक पटक मात्र) | बैंक मार्फत | निजी फर्म | पूँजिगत/पूर्वाधार | यस अन्तर्गत पर्ने पूर्वाधारहरूको परिभाषा/विस्तृतिकरण, प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । ठुला पूर्वाधारको हकमा व्याज अनुदान | व्यवसायिकीकरण / प्रतिस्पर्धात्मक क्षमता विकास | पूर्वाधार विकास तथा विस्तार मार्फत उद्यमीहरूको कृषि क्षेत्रमा आकर्षण, कृषिको व्यसायीकरणमा योगदान |
| **ग.** | **व्यवसाय विकास** | | | | | | | | |
| १ | सामुहिक व्यवसाय विकास (कृषि क्षेत्रमा रोजगार प्रर्बर्द्धन गर्ने तथा कृषि क्षेत्रलाइ आधुनिकीकरण गर्नकालागी संचालन गरिने कृषि उपज/पशुपंक्षीजन्य | ५० प्रतिशत | ३ करोड | बैंक मार्फत | कृषकसमुह/सहकारी/उपभोक्ता समिति | पूँजिगत/पूर्वाधार, एक पटकमात्र | यस अन्तर्गत पर्ने व्यवसायहरूको परिभाषा/विस्तृतिकरण प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धिम मन्त्रालयले निर्धारण गर्ने । प्रति घरधुरी २ | प्रतिस्पर्धात्मक क्षमता विकास | बजार विकास, ठूलो मात्रामा उत्पादन गरी निर्यात तथा आयात |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादनको मुल्य श्रृंखलामा आधारीत सामुहिक व्यवसाय सेवामूलक व्यवसाय समेत परियोजनाको लागतमा अनुदान ) | | | | | | लाखको अधिकतम सिमा । समूह र सहकारीहरूलाई मात्रै | | प्रतिस्थापन गर्न सकिने । |
| २ | निजी व्यवसाय विकास ( कृषि क्षेत्रमा रोजगार प्रवर्द्धन गर्ने तथा कृषि क्षेत्रलाइ आधुनिकीकरण गर्नका लागी संचालन गरिने कृषि तथा पशुपंक्षीजन्य उपजको मुल्य श्रृंखलामा आधारीत निजि व्यवसाय- सेवामूलक समेत परियोजनाको लागतमा अनुदान) | ३० प्रतिशत | १ करोड | बैंक मार्फत | निजी फर्म | पूँजिगत/पूर्वाधार, एक पटकमात्र | यस अन्तर्गत पर्ने व्यवसायहरूको परिभाषा/विष्तृतिकरणप्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धिम मन्त्रालयले निर्धारण गर्ने । | व्यवसायिकीकरण /प्रतिस्पर्धात्मक क्षमता विकास | नीजि क्षेत्रको संलग्नता बृद्धि गर्दै कृषि व्यवसायीकरण |
| ३ | कृषि उपज (बीउ बिजन लगायत अन्य)को मुल्य शृङ्खला विकासमा आवश्यक उपकरण मेसिनरी औजार र ढुवानीका साधनमा installation पश्चात कर Refund गर्ने (Source मा नभइ Sink मा अनुदान)। | १०० प्रतिशत | | आर्थिक ऐन अनुसार | कृषक/कृषक समूह/सहकारी /निजी फर्म | निरन्तर | कर Refund गर्नुपर्ने औजार उपकरणको आवश्यकता, मापदण्ड सम्वन्धीत मन्त्रालयले तोक्ने । | प्रतिस्पर्धात्मक क्षमता विकास | प्रतिस्पर्धात्मक क्षमताको विकास गर्र्दै कृषिको व्यवसायीकरण |
| ४ | कृषि तथा पशुपंक्षीजन्य उपजको मुल्य शृङ्खला विकास अन्तर्गत स्थापना हुने निजी व्यवसायीहरूलाइ परियोजना लागतको आधारमा सहुलियतपूर्ण कर्जा/ब्याज अनुदान (विउ उत्पादक | निर्देशिका अनुसार | निर्देशिका अनुसार | बैंक मार्फत | कृषक/कृषक समूह/सहकारी /निजी फर्म | निरन्तर | व्यवसायमा ऋण अनुदानको लागी सम्वन्धीत निकायको सिफारीस अनिवार्य हुनुपर्ने । ऋण अनुदान नभई ब्याजमा अनुदान दिने स्पष्ट व्यवस्था गर्ने; प्राबिधिक रुपले सिफारिस गर्ने निकाय तोक्ने | प्रतिस्पर्धात्मक क्षमता विकास | नीजि क्षेत्रलाई आकर्षण गरी लगानी बृद्धि गर्दै कृषि व्यवसायीकरण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कम्पनि/समूह/सहकारीहरू लाइ विउ संचयमा व्याज अनुदान समेत) | | | | | | | | |
| ५ | विद्युत महसुल (साना सिंचाइ, कोल्ड स्टोर माछा पोखरी, टिष्यु कल्चर ल्याव, चिलिङ भ्याट, मासु प्रशोधन केन्द्र, बीउ प्रशोधन केन्द्र, बधशाला, हाइटेक ग्रिन हाउस, डेरी, सामुदायिक कृषि तथा पशुजन्य उपज प्रशोधन केन्द्रमा प्रयोग हुने बिद्युत महशुलमा छुट) | ५० प्रतिशत | महशुल अनुसार | बैंक मार्फत | कृषक/कृषक समूह/सहकारी/निजी फर्म | निरन्तर | विद्युत महसुल छुट सम्वन्धी प्राविधिक मापदण्ड र सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । यस अन्तर्गत पर्ने पूर्वाधारहरूको परिभाषा सम्वन्धित मन्त्रालयले गर्ने | व्यवसायिकीकरण / प्रतिस्पर्धात्मक क्षमता विकास | व्यवसायीहरूको प्रोत्साहनबाट कृषि मूल्य श्रृंखलाको सकारात्मक प्रभावबाट कृषिको प्रतिस्पर्धामक क्षमता विकास, कृषि उपजको उत्पादनोपरान्त क्षतिको न्यूनीकरण |
| **घ.** | **बाली बस्तुहरूको प्रतिफलमा आधारीत अनुदान एवं अन्य प्रोत्साहन अनुदान** | | | | | | | | |
| १ | उखु उत्पादक किसानलाई अनुदान (रु. प्रति क्विन्टल) | कार्यविधि अनुसार | कार्यविधि अनुसार | बैंक मार्फत | कृषक | प्रतिफलमा आधारीत | उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यबिधि, २०७५ बमोजिम | साना किसान संरक्षण/ प्रतिस्पर्धात्मक क्षमता विकास | कृषकलाई प्रोत्साहन तथा आयात प्रतिस्थापनमा टेवा |
| २ | चैते धान/वसन्ते तथा हिउँदे मकै खेती नगरिएको क्षेत्रमा उत्पादन प्रवर्द्धनका लागि अनुदान (रु प्रति हेक्टर) | एकमुष्ठ | १० हजार | बैंक मार्फत | कृषक | प्रतिफलमा आधारीत | यस अन्तर्गत पर्ने क्षेत्रहरूको परिभाषा/विस्तृतिकरण प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । ४ Cropping season को लागि मात्र प्रदान गर्ने। दाना उद्योग प्रवर्धन गर्न नेपालमा पंजीकृत/बिकसित हाईब्रिड जातहरू हुनुपर्ने । | खाद्य सुरक्षा | उत्पादकत्व बृद्धि, तथा आयात प्रतिस्थापनमा टेवा |
| ३ | निर्यात प्रवर्द्धनको लागि निर्यातको परिमाणको आधारमा प्राङगारिक | ५० प्रतिशत | प्रमाणिकरण | बैंक मार्फत | निजी फर्म/समुह/सहकारी | चालु | प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । | निर्यात प्रवर्द्धन | अन्तरराष्ट्रिय वजार विस्तार, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रमाणिकरण शुल्कमा अनुदान दिने | | शुल्कको आधारमा | | | | | | निर्यात प्रवर्द्धन गर्न सकिने । |
| ४ | दुध, मासु, अण्डा उत्पादनमा अनुदान | १५ प्रतिशत | उत्पादन को मुल्य अनुसार | बैंक मार्फत | कृषक/कृषक समुह/सहकारी/निजी फर्म | प्रतिफलमा अनुदान | प्रति इकाई उत्पादनको दर र अनुदान प्रवाहको प्रकृया मन्त्रालयले निर्धारण गर्ने | उत्पादन बृद्धि/प्रतिस्पर्धात्मक क्षमता प्रवर्द्धन | गुणस्तरलाई अनिवार्य बनाउन र उत्पादन लागतमा किसानको भार घटाउन |
| ५ | मेसिनरी औजारमा अनुदान (कृषि उपज तथा पशुपंक्षीजन्य उत्पादनको उत्पादन लागत घटाउन र Drudgery कम गर्न कृषि उत्पादन देखी उत्पादन उपरान्तका कृयाकलापहरू र प्रारम्भिक प्रसोधनमा प्रयोग गरिने मेसिनरी र ढुवानीका साधनहरूको लागत मुल्यमा अनुदान ( ढुवानिको साधनको हकमा समुह/सहकारी/उपभोक्ता समितिलाइ मात्र) | ५० प्रतिशत | लागत मुल्य अनुसार | बैंक मार्फत | कृषक/कृषक समुह/सहकारी/निजी फर्म | पूँजिगत | यस अन्तर्गत पर्ने मेसिनरीहरूको परिभाषा/विस्तृतिकरण प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । वढिमा २० लाख मात्र जसमा वर्ष भरी १/२ सिजनमात्र प्रयोग हुनेमा ५०% तर निजी प्रयोजनको- वर्षैभरी प्रयोग हुनेमा ३०% । ठुला मेसिनरीहरूको हकमा कर छुट दिने । मेशिनरी औजारको अनुदानको हकमा सम्वन्धित निकायबाट Tested and Validated मेशिनरीहरूमा मात्र अनुदान दिने व्यवस्था हुनु पर्ने । | व्यावसायिकीकरण | कृषिको आधुनीकीकरण, श्रम जनशक्ति कम भएको अवस्थामा कृषि उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने |
| ६ | नयाँ मत्स्य पोखरी निर्माण (रु प्रति हेक्टर) | ४० प्रतिशत | ३ लाख | बैंक मार्फत | कृषक/कृषक समुह/सहकारी/निजी फर्म | पूँजिगत | प्राविधिक मापदण्ड, छनौट प्रक्रिया | व्यावसायिकीकरण | माछाको उत्पादन बृद्धि गरी आत्म निर्भर बन्ने । |
| ७ | कृषि प्राविधिक शिक्षालयहरूले वरिपरीको क्षेत्रमा विद्यार्थिहरू परिचालन गरी Learn & | ८० प्रतिशत | ८ लाख | बैंक मार्फत | प्राविधिक शिक्षालयहरू मार्फत | चालु | प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । प्रति विद्यार्थी | व्यवसायिकीकरण | युवा जनशक्तिलाई कृषिमा आकर्षण तथा उद्यमशीलता |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Earn कार्यक्रम संचालन गर्न (रु प्रति प्राविधिक शिक्षालय) | | | | | | रु १० हजारको दरले प्रति व्याच १ पटकमात्र । | | विकासमा योगदान दिने |
| ८ | कृषि विषय अध्यायन गरी स्वरोजगार व्यवसाय स्थापना गर्न चाहने युवाहरूलाइ व्यवसाय सुरुवात् अनुदान | ५० प्रतिशत | २० लाख | बैंक मार्फत | कृषि स्नातक युवा/युवती | चालु/एक पटक | प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । स्नातक रु २० लाख तथा डिप्लोमा रु ५ लाख अनुदान | व्यवसायिकीकरण | युवालाई स्वदेशमै रोजगारी प्रदान गरी बैदेशिक पलायन रोक्न सघाउ पुग्ने । |
| ९ | भुमि चक्लाबन्दी अनुसार खेती कार्यका लागि अनुदान (रु. प्रति हे. को दरले दामासाहि अनुसार) | एकमुष्ठ | २५ हजार | बैंक मार्फत | कृषक | चालु | स्वीकृत कार्य सञ्चालन प्रक्रिया अनुसार | व्यावसायिकीकरण /खाद्य तथा पोषण सुरक्षा | |
| १० | लक्षित वर्ग/क्षेत्र/वाली/बस्तुसँग सम्वन्धित कृषि व्यवसाय स्थापना विकास (जमिन लिजमा लिई सामुहिक खेति गर्न) | ८० प्रतिशत | ५ लाख | बैंक मार्फत | संघ/संस्था | चालु/एक पटक | यस अन्तर्गत पर्ने लक्षित वर्ग/क्षेत्र/वालीहरूको परिभाषा/विस्तृतिकरण प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने, भूमिहीन, दलित, लोपोन्मुख, सीमान्तकृत समुह; लिजमा सामुहिक खेति गर्ने | खाद्य सुरक्षा/साना किसान उत्थान | सीमान्त समूहको श्रोत तथा सेवामा पहुँच तथा उनीहरूको आर्थिक उपार्जनमा टेवा पुग्ने । |
| ११ | लक्षित क्षेत्रमा पशुपालनमा व्यावसायिकरण गर्न आधुनिक पशु आहार प्रयोगमा मुल्यमा अनुदान | ५० प्रतिशत | मुल्य अनुसार | बैंक मार्फत | संघ/संस्था | उत्पादन सामाग्री | यस अन्तर्गत पर्ने लक्षित क्षेत्रको परिभाषा, प्राविधिक मापदण्ड, छनौट प्रकृया मन्त्रालयले निर्धारण गर्ने | व्यवसायिकीकरण | मासुमा आत्म निर्भर हुन योगदान |
| १२ | Agri–business Incubation कार्यक्रम संचालन गरी व्यवसाय स्थापना गर्न सहजिकरण गर्ने संघ/संस्थाहरूलाइ अनुदान (रु प्रति व्यक्ति) | ५० प्रतिशत | ५० हजार | स्वीकृत कार्य सञ्चालन विधि अनुसार | संघ/संस्था | चालु/एक पटक | यस अन्तर्गत पर्ने संस्थाहरूको सुचिकरण प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने । सरकारी फर्म केन्द्र/प्राबिधिक शिक्षालयहरूले कार्यक्रम संचालन गर्ने कार्यविधि तयार पार्ने र निजि क्षेत्रको क्षमता | व्यवसायिकीकरण | उद्यमशीलताको विकास, तथा युवा स्वरोजगारका अवसरहरूको वृद्धि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | परिक्षण गरी दिने कार्यविधि तयार पार्ने | | |
| १३ | निजि/सहकारी क्षेत्रबाट कृषि तथा पशुसेवा प्रसार सेवा सुदृढ गर्न सेवा नपुगेको क्षेत्र/वार्डमा एग्रोभेट तथा उत्पादन सामग्री बिक्रि कक्ष स्थापना गर्न तथा सेवा केन्द्र संचालन गर्न अनुदान | ५० प्रतिशत | २ लाख | स्वीकृत कार्य सञ्चालन विधि अनुसार | कृषक/कृषक समुह/सहकारी | पूँजिगत/एक पटक | यस अन्तर्गत पर्ने कृषि प्रसार सेवा नपुगेका क्षेत्रको परिभाषा प्राविधिक मापदण्ड, छनौट प्रकृया सम्वन्धित मन्त्रालयले निर्धारण गर्ने | व्यवसायिकीकरण | कृषिको आवश्यक सेवामा कृषकको पहूँच बृद्धि गर्ने |
| **ङ.** | **जोखिम व्यवस्थापन अनुदान** | | | | | | | | |
| १ | कृषि तथा पशुपंक्षी विमाको प्रिमियममा अनुदान | निर्देशिका अनुसार | निर्देशिका अनुसार | बैंक मार्फत | कृषि व्यवसायमा संलग्न सबै | बिमा/चालु | वाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० अनुसार | खाद्य सुरक्षा/साना किसान संरक्षण | वीमा प्रोत्साहन गरी कृषि क्षतिको जोखिम न्यूनीकराण गर्ने |

*स्रोत: कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको अनुदान सम्बन्धी निर्देशिका, २०७७ (प्रस्तावीत) बाट साभार गरिएको ।*

## अनुसूची ४: कृषि बिभाग तथा मातहतका कार्यालयहरूको आ.ब. २०७५/७६ को अनुदानको विवरण

| क.सं. | कार्यान्वयन निकाय | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | वार्षिक बजेट (रु. हजारमा) | वार्षिक विनियोजित अनुदान रकम ( रु. हजारमा) | वार्षिक अवधिमा खर्च भएको अनुदान रकम (रु. हजारमा) | अनुदानको बजेटबाट मात्र भएको मुख्य-मुख्य उपलब्धिहरू (क्षेत्रफल, उत्पादन, रोजगारी, मेशिनरी औजार, उपकरण तथा भौतिक संरचना लगायतको विवरण) |
|---|---|---|---|---|---|---|
| **अ. पहिलो प्राथमिकता (P1) मा रहेका कार्यक्रम तथा आयोजनाहरू** | | | | | | |
| १ | कृषि विभाग | बाली बीमा र कृषि प्रयोजनका शीतघरहरूको कूल विजुली प्रयोगको ५० प्रतिशत रकम अनुदान र प्राङ्गारिक कृषि कार्यक्रम | ६५१९०४ | २६८२४९ | ९९६९८ (३७.१७%) | बीमा समितिलाई गत आ.व. तथा आ.व. २०७५/७६ को कृषि बीमा प्रिमियम शुल्क अनुदान बापतको रकम रु. ४ करोड ४६ लाख ९५ हजार अनुदान उपलब्ध गराईएको जसबाट १४५६ जना कृषक लाभान्वित भएका। कृषि प्रयोजनका शीतघरहरूको कूल बिजुली प्रयोगको ५० प्रतिशत रकम बापत जरिवाना बाहेक रु. ५ करोड अनुदान नेपाल बिद्युत प्राधिकरण लाई प्रदान गरिएको जसबाट ३८ वटा शीतघर लाभान्वित भएका। रैथाने बाली प्रवर्द्धनमा सहयोग पुगेको। |
| २ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम | ६७८४४० | ४५६८०० | २४८९०० ( ५४.४९%) | उपत्यकाको तारकेश्वर न.पा. र कागेश्वरी, मनोहरा न.पा. गोठाटारमा कृषि बजारको निर्माण सहयोग, बेलका न.पा. अन्तर्गत करिब ६००० बिघा बाँझो जमिनको केहि भागमा आधुनिक तवरले चकलाबन्दी खेती शुरुवात, Business Incubation सम्बन्धी २७ जनालाई दक्षता अभिवृद्धि तालिम, १०६० स्यालो ट्यूववेल र ११ वटा डिप ट्यूबवेल जडान गरिएको। |
| ३ | राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र | बगर खेती कार्यक्रम/प्राङ्गारिक खेती कार्यक्रम | २९८५०० | १८६२५९ | १०४३०५ ( ५५.९९%) | २६५ विगाह क्षेत्रमा बगर खेती विस्तार<br>१३२ हे. क्षेत्रमा प्राङ्गारिक खेती विस्तार |
| ४ | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ५१८६१ | १७८५० | ३५८४ (२०.०७%) | कृषि ज्ञान केन्द्र हुम्ला, बाजुरा र लम्जुङ्गमा रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको। |
| ५ | राष्ट्रिय फलफूल विकास केन्द्र | निजी जग्गामा फलफूल क्षेत्र विस्तार कार्यक्रम | २३८१११.७४ | ९५५०० | ८७५९९.९६ ( ९१.७२%) | ४५३.६ हेक्टर निजी जग्गामा फलफूल क्षेत्र विस्तार तथा ४५ हेक्टरमा कागती क्षेत्र विस्तार भएको। |
| ६ | रानी जमरा कुलरिया सिँचाइ आयोजना प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | रानी जमरा कुलरिया सिँचाइ आयोजना प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | १७११०० | ८०४०० | ७४१७० (९२.२५%) | ४ बीउ भण्डारण घर निर्माण सहयोग, २ हाइटेक नर्सरी निर्माण सहयोग, ५ पोलिहाउस निर्माण, १ केरा पकाउने च्याम्बर निर्माण सहयोग, ६७४ कृषि औजार र उपकरणमा अनुदान सहयोग। |
| ७ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | ४३१३०१ | २९६०७३ | २५५३६४.९१ ( ८६.२५%) | आ.व. २०७५/७६ मा यस आयोजनाले आव्हान गरेको ७ औं कल अन्तर्गत अनुदान वर्ग १ का ९५ र अनुदान वर्ग २ का ६९ गरी १६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | उप-आयोजनासँग सम्झौता कार्य सम्पन्न भएको जस अन्तर्गत ९८ कृषक समूह, ४३ सहकारी र २३ निजी उद्यमी रहेका।<br>सम्झौता भएका उप-आयोजना मध्ये ४० च्याउ, ४१ आलु, ५३ तरकारी, ८ मह, ५ मसुरो, १ केरा, १० मसलाबाली, २ बीउ उत्पादन, २ अदुवा तथा २ फलफूल नर्सरी उत्पादनका उप-आयोजना रहेका। |
| **आ. दोश्रो प्राथमिकता (P2) मा रहेका आयोजना/कार्यक्रमहरू** | | | | | | |
| १ | व्यावसायिक कीट विकास कार्यक्रम | किम्बु क्षेत्र विस्तार कार्यक्रम | ५४७२५ | १९५० | १९५० (१००%) | दाङ्ग जिल्लामा १० हे. क्षेत्रफलमा किम्बु क्षेत्र विस्तार भएको। |
| | | | **२५७५९४२.७४** | **१४०३०८१** | **८७५५७१.८७ (६२.४०%)** | |

*स्रोत: कृषि बिभागको आ.ब. २०७५/७६ को वार्षिक प्रगति एंव बजेट पुस्तिकाबाट साभार गरिएको।*

## अनुसूची ५: कृषि अनुदानग्राहीहरूको अनुदान पश्चातको अनुभव र सफलताका कथाहरू

# हासिवागंको तरकारी उत्पादन सम्बन्धी कथा

सानी भेरी गाउँपालिका वडा नं ९, हासिबांगमा रहेको हासिवांग आयआर्जन महिला कृषक समुह, २०६७ सालमा गठन भइ तरकारी उत्पादन कार्यमा संलग्न हुदै आएको छ । उक्त समुहले कृषि क्षेत्र विकास कार्यक्रमले आव्हान गरको सहलगानीमा सम्मिलित हुन तोकिएको ढाचामा प्रस्ताव पेश गर्यो । उक्त प्रस्ताव उपर स्थलगत प्रमाणिकरण टोलिले गरको स्थलगत प्रमाणिकरणबाट छानिएर २०७७, असार ३१ गते हासिवांग आयआर्जन महिला कृषक समुह र कृषि क्षेत्र विकास कार्यक्रम विच वेमौसमी तरकारी मूल्य श्रृखला खण्ड ख अन्तर्गत सम्झौता भयो । यस सहलगानि कार्यक्रममा ३१ जना सदस्यहरू सहभागी भए । सम्झौताका वखत, कोरोना महामारीको कारण बन्दाबन्दिको अवस्था थियो । बन्दाबन्दिको अवस्थामा स्वास्थ्य सुरक्षाका मापदण्डहरू अपनाउदै उपआयोजना अभिमुखिकरण सम्पन्न भयो । त्यसको लगत्तै खरिद समिति गठन गरि वेमौसमि तरकारी खेतिका लागि आवश्यक सामाग्रि खरिदका लागि  प्रकृया अगाडि बढयो । "सके सम्म आफ्नै स्थानिय बजारमा सामाग्री खरिद गर्ने निर्णय गरेका थियौ तर बन्दाबन्दिले सामाग्रीको मुल्य बढेको जानकारी पायौं, अनि सुर्खेतमा सम्पर्क गरि बुझ्दा केहि सस्तो लाग्यो र सुर्खेतबाट सामाग्रि खरिद गर्यौ । हामीले असोज महिनामा स्थानिय सामाग्रीहरूको जोहो गरि, जग्गा तयारी गरी कार्तिक महिनामा टनेल निर्माण कार्य सम्पन्न गर्यौं" समुह कि कोषाध्यक्ष चन्द्रकला विष्टले जानकारी दिइन ।



पहिलो सिजनमा ३१ जना सदस्यका ३१ वटा टनेलमा टमाटर र काउली खेति र केहिले टनेल बाहिर वन्दा समेत उत्पादन गरे । समुह कि अध्यक्ष कमला डागी भन्छिन, "हामिले पहिले पनि आफ्नै लगानिमा टनेल बनाइ तरकारी उत्पादन त गरेका थियौं तर हामीले उन्नत प्रबिधिहरू जस्तै किरा छेक्ने जालि, मल्चिङ, थोपा सिचाई, कोकोपिट, नर्सरी ट्रेको प्रयोग गरका थिएनौ । हामीले कृषि क्षेत्र विकास कार्यक्रमबाट यि सामाग्रिको प्रयोगबाट खेति गर्ने तरिका जान्यौं । यस्ले हाम्रो समयको वचत गर्नुको साथै उत्पादनमा समेत बृद्धि गरको छ ।  उनि थप्छिन, तरकारी खेतिले हामी महिलाहरूलाई आत्मनिर्भर बनाएको छ, घरखर्च तथा केटाकेटिको पढाइ खर्चका लागि सजिलो भएको छ" । समुहले हाल टनेल बनाइ तरकारी उत्पादन गरको जमिनमा पहिले गहु खेति गर्ने गरको रहेछ । जति मेहेनत गरे पनि २/४ बोरा भन्दा गहु नफल्ने, त्यो पनि परिवारलाई बर्षभरि खान नपुग्ने रहेछ । हाल उक्त जमिनको केहि हिस्सामा बनाएको तरकारी खेतिले राम्रो आम्दानी दिइरहेको सदस्यहरूले बताए । "तरकारी खेति गर्दा दुइ वटा फाइदा हुने, एक आफु र आफ्नो परिवारलाई पौष्टिक आहार खान र खुवाउन पाइने र अर्को आम्दानी गरेर परिवारलाई आर्थिक सहयोग गर्न हुने" बताउछिन कमला । कमलाले पहिलो सिजनमा टमाटरवाट रु.१०००० आम्दानि गरेकि रहिछन । हाल समुहका सदस्यहरूले टनेलमा काक्रा, करेला आदि उत्पादन गरेका छन । ०.२५ रोपनिमा लगाएको काक्राबाट समुह कि सदस्य बिन्दु वलिले रु.२०००० आम्दानि गरको बताइन, तर दोस्रो लहरको कोरोनाका कारण बिक्रिमा असहजता रहेको बताईन ।



यस समुहबाट बित्तिय शिक्षा तथा ब्यबसायीक साक्षरता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिममा पनि सहभागिता भएको थियो । समुहका सदस्यहरूका लागि तालिमको आयोजना गर्ने निर्णय र पाठ योजना तयार गरि सकेको अध्यक्षले बताइन । उनले थपिन, टनेल निर्माणमा त अन्य कार्यक्रमले पनि सहयोग गरिरहेका हुन्छन तर हामी कृषकको अभिलेख राख्ने कृषक डायरि, बित्तिय शिक्षा तथा ब्यबसायीक साक्षरता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम र पोषण बगैचा जस्ता कार्यक्रम रहेकाले यो अन्य भन्दा भिन्न रहेको बताइन ।

*[हासिवांग आयअनर्जन महिला कृषक समुह कि अध्यक्ष कमला बिष्ट डागी, कोषाध्यक्ष चन्द्रकला बिष्ट लगाएत समुहका सदस्यहरूसँग शीला अधिकारी देवकोटा (कृषि क्षेत्र विकास आयोजना, मूल्याङ्कन तथा ज्ञान व्यवस्थापन अधिकृत, कार्यक्रम समन्वय इकाई, सल्यान) ले गरेको कुराकानीका आधारमा तयार पारिएको ।]*

## सकरात्मक सोचको परिणामः परिवर्तन र विकास-एक घटना अध्ययन

कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्ला एक विकट र आर्थिक रूपमा पिछडिएको जिल्लाको रूपमा परिचित छ। व्यवस्थापन तथा विकास अध्ययनको लेखबाट प्राप्त जानकारी अनुसार सन २०११ मा देशका सातै प्रदेशहरूमा कर्णाली प्रदेशको मानव विकास सुचकांक सबै भन्दा कम ४६.३ प्रतिशत रहेको छ। जाजरकोट जिल्ला भित्र रहेका पालिकाहरू मध्ये जिल्ला सदरमुकाम समेत रहेको भेरी नगरपालिकाका अधिकांश जसो बासिन्दाहरूको आर्थिक अवस्था कमजोर नै रहेको पाईन्छ। यसै भेरी नपा को वडा नं २ को बाहुनथाना र पोखरा भन्ने स्थानको मध्य तिर चाखापोखरा भन्ने गाउँ रहेको छ। यस गाउँका अधिकांश परिवार जनजाती हरू रहेका छन। करिब ३५ घरधुरी रहेको यस गाउँका प्राय सबै युवा तथा प्रौढ पुरुष वर्गको कमाई गर्ने उपाय भनेको छिमेकी मुलुक भारत या छिमेकी जिल्ला डोल्पा जाने सडक मजदुरको रूपमा रहेको छ।



गाउँका महिलाहरूको दिनचर्या घरधन्दा र पशुपंक्षीहरूको स्याहारसुसारमा नै बितेको हुन्छ। यस गाउँको बासिन्दाहरूको आर्थिक उत्थानको लागि भनेर स्थानिय स्तरमा खासै कार्यहरू भएको देखिन्न। तथापी यस गाउँका जनताहरूले राज्यबाट केही सेवा सुविधा पाईन्छ कि भन्ने आशाले मिति आ.व. २०७५।०७६ मा पालिकाको कृषि उप शाखामा प्रगतिशिल सामुदायिक कृषक समुहका नाममा ४ महिला र १२ पुरुष गरी १६ जनाको समुह दर्ता भई जिविकोपार्जन र विकास निर्माणको लागि प्रस्तावहरू हाल्ने कार्य भएकोमा खानेपानीको बाहेक अरु उल्लेखनिय कार्य केही भएको पाईन्न।

कर्णाली प्रदेशमा कृषि क्षेत्र विकास कार्यक्रम लागु भए पछि यस जिल्लामा समेत शुरुवाती चरणमा नलगाड, छेडागाड, भेरी नगरपालिका र शिवालय गाउँपालिकामा कार्यक्रम संचालन भयो। सोही क्रममा कार्यक्रमले उत्पादक समुहसहकारीहरूसंग सहलगानीमा मुल्य श्रृंखला विकास अन्तर्गत आशय पत्र माग गरेकोमा यस प्रगतिशिल सामुदायिक कृषक समुहले समेत दुग्ध मुल्य श्रृंखला अन्तर्गत मिति २०७६।०७।२४ गते सहलगानी प्रस्ताव पेश गर्यो। उक्त प्रस्ताव गर्दा खेरी समुहमा २१ जना महिला र बाकी १४ जना पुरुष गरि ३५ जना सदस्यहरू भएकोमा महिलाको संख्या वृद्दि भएको अवस्थामा कृषि क्षेत्र विकास कार्यक्रमले प्रस्ताव उपर स्थलगत प्रमाणिकरण र व्यावसायिक योजना तयार गरि स्विकृत गरे पछि सम्झौता गर्न भनि जानकारी पठाउँदा उक्त समुहमा विवाद सृजना भएको रहेछ। समुहका महिला सदस्यहरूकै भनाई अनुसार समुहका सदस्यहरूलाई समुहको आय व्ययको बारेमा थाहा नहुने, कार्यक्रमको बारेमा जानकारी नहुने हुँदा समुहको नियमित हुने क्रियाकलापहरू समेत बिथोलियो। कार्यक्रमसंग सहलगानी गर्ने भन्नेमा समेत दुविधा उत्पन्न भए पश्चात समुहका महिला सदस्यहरूले समर्थन गरि अध्यक्ष पदमा रहेका पहिलाको पुरुषको सट्टामा अर्को पुरुषलाई छनौट गरि समुहलाई अघि बढाएका हुन। तत्पशचात पनि नयाँ अध्यक्ष कामको खोजीमा डोल्पा पुगेपछी समुहमा अन्यौल सृजना भयो र सम्झौता गर्न समेत अप्ठयारो परिरहँदा कार्यक्रमका जाजरकोट इकाईका अनुगमन मुल्यांकन तथा ज्ञान व्यवस्थापन अधिकृतले समुहका सदस्यहरू सग छलफल गर्दा अध्यक्ष कामको खोजीमा डोल्पा पुगेको र हामी महिलाहरू कसरी अघि बढने भनि निर्णय गर्न नसकेको भन्ने जानकारी भएकोले समुहले निर्णय गरी प्रकिया अघि बढाउन सक्ने भनि सहजिकरण भए पछि समुहका महिला नै एकमत भई समहका पुरुष सचिव समेत गाउँ बाहिर व्यापार गर्ने र उतै व्यस्त रहने भएकोले उपाध्यक्ष श्री राधिका पुनलाई साक्षी राखेर महिला कोषाध्यक्ष श्री डिला घर्तीले हस्ताक्षर गरेर कार्यक्रमसंगको सम्झौता सम्पन्न भयो। तत्पश्चात कार्यक्रमसंगको सम्झौता पछी गरिने क्रियाकलापहरू मध्ये २३ वटा भकारो सुधार गर्ने कार्य सम्पन्न भएको भनि जानकारी भएकोमा उक्त सबै काम महिला सदस्यहरू (अध्यक्षको श्रीमती) को मात्र सम्पन्न भएको जस मध्ये ६ घरधुरी दलित १६ घरधुरी जनजाती र





१ घरधुरी मात्र ठकुरी जातीका महिला सदस्य रहेका र अन्य पुरुष सदस्यहरू समेतले बाहिर काममा जान पर्ने भएकोले तत्काल नसक्ने भनि समुहमा जानकारि गराएका थिए । यसरी कृषि क्षेत्र विकास कार्यक्रमसंगको कार्यक्रम सफल गर्नको लागि भकारो निर्माण गर्ने २३ जना महिला सदस्यहरू मध्ये १२ जनाले व्यक्तिगत रूपमा ऋण लिएर पनि कार्य सम्पन्न गर्नु भएको छ । समुहमा कार्यक्रमले वित्तिय शिक्षा तथा व्यावसायिक साक्षरताको कक्षा समेत संचालन भएको र कक्षामा समयमा नआउने सदस्यलाई हर्जाना तिराउने नियम बनाए पछि सबै महिला सदस्यहरू समयमा नै वित्तिय शिक्षा तथा व्यावसायिक साक्षरताको कक्षामा सहभागी भैरहेका छन । समुहका सदस्यहरू कक्षाबाट आफ्नो परिवारले गर्नु पर्ने खर्च, बचत तथा पारिवारिक योजनाको बारेमा जानकारी लिएर सिकेका कुराहरूलाई व्यक्तिगत जिवनमा उतार्न तत्पर देखिन्छन । "पहिला खासै नबोल्ने सदस्यहरू पनि अहिले बोल्ने, परिचय दिन सक्ने र छलफलमा सहभागी भएका छन भन्छिन" सहजकर्ता अम्बिका ओली । समुहका सदस्यहरूले समुहमा बचत गर्ने कार्यलाई निरन्तरता दिने र अन्य गर्नुपर्ने कार्यहरूलाई समेत सहमतिमा गर्नको लागि तयार भएका छन । हिजो आफ्नो गाउँघरका समस्याहरू बारेमा सहने बानी परेका महिलाहरू अहिले समुहमा छलफल र निर्णय समेत गरेर अघि बढन सक्ने देखिन्छन । "समस्याहरू सँग सामना गर्नको लागि समुहका महिलाहरूको निर्णय गर्ने क्षमताले गर्दा त्यहाँका पुरुष वर्गलाई हातेमालो गर्दै अघि बढन ठुलो मद्दत पुगेको छ भन्छन" समुहका अध्यक्ष श्री शशिराम पुन । "कार्यक्रम अन्तर्गत घाँस व्यवस्थापन पनि रहेको जस अनुसार डाले घाँस र भुँई घाँस पनि लगाउनु पर्ने भएकोले भैंसीपालन व्यवसायलाई अघि बढाउन र जिविकोपार्जन सुधारमा मद्धत पुग्नुका साथै आफ्नो काम गर्ने समयमा समेत बचत हुन सक्ने भयो" भन्छिन समुहकी कोषाध्यक्ष श्री डिला घर्ती ।
*[प्रगतिशिल सामुदायिक कृषक समूहका अध्यक्ष तथा सदस्यहरूसँग गोबिन्द सुनार (कृषि क्षेत्र विकास आयोजना, अनुगमन मूल्याङ्कन तथा ज्ञान व्यवस्थापन अधिकृत) ले गरेको कुराकानीका आधारमा तयार पारिएको ।]*

**अनुसूची ६: सरोकारवाला र जानिफकारसँगको अन्तर्वातामा सहभागीको विवरण**

| क.स. | नाम, थर | पद र कार्यालय | कैफियत |
|---|---|---|---|
| १ | प्रदिप कुमार भट्टराई | वरिष्ठ पशु विकास अधिकृत, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | |
| २ | बैकुण्ठ अधिकारी | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालय, लुम्बिनी | |
| ३ | चित्र रोकाया | वरिष्ठ योजना अधिकृत भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालय, कर्णाली | |
| ४ | धन बहादुर कठायत | भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालय, कर्णाली | |
| ५ | नारायण पाठक | कृषि अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालय, गण्डकी | |
| ६ | सागर घिमिरे | कृषि प्रसार अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालय, गण्डकी | |
| ७ | भोजराज सापकोटा | सहसचिव, कृषि क्षेत्र विकास परियोजना | |
| ८ | प्रकाश पन्त | कृषि अधिकृत, कृषि क्षेत्र विकास परियोजना | |
| ९ | चण्डिका लामा | योजना अधिकृत, कृषि क्षेत्र विकास परियोजना | |
| १० | प्रतिक अधिकारी | कृषि अधिकृत, कृषि क्षेत्र विकास परियोजना | |
| ११ | तोयानाथ जोशी | कृषि विकास अधिकृत, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | |
| १२ | बीनोद घिमिरे | वरिष्ठ कृषि विकास अधिकृत, कृषि ज्ञान केन्द्र, बर्दिया | |
| १३ | थीरलाल गैरे | कृषि अधिकृत, प्र.कृ.आ.प. | |
| १४ | संजय ढकाल | योजना अधिकृत, कृषि ज्ञान केन्द्र, कास्की | |
| १५ | डा. सुजीता ज्ञवाली | पशु विकास अधिकृत कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | |
| १६ | डा. आभाष कोइराला | पशु विकास अधिकृत कृषि ज्ञान केन्द्र, मकवापुर | |

**अनुसूची ७: समूह लक्षित बैठक तथा स्थलगत अवलोकनका सहभागीको विवरण**

| क.स. | नाम, थर | पद र कार्यालय | कैफियत |
|---|---|---|---|
| १ | कमला कंडेल | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| २ | पवित्रा आर्चाय | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| ३ | कौशिला काफ्ले | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| ४ | बिष्णु न्यौपाने | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| ५ | श्रृजना पाण्डे | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| ६ | निर्मला कोइराला | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| ७ | रेखा शर्मा | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| ८ | तुलाराम जैशी | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| ९ | नारायण पाण्डे | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| १० | गगन पाण्डे | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| ११ | पम्फा थापामगर | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| १२ | दिल बहादुर थापामगर | किसान, श्री उत्तरगंगा महिला उद्यम शहकारी संस्था, बिरेन्द्रनगर न.पा. सुर्खेत | |
| १३ | राधेश्याम पौडेल | किसान, खुशी नमूना बहुउद्देशीय सहकारी, गण्डकी प्रदेश | |
| १४ | बलराम कुँवर | किसान, ढिकुरपोखरी -०१ ,कास्की | |
| १५ | प्रमोद न्यौपाने | किसान, प्रयास एग्रो फर्म ,पुरन्चौर , १९ , पोखरा | |
| १६ | सुरेश गुरुङ | किसान, पुरन्चौर , १९ , पोखरा | |
| १७ | हरि माया पराजुली | किसान, पोखरा, कास्की | |

| | | | |
|---|---|---|---|
| १८ | गुप्ता गुरुङ्ग | किसान, गण्डकी प्रदेश | |
| १९ | दिल बहादर वाइवा | किसान, राक्सीराङ्ग गा.पा., मकवानपुर | |
| २० | मंगलीमाया वाइवा | किसान, राक्सीराङ्ग गा.पा., मकवानपुर | |
| २१ | श्रीमान वाइवा | किसान, राक्सीराङ्ग गा.पा., मकवानपुर | |
| २२ | प्रदिप कुमार थिङ्ग | किसान, राक्सीराङ्ग गा.पा., मकवानपुर | |

## अनुसूची ८: यस अध्ययन परामर्शमा प्रयोग भएका अर्धसंरचित प्रश्नावली वा रुजुसूची

### सारोकारवालाहरुसँको बैठक र जानिफकारसँगको अन्तर्वार्ताका लागि सोधिएका प्रश्नहरु:

१.तपाईको निकाय वा आयोजना मार्फत के कस्ता किसिमका कृषि अनुदानहरु प्रदान गरिन्छ वा गरिएको छ ?

२.अनुदान वितरणको कार्यान्वयन विधि/रणनीतिहरू छोटकरीमा व्याख्या गर्न सक्नुहुन्छ ?

३. अनुदान वितरणको लागि प्रस्तावकले पूरा गर्नुपर्ने कुनै निश्चित मापदण्डहरू छन् ?

४. यस्ता (अनुदानको सूची अनुसार) अनुदानका लागि प्रमुख लक्षित वर्ग (व्यक्तिगत किसान/समूह/सहकारी/ठूला उत्पादकहरू) को हुन् ?

५. हालसम्म वितरण गरिएको अनुदानको संख्या (परिमाणात्मक र प्रकार अनुसार) कति छ र कुल अनुदानग्राही (लाभान्वित) कति छन् ?

६. कभरेज क्षेत्र (प्रदेशको संख्या, यदि संघीय स्तरको लागि सोधिएको भए), (पालिका र वडाको संख्या, यदि प्रदेशको लागि सोधिएको भए), र (वडाको संख्या, यदि पालिकाको लागि सोधिएको भए) को संख्या कति हो ?

७. प्रस्तावना अनुसार अनुदान कार्यान्वयन नगर्ने अनुदानग्राहीहरुको कुनै अभिलेख छ ? यदि छ भने, धेरै जसो अवस्थाहरूमा (अधिक देखिएको वा सम्भावित) उनीहरू कुन प्रकारका अनुदानग्राही मध्ये (ठूला उत्पादकहरू, व्यक्तिगत किसानहरू/समूहहरू/सहकारीहरू/व्यापारिक फर्महरू) पर्दछन् ? तपाईको विचारमा यसका प्रमुख कारणहरु के के होलान् ?

८. तपाईको दृष्टिकोण र स्थलगत अवलोकनका आधारमा कृषि अनुदान मार्फत अनुदानग्राहीहरूमा के कस्ता (उत्पादन लागत, कृषि उत्पादन र उत्पादकत्व, खाद्य र पोषण सुरक्षा, आय आर्जन, जीविकोपार्जन सुधार) परिवर्तनहरू देखिएका छन् ?

९.तपाईको विचार र अवलोकनका आधारमा कृषि अनुदानहरू सबै तहका किसानहरूका लागि कत्तिको पहुँचयोग्य छन् ? अनुदानको पहुँचका लागि कार्यान्वयन विधि वा मापदण्डमा केही परिवर्तन वा सुधार गर्नुपर्ने आवश्यकता छ जस्तो लाग्दछ ? यदि त्यसो हो भने, के तपाइँ तिनीहरूलाई थप पहुँचयोग्य बनाउनको लागि आलोचनात्मक सुझाव दिन सक्नुहुन्छ ?

१०.के तपाईंले अनुदान वितरण (सबै तहका सरकार, गैरसरकारी संस्था, अन्य सरकारी परियोजनाहरू, आदिबाट अनुदान प्राप्त गर्ने अनुदानहरू) मा कुनै प्रकारको दोहोरोपन देख्नुभएको वा महशुस गर्नुभएको छ ? यदि छ भने, त्यस्तो हुनुका प्रमुख कारणहरू के के हुन् ? त्यस्तो समस्या समाधानका लागि कृषि अनुदान वितरण नीति वा कार्यान्वयन निर्देशीकाहरू वा विधिहरू वा मापदण्डहरूमा के कस्तो प्रभावकारी व्यवस्था समावेश गर्न आवश्यक छ ?

### बिषय बिज्ञहरुसँगको अन्तर्वार्ताका लागि सोधिएका प्रश्नहरु:

१.कृषि अनुदान वितरणमा लागु भएका कार्यान्वयन विधिहरू र सबै तहका किसानहरूमा (संघीय, प्रादेशिक र स्थानीय तहका) अनुदानहरुको सहज पहुँचमा तपाईंको मुख्य टिप्पणी र बुझाइ के छ ?

२. कृषि अनुदान वितरणका लागि तोकिएका मापदण्डहरू र त्यस्ता मापदण्ड अनुसार सबै तहका किसानहरूमा (संघीय, प्रादेशिक र स्थानीय तहका) कृषि अनुदान कार्यक्रमको पहुँचका बारेमा तपाईको मुख्य टिप्पणी र बुझाइ के छ ?

३.हालको कृषि अनुदान कार्यान्वयन प्रक्रिया/विधि/मापदण्डमा केहि परिवर्तन वा सुधार गर्नुपर्ने आवश्यकता छ जस्तो लाग्दछ ? यदि लाग्छ भने, यस सम्बन्धमा तपाईका रचनात्मक सुझावहरू के छन् ?

४.कृषि अनुदानमा भएका नीतिगत व्यवस्थाहरुको कार्यान्वयनका सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीहरू के के हुन् ? र कृषि अनुदान कार्यक्रममा सबै तहका किसानको पहुँच वृद्धि गर्न नीतिमै के कस्तो सुधारात्मक व्यवस्था गर्नुपर्छ होला ?

५.समाचारहरु र स्थलगत अवलोकनहरूमा हामीले अनुदान वितरणमा भएको दोहोरोपनको बारेमा गुनासोहरू सुन्ने गरेका छौं, यसको प्रमुख कारण के हो जस्तो लाग्दछ ? दोहोरोपनका आउने गुनासोहरू कम गर्न कृषि अनुदानमा भएका नीतिमै समावेश गर्नुपर्ने तपाईका प्रमुख/विशिष्ट सुझावहरू के के होलान् ?

**लक्षित समूह छलफलका लागि सोधिएका प्रश्नहरुः**

१.तपाईले कृषि अनुदान कहाँ वा कुन निकायबाट प्राप्त गर्नुभएको हो ?

- सरकारी परियोजनाहरू (संघ, प्रदेश)
- कृषि ज्ञान केन्द्र वा प्रदेश सरकार
- स्थानीय सरकारहरू
- गैह्र सरकारी संस्थाहरु

२.तपाईले अनुदान कहिले प्राप्त गर्नुभयो ? (कति वर्ष पहिले) । के तपाईले पटक पटक अनुदान प्राप्त गर्नुभएको छ ? यदि छ भने, कति पटक प्राप्त भएको छ ?

३.कस्ता प्रकारका अनुदानहरु प्राप्त गर्नुभयो र कुन कुन क्षेत्रमा (तरकारी, गाईवस्तु-भैंसी, गाई, बाख्रा, सुँगुर आदि, फलफूल उत्पादन, आदि) अनुादनहरु प्राप्त भएको हो ?

४. अनुदान मार्फत के कस्ता सहयोगहरु प्राप्त भएको हो ? (नगद वा जिन्सी सबैको जानकारी)

५. तपाईले अनुदान प्रदायकहरूले कृषि अनुदान वितरण सम्बन्धि तोकेका कार्यान्वयन विधि र मापदण्डको बारेमा कसरी थाहा पाउनुभएको हो ? (व्यक्तिगत सम्पर्क, सञ्चार माध्यम/विज्ञापन, सम्बन्धित निकायको कार्यालयमा गएर आदि)

६. के तपाईले प्राप्त अनुदानबाट सकारात्मक रूपमा लाभ उठाउनु सक्नुभएको छ ? यदि छ भने, अनुदान पछि सम्बन्धित कृषि क्षेत्रको उत्पादन, खाद्य र पोषण सुरक्षा, आय आर्जन, र जीविकोपार्जन सुधारमा आएका मुख्य परिवर्तनहरू के के हुन् ?

७. के तपाईले यो अनुदानमा पहुँच पाउन कुनै चुनौती वा अवरोधहरू सामना गर्नुभएको थियो ? यदि थियो भने, ती के के थिए ?

८. तापईले भोगेका चुनौती वा अवरोधहरूको परिवर्तन वा सुधारका लागि केहि प्रमुख सुझावहरू के के होलान् ?

९.सरकारी अनुदान बाहेक तपाईले अन्य निकायहरूबाट अन्य थप अनुदानहरू प्राप्त गर्नुभएको छ ? यदि छ भने, त्यो पहिलेकै क्षेत्र र उद्देश्यको लागि थियो वा फरक क्षेत्रको लागि थियो ?

१०.तपाईले अनुदानको दोहोरोपनका बारेमा सुन्नु भएको हुन सक्छ, यस्तो अवस्थालाई कम गर्न तपाईका प्रमुख सुझावहरू के के छन् ?

## अनुसूची ९: स्थलगत अध्ययनका क्रममा देखिएका कृषि अनुदान सम्बन्धी तस्वीरहरू



चित्र३: कृषि ज्ञान केन्द्र कास्की बाट ५० % अनुदान बाट स्थापना गरिएको व्यवसायिक भैसी फर्म



चित्र ४: कृषि अनुदान पश्चात भईरहेको कार्य प्रगतीको अवलोकन (गण्डकी प्रदेश, कास्की)



चित्र ५:कृषि क्षेत्र विकास परियोजनाको ५० % अनुदान सहयोगमा तयार भएको दुध संकलन केन्द्र ( उत्तरगंगा, सुर्खेत)



चित्र ६:भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (कर्णाली प्रदेश) ले अनुदान सहयोगमा तयार गरिएको तरकारी ब्लक (बिरेन्द्रनगर-९, तिलपुर)



चित्र ७:कृषि ज्ञान केन्द्र, मकवापुर को ७५ % अनुदानमा व्यवसायिक टमाटर खेति गर्न तयार भएको प्लास्टिक टनेल



चित्र ८:कृषि अनुदान कार्यक्रमबाट लाभान्वित कृषक समूहहरु संग कृषि अनुदानमा भएका व्यवस्थाप्रतिको बुझाई, अनुभव, अनुदानको पहुँचमा सहजताको अवस्थााका बारेमा छलफल

| | |
|---|---|
| <br>चित्र ९:कृषि अनुदान कार्यक्रमबाट लाभान्वित कृषक संग कृषि अनुदानमा भएका व्यवस्थाप्रतिको बुझाई, अनुभव, अनुदानको पहुँचमा सहजताको अवस्थााका बारेमा छलफल | <br>चित्र १०:राक्सीराङ्ग गा.पा, मकवापुर  को ७५ % अनुदानमा तयार भएको गोठ सुधार कार्यक्रम |

नेपाल सरकार

राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमांडौ